कथा नवरत्न

रुपनारायण सिंह

लेखकबाट

नेपाली भाषा नेपालीहरूको अनमोल रत्न हो। नेपाली भाषा राजाभन्दा, राष्ट्रभन्दा, मातृभूमि नेपालभन्दा उत्कृष्ट हो। आज नेपाली राज्य, राष्ट्र र राजा नेपाली भाषा नबनिएको भए हुने थिएनन्।

तसर्थ प्रत्येक नेपालीले नेपालमा होस् अथवा भारतमा होस् नेपाली भाषाको सेवामा आफ्नो जीवन उत्सर्ग गर्नुपर्छ।

नेपाली भाषाले संसारको कुनै भाषासित दाँजा राख्न सक्छ। कारण, यो भाषा दरबारको भाषा हो, पण्डितहरूको भाषा हो, वीर सिपाहीहरूको भाषा हो हाम्रा हली-कोदाले दाज्यू-भाइ, दिदी-बहिनीहरूको भाषा हो। यो भाषा दिन प्रतिदिन बढ्दै छ—यो जीउँदो भाषा हो। यो भाषाको भविष्य महत् छ।

आज भारतका विख्यात प्रादेशिक भाषा बंगला र गुजरातीका समक्षमा यो भाषाले प्रतिद्वन्द्विता गर्न नसक्ला। तर भोलि, अनतिदूर कालमा नेपाली भाषा भारतका भाषाहरूमा प्रमुख गनिनेछ भन्ने हाम्रो दृढ विश्वास छ।

नेपाली भाषा, नेपाली साहित्य, नेपाली संस्कृतिको खोजी, अन्वेषण, समालोचना र चर्चा गरेर नेपालीहरूको जीवन सर्व-प्रकारले सुखी र खुशी पार्ने भारतीमाथि भार छ।

× × × ×

भारती

वर्ष १, अंक १, जून १९४९

रूपनारायण सिंह

विषय-सूची

कथा		पृष्ठ
१.	पुष्पराग	१
२.	जिम्मावारी कसको ?	१३
३.	बिग्रेको बाहुन	२६
४.	बितेका कुरा	३६
५.	आमा	५६
६.	धनमतीको सिनेमा-स्वप्न	७३
७.	मिस्टर एच० बी० ब्यास्नेट	६१
८.	विध्वस्त जीवन	११०
६.	हत्याकारिणी (?)	१२१

धन्यवाद

यो 'कथा नवरत्न'—मा छापिएका १ देखि ७ सम्मका कथाहरू निम्नलिखित पत्र-पत्रिकाहरूमा पनि प्रकाशित भएका हुन्—

१. पुष्पराग—शारदा (वर्ष १४, अंक ६-७, २००५)
२. जिम्मावारी कसको ?—भारती (वर्ष १, संख्या ७, १९४९)
३. बिग्रेको बाहुन—साहित्य स्रोत (वर्ष ३, अंक २, २००६)
४. बितेका कुरा—गोर्खा (पूजा-अंक, १९४८)
५. आमा —गोर्खा (स्वतन्त्रता-अंक, १९४८)
६. धनमतीको सिनेमा-स्वप्न—खोजी (वर्ष १, अंक १, २ र १०, १९४०-४१)
७. मिस्टर एच० बी० ब्यासनेट—खोजी (सम्मेलन-वार्षिकोत्सवाङ्क, १९४०)

उक्त पत्र-पत्रिकाका प्रकाशकहरूलाई धन्यवाद दिंदै पाठक-पाठिकाहरूको मनोविनोदका निम्ति अरू दुइ नयाँ कथाहरू थपी पुस्तक-आकारमा कथा नवरत्न प्रकाशित गरेको छु। यसले कथा-साहित्यको प्रचारमा अलिकता पनि मदत भए म मेरो परिश्रम सफल भएको ठान्नेछु।

रूपनारायण सिंह

प्रकाशकीय

स्वर्गीय रूपनारायण सिंहको यो 'कथा नवरत्न' उही पुरानै कथा नवरत्न हो। तर यी कथाहरू पुराना भएर पनि अतीव नयाँ छन्, नयैं रहनेछन्, पुराना हुँदैनन्। भाषा टाठा छन्, भाव स्वच्छ र स्वच्छन्द; जातीय जन-जीवनका ऊँच-नीच, अड्बे-खड्बे, बेमेल-विकार र दीन-हीन अवस्थामा सुधार ल्याउने र भाषाको सेवा गर्ने उद्देश्य स्पष्ट छ। यी निःस्वार्थ, निर्विकल्प कथाहरू सबैको चेतनालाई घच्घच्याउने, मार्मिक र हृदयस्पर्शी छन्। त्यसैकारण यी कथाहरूको संग्रह 'कथा नवरत्न' छापिएको अल्प समय-भित्रै अप्राप्य भइहाल्यो, हारालुछ भए, केटाकेटी-हरूका माझमा 'ब्याडवरी' जस्तै। तर कति कारणले यतिका वर्षसम्म दोस्रो संस्करण निस्कन सकेन।

लेखक वा कवि बन्नु महान् कुरो हो। जन-उपयोगी उपन्यास, कथा, कविता, निबन्ध आदि लेखेर, साहित्यको सृजना गरेर समाजको र भाषाको सेवा गर्नु झन् महान् कुरा हो। तर सबैको भाग्यमा त्यो कहाँ ? मैले चाहिं स्वर्गीय रूपनारायण सिंहका कीर्तिहरू क्रमशः प्रकाशमा ल्याई भाषा र जातिको सेवा गर्ने विचार लिएको छु। 'भ्रमर' केही अघि प्रकाशित गरें। सबैले यसको सहृदय स्वागत गरे—म प्रभावित भएँ, उत्साह झन् बढ्यो। अहिले 'कथा नवरत्न' टक्र्याइरहेछु। यसमा पनि उत्तिकै उत्साह पाए अरू पनि चाँडै तपाईंहरूको सेवामा टक्र्याउनेछु।

यस कार्यमा मलाई सक्रिय सहायता दिने श्री एच० बी० छेत्री र श्री जगत् छेत्रीप्रति म कृतज्ञ छु।

प्रकाशक

मई १६, १९७१

दार्जीलिङ

कथा नवरत्न र कथाकार
रूपनारायण सिंह

'कथा नवरत्न' फेरि छापिँदै छ भन्ने सुनेर अत्यन्त आनन्द लाग्यो 'भ्रमरको' अनिकाल सकियो, 'कथा नवरत्न' को पनि अब अभाव नरहने भयो। स्व० रूपनारायण सिंह झैं नेपाली साहित्यको एक अद्‌भुत कलाकारको, यी पुस्तकहरूको अभावमा, आधुनिक युगले मूल्याङ्कन गर्न नसक्ने अवस्था थियो। अरूबाट सुनेको र उनका पुराना एक-दुइ कथा वा लेख पढ़ेर मात्र त्यसै सिंहजीको विषयमा आजको युगले एउटा भावना बनाइराखेको थियो। तर अब यी दुइ पुस्तकहरू पढ़ेर सबैले उनलाई राम्ररी चिन्न सक्नेछन् अौ उनको मूल्याङ्कन गर्न सक्नेछन्।

कथा-नवरत्नको प्रथम संस्करण १९५९ मा 'मणि-प्रिन्टिङ प्रेस, दार्जीलिङ'मा छापिएको थियो अौ सिंहजी स्वयं यसका प्रकाशक थिए। त्यस जमानामा कथा-संग्रहहरू छापिनु ठूलो कुरो थियो। पाठकहरू त्यत्ति थिएनन्। शिक्षितहरूकै संख्या पनि औंलामा गन्ती हुन्थ्यो। तर पनि प्रथम संस्करणको १०००–२००० प्रति यो २०–२१ वर्षमा सकिएर पुस्तक अप्राप्य हुनु स्वाभाविक हो। त्यसमा पनि सिंहजी झैं सिद्धहस्त कथाकारका 'कथा नवरत्न' झैं पुस्तक हात-हातमै बिक्री हुनुपर्ने भयो।

'कथा नवरत्न'मा नव कथाहरू संग्रहीत छन्। 'विध्वस्त जीवन' र 'हत्याकारिणी' बाहेक अरू जम्मै कथाहरू १९४० देखि १९५० को बीचमा विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन्। यस-उसले सिंहजीले यही दश वर्ष बीच यी जम्मै कथाहरू लेखेका हुन् भन्न सकिन्छ। कारण; उनका नजीकका साथी वा सहयोगीहरूको भनाइ-अनुसार उनले केही लेखेर पछि छापुँला भन्ने कहिल्यै सम्झेनन्। बरु प्रेसमा छाप्ने सामग्री नै नभएर उनको घरमा प्रकाशक वा सम्पादकहरू धाउन थालेपछि मात्र

उनले रचना तयार गरेर दिने गर्थे । फेरि कुनै रचना पनि उनले धेरै समय लगाएर लेखेनन् । यसैले जोग्रीमा १६४० मा छापिएको उनको 'मि० एच० बी० ब्यास्नेट' त्यो समयभन्दा अघि लेखिएको होइन । त्यही साल उनले 'धनमतीको सिनेमा-सपना' पनि लेखे । त्यसपछि १६४८ मा 'आमा', 'बितेका कुरा' र 'पुष्पराग' लेखे । १६४६ मा 'बिग्रेको बाहुन' र 'जिम्मावारी कसको' लेखे । संग्रहमा प्रथमपल्ट प्रकाशित अरू दुइ कथाहरू १६४६ वा १६५० मै लेखिएको हुनुपर्छ ।

प्रत्येक लेखकलाई आफ्नो युगको वातावरण, रीति-थीति विचार र चाल-चलनले प्रभाव पारेको हुन्छ अनि त्यही प्रभावले उसको रचना रँगिन्छ । रूपनारायणज्यूका कथाहरूमा पनि त्यो सत्य भएको छ अनि उनका कथाहरू पढेर हामी १६३० देखि १६५० बीचको दार्जीलिङे समाजको चित्रण पाउँछौं । उनको राजनैतिक दलको प्रसंग लिएर लेखिएको कथा 'आमा' त्यस प्रकारको सर्वप्रथम प्रयोग हो भनी डा० बरालले पनि स्वीकार्नुभएको छ ।

दार्जीलिङका विभिन्न संस्था समितिहरूसँग सम्बन्धित भएकाले सिंहजीको जीवन व्यस्तताले पूर्ण थियो । तर त्यस्तो व्यस्त जीवनबाट पनि उनले साहित्यको निम्ति समय निकाले अनि सक्दो सेवा गरे । यो कथा-संग्रह प्रकाशित गर्नुमा पनि उनको साहित्यकै प्रचार मुख्य ध्येय थियो भन्ने कुरा पुस्तकमा उनले लेखेका यी लहरहरूबाट स्पष्ट हुन्छ— '……यसले कथा-साहित्यको प्रचारमा अलिकता पनि मदत भए म मेरो परिश्रम सुफल भएको ठान्नेछु ।' तर उनको साहित्यले पुरातनकै पुच्छर समातेर बसेन, परन्तु युगको माँगलाई बुझ्यो अनि त्यही अनुसार उनले साहित्य रचना गरे । उनी क्रान्तिकारी थिए, उनले साहित्यबाट समाजलाई विद्रोह गर्न सिकाए अनि समाजको थोत्रो नियमको खिल्ली उड़ाए । उनी दुइ विश्व-युद्धको चेपारोमा हुर्केका एक अद्भुत प्रतिभा थिए ।

सिंहजीका लघु-कथाको विषयमा केही लेख्न - अघि लघु-कथाकै

सम्बन्धमा केही लेखिनु आवश्यक छ। लघु-कथामा आधुनिक विभिन्न प्रयोगलाई हेरेर अब स्पष्ट भन्न सकिन्छ कि आजको लघु-कथा यस्तै हुनुपर्छ भन्ने कुनै नियम बनाउन सकिँदैन। यसको फैलावट र विभिन्नतालाई कुनै एउटा फर्मुलामा बाँध्न असम्भवै हुन्छ। आधुनिक कथाकारहरूले यसमा नवीन र विभिन्न प्रयोग गरिसकेका छन् औ अकथा जस्तो कथा पनि तयार भइसकेको छ। यत्ति हुँदा-हुँदै पनि आधुनिक कथालाई छोट्करीमा व्याख्या गर्नुपरेको खण्डमा यतिसम्म भन्न सकिन्छ कि—'लघुकथा त्यो हो जसले कुनै एक स्थिति (Situation)-बाट झिकिएका केही घटनाहरूको भावनात्मक विवरण दिन्छ औ जसलाई पढेर पाठकमाथि प्रभावको ऐक्य (Unity of effect) हुन्छ।' लघुकथा जीवनको प्रतिबिम्ब होइन, बरु यो कुनै एक विशेष क्षणको प्रतिबिम्ब मात्र हो। यसरी यसमा सम्पूर्ण वृत्तान्त हुँदैन, तापनि यो अधुरो घटना होइन—यो आफैमा पूर्ण हुन्छ।

लघुकथालाई आधुनिक अर्थमा यसरी उम्याएपछि सिंहजीका कथाहरूलाई, जुन यो 'कथा नवरत्न'मा संग्रहीत छन् उही कसीमा राखी हेर्नु जरूरी छ। आजभन्दा १६/१७ वर्ष-अघि परलोक भएका तथा आजभन्दा ३०/३५ वर्ष-अघि उनले लेखेका कथाहरू आज पनि आधुनिक कथा गनिन सकिनु सिंहजीको अद्वितीय सफलता हो। कथा कुनै क्षणको प्रतिबिम्ब तथा भावनात्मक विवरण हो भनिने तथ्य उनमा कति मिल्न गएको छ। उनका 'आमा', 'बितेका कुरा' तथा 'विध्वस्त जीवन' उपन्यासको परिपाटीमा लेखिएका कथाहरू छन्। यत्तिका वर्ष बितेर पनि उनका कथाहरू त्यत्तिकै स्वादिला रहनु सिंहजीको कलाकारिता, सिद्ध-हस्तता तथा सफल प्रयास हो। यसरी शाश्वत साहित्य नै चिरनूतन भइरहन्छ औ यही चिरनूतनता महान् साहित्यको कसी हो, जसले साहित्यकार अमर रहन्छन्।

सिंहजीका कथाहरू वर्णनात्मक शैलीमा लेखिएका छन्। कथा

नवरत्नको प्रथम संस्करणको वक्तव्यमा श्री पारसमणि प्रधान लेख्नुहुन्छ—'फेरि जीवनको स्वाभाविक घटना लिएर लेखिएको कथाले पाठक-पाठिकाहरू जतिको प्रभावित हुन्छन् उतिको अरू कथाले हुँदैनन्।' यस कुरामा प्रस्तुत कथा-संग्रहका कथाकारले यथेष्ट ध्यान दिएका छन्। असल कथाका कथोपकथन मनोवैज्ञानिक र चिटिक्क परेका साना वाक्यले विभूषित हुन्छन्। यस कुरामा रूपनारायण सिंहको कलम सिद्ध छ। सरलता र तरलताको बारेमा हाम्रा कथाकार सिद्धहस्त छन्......।' फेरि उनका कथाहरू-विषयमा डा० बराल पनि लेख्नुहुन्छ—'रूपनारायणका कथामा प्रगतिशील आधुनिक कथा - शैलीको परिपाटी हुनाले सामाजिकताको साथै रतिरागको मनोवैज्ञानिक विश्लेषण अत्यन्त सजीव भएको छ। चरित्र-चित्रणमा पनि त्यस्तै स्वाभाविकता छ।......' 'बितेका कुरामा' रतिरागको सुन्दर आधुनिक दृष्टिकोण छ।'......उहाँका कथामा त्यस समाज (दार्जीलिङ-समाज)-को परिचय, सामाजिक आचार-विचार, रहन-सहन र चाल-चलन बड़ो यथार्थ रूपको भएको छ।'

उपन्यास पहिले लेखेर अनि कथामा उत्रने सिंहजी एक अनौठो उदाहरण हुन्। यसैले कथा लेख्दा उनमा पूर्ण तरहले प्रौढता आइसकेको थियो। यसरी उपन्यासमा अव्वल रहेका सिंहजी कथामा पनि अव्वल रहे। हुनता उनले धेरै कथा लेखेनन्, (नवरत्नमा भएका यी नव कथाहरू-बाहेक उनका अरू कथा देखिएका छैनन्)। तर उनले जति कथा लेखे ती सबै अमूल्य छन्। उनको प्रत्येक कथाकै आ-आफ्नै विशेषता छ। यी कथाहरू घरि-घरि पढ़ेर पनि रसिलै छन्, अमन हुँदैन। यी-बाहेक त्यस समयमा लेखिएका यी कथाहरू यत्ति मौलिक र नयाँ 'टेक्निक' मा हुन सक्नु सिंहजीको विद्वत्ता, विचारको आधुनिकता र कुशल सीपकारको परिचय हो।

अंग्रेजी, बंगला, नेपाली र हिन्दी साहित्यको उच्च ज्ञाता स्व० सिंहजी अंग्रेजी गल्प-साहित्यमा थोमस् हार्डीबाट विशेष प्रभावित थिए अो फ्रांसिसी

साहित्यका अनातोले फ्रांसले उनको हृदय समाएको थियो। त्यसरी नै बंगला साहित्यका बंकिमचन्द्र र शरत्चन्द्र उनका प्रेरणा-स्रोत थिए। यी प्रभावले नै हामी उनको कथामा कल्पना र यथार्थको मनोरम संगम भएको पाउँछौं। बंगला साहित्यकै प्रभावले उनले संस्कृतका तत्सम शब्दहरूको नेपाली भाषामा सफलतापूर्वक प्रयोग गरे। यसरी नेपाली-साहित्यमा एक नवीन भाषा र शैलीको प्रयोग गरेर उनले यसलाई रसिलो बनाए ओ धनी तुल्याए। साँच्चै उनको भाषा यत्ति स्वादिलो छ कि उनी कहिल्यै पुरानो हुँदैनन्। शैलीमा उनी समस्त नेपाली लेखकहरूमै उच्च र मान्य छन्।

सिंहजीको अर्को विशेषता थियो कथामा उपन्यासको गठन ओ थोरै शब्दमा धेरै कुरा भन्न सक्नु। यो उपन्यासको गुण हो, तर उनको यो कलाले कथालाई पनि रोचक बनाउन सकेको छ। अझ उनको उपमा, अनुप्रास आदि अलंकार त नेपाली साहित्यको निम्ति एउटा नयाँ शैली किंवा प्रयोग नै भएको छ। उपमा दिनु र अनुप्रास चलाउनुमा सिंहजी साँच्चै अनुपम छन्। उनको—'षष्ठीको चन्द्रमाले झलमल्ल पारेर झ्यालमा आफ्नो प्रभा फिंजाइन्, तर सौन्दर्य्य त्यसको अंग-प्रत्यंगबाट उम्लेर पोखिइरहेको छ, तरुणीले राम्ररी हेरी, जौहरीले पत्थर पारख गरेझैं; इञ्जिनले······मदोन्मत्त मदोत्कट झैं वेग हान्यो, कोठामा सुटुक्क पस्यो—प्वालभित्र मूसो पसेजस्तो, लम्पट सुरेन बाबू भाग्यो-कुकुरले लखेटेको सियाल झैं आदि उपमा अलंकारहरू ओ हद्दको हटी; प्यासी पुष्पकीट; कलमुखा, काठे ज्यामिर; पोखराजको पिता पुष्पजीवी; पिल्पिलाउँदा, पिलन्धरे, पूँवाले पगरी, पछ्यौरा र पटुका त्यसका परापूर्वका पहिरन आदि झैं अनुप्रास—कसैले भुल्न सक्तैनन्।

सिंहजीले कथा पनि अन्धाधुन्धमा लेखेनन्। कथा - विषय उनको भनाइ यस्तो थियो—'यौटा व्यक्तिको जीवनमा एउटा विशेष घटना अथवा एउटा विशेष अनुभूति चित्रण गरी यथार्थ-रूपमा देखाउनु नै गल्पको मुख्य

ध्येय रहन्छ।' सुचतुर गल्प लेखकको हातमा कुनै गल्पले पनि तीनवटा वैशिष्ट्य धारण गर्छ—उपन्यासको वर्णन, नाटकको ढाँचा ओ कविताको मधुरभाव। गल्पको आनन्द हुन्छ शान्त र स्थायी। उक्त भनाइ उनका कथाहरू पढ्दा पूर्ण रूपले साकार भएको हामी पाउँछौं। 'पुष्पराग' होस् वा 'नि[illegible]रम्न जीवन', 'बितेका कुरा' होस् वा 'धनमतीको सिनेमा-सपना', 'हत्याकारिणी' होस् वा 'आमा'—पढेर पाठकको हृदय रमाउँछ ओ अमिट रंग लिएका कथाहरू भनी तिनलाई स्वीकार्न कर लगाउँछ। फेरि 'मिस्टर एच० बी० ह्यास्नेट' झैं एकदमै नयाँ ढाँचा र विषयवस्तु भएको कथा प्रस्तुत गरेर सिंहजीले नेपाली कथा-साहित्यलाई धनी तुल्याए। उनका पछि धेरै कथाकारहरूले त्यस ढंगका कथाहरू लेखे। उनको 'बिग्रेको बाहुन' र 'जिम्मावारी कसको' पनि समाज सुधारको दृष्टिकोणले लेखिएका असल कथाहरू हुन्।

सिंहजीको महत्त्व यसमा पनि छ कि नेपाल सँगसँगै उपन्यास र कथा साहित्यमा कलम चलाउने प्रथम दार्जीलिङे उनी नै हुन्। सिंहजी झैं प्रतिभा भएको व्यक्ति नभएका भए साहित्यमा दार्जीलिङ धेरै पछि हुने थियो। यस दृष्टिकोणबाट पनि उनको देन अद्वितीय छ।

पद्माकर
ज़ार गुड्डी रोड, दार्जीलिङ

(जगत्छेत्री)

कथा
१

पुष्पराग

एक :

पोखराजका पिता पुष्पजीवी। पिल्पिलाउँदो पिलन्धरे। पुवाँले पगरी, पछ्यौरा र पटुका त्यसका परापूर्वदेखिको पहिरन।

पोखराज छे परी जस्ती। पुष्पसार हो कि पुष्पराग भन्ने भान हुन्छ त्यसलाई हेर्दा। त्यसैले पाँच वर्षकी हुँदा मालिक्नीले मालीकी मखमल जस्तो मुख भएकी, छोरीलाई पहिलोपल्ट देख्दा भनिथिन्, "कति राम्री केटी, पोखराज जस्ती!" त्यही दिनदेखि त्यसको नाउँ भयो "पोखराज।"

पुष्पमणि पोखराजको दौंतर। एकलो छोरो आमाको साह्रै प्यारो। पुलपुल्याउँछिन्, मनमानी गर्न दिन्छिन्। श्रौ मालीकी छोरी पोखराजलाई पनि आफ्नै सन्तान जस्तो गर्छिन्।

मालीले धेरै दिनदेखि सञ्चय गरेको पैसाले एक दिन चाँदीको पाउजेब किनी दियो। पाउजेब लाएर छमछम् गर्दै पोखराज दगुरी। मालिक्नी पूजाकोठामा थिइन्। सरासर भित्र पसेर त्यसले भनी, "हेर मणि! मेरो पाउजेब।" उफ्रिएर छमछम् गर्न थाली।

पूजाकोठेले हप्कायो, "भत् पर जा! भण्डै पूजाका सराजाम छोएकी यस चुल्बुलेले।"

पोखराजले रुन मुख बाई। मालिक्नीले त्यसलाई आफ्नो छेउमा बसाएर भनिन्, "कठैबरा! यस्ती फूल जस्ती शुद्ध बालिकाले छोएको सराजाम ईश्वरले किन नलिने हुन् नि! यो पूजाकोठे पनि कस्तो शुद्धिको रहेछ।"

मणिले भन्यो, "आमा! मलाई पनि त्यस्तै चाचा किनिदिनोस्!" आमाले हाँसेर भनिन्, "हत्तेरी हुस्सु, लोग्ने-मान्छेले पनि त्यस्तो गहना लाउनु हुन्छ?"

हस्स-न-बस्स परेर मणिले अनुहार बिगार्‍यो। पोखराजले तुरन्तै एउटा पाउजेब फुकालेर मणिलाई दिई। मालिक्नीले त्यो देखेर भनिन्, "देखिस् पूजाकोठे! मालीकी छोरी भनेर हुन्छ! जस्तो रूप लिएर जन्मेकी छ, गुण पनि उस्तै छ।"

एक-एक गोडामा पाउजेब लाएर दिनभरि दुई पुष्प-उद्यानमा छम्छम् गर्दै दगुरी हिंडे। कहिले पिचकारीले फूलमा पानी हाल्छन्। कहिले मालीका आँखा छलेर फूल टिपेर लुकाउँछन्। मणि रूखमा चढ्छ। पोखराज भन्छे, "के खोजेको हँ?" मणि भन्छ, "जान्दिनस्, यो पीपलको रूखमा पिपिराको गुँड छ।" पोखराज भन्छे, "हँ; चराको फुल ननिकाल है, म मालिक्नीलाई भन्दिन्छु।" मणि भन्छ, "जान भन्दे। को डराउँछ?" पोखराज भन्छे, "म हात जोड्छु। पाप लाग्छ–बिचरा पिपिरा।" मणि हाँस्दै ओर्लन्छ।

× × × ×

पोखराज भएकी छ पुष्पिता, कुसुमिता। पुष्पमणि भएको छ हृष्टपुष्ट युवक। ओठमा मिहीन जुँघा, आँखामा बैंसको जोश।

भेट हुँदा पोखराजलाई अँगालो हालेर पुष्पमणि बोल्दछ, "मेरो

माया लाग्छ ?" पोखराज मणिलाई घँचेटेर भन्छे, "हत् ! लाज लाग्दैन ?"

दुवैका आँखाले परस्परलाई हेर्छन् । मणिको अनुहार रातो हुन्छ, वासनाको आवेगले । पोखराजको अनुहार रातो हुन्छ, माया र लाजले ।

मालिक्नीले मालीलाई डाकेर एक दिन भनिन्, "पोखराजको अन्न बिहे गरि नदिने ?"

मालीले भन्यो, "पोखराजलाई हजूरले छोरी जस्तै पालिबक्सियो । म के भनूँ ? जस्तो मालिकहरूको मर्जी ।"

मालिक्नीले भनिन्, "राम्रो वर खोज ! बिहे-खर्च म दिउँला ।"

मालिक्नीको यो कुरा सुनेर माली हर्षले गद्गद भयो । पोखराजको अनुहार पहेंलो भयो औ पुष्पमणिको वासना झन् प्रबल भयो ।

पिता-माता दुवैको इच्छा थियो पुष्पमणिलाई कॉलेजमा पढ़ाउन विदेश पठाउने, तर पुष्पमणिले हठ गर्‍यो पल्टनमा जान्छु भनेर । आखिर जिद्दी छोराको कुरा आमा-बाबुले मान्नैपर्‍यो । सरकारी आफिसरको छोरोले हिन्दुस्थानी पल्टनमा सहजै कमिसन पायो ।

नौ महीनापछि लेफ्टनेण्ट पुष्पमणि घर फर्क्यो । त्यसको बलिष्ठ शरीर झन् बलियो भएको छ । ओठको मिहीन जुँघा बाक्लो कालो भएको छ । हिंड़ाइमा छिटोपन छ—फूर्ति छ । आँखामा बैंसको जोश अझ बढ़ेको चिटिक्क परेको पल्टनियाँ बर्दी लाउँछ ।

आमा भन्छिन्, "लौ छोराको बिहे गरिदिनुपर्छ । रत्नमान साहूकी छोरी हेर्नमा पनि हदकी राम्री छ रे, पढ़े-लेखेकी पनि । फेरि शील-स्वभाव पनि असलै भएको ।" पिता भन्छन्, "सोधिहेर तिम्रो छोरोलाई । उसको के छ विचार ।"

पुष्पमणि भन्छ, "यति चाँड़ै को बिहे गर्छ—म मेजर त हूँ । त्यसपछि बिहे ।" मुसुमुसु हाँस्दै आँखा चिम्लेर के सोच्न थाल्छ । आमा हैरान हुन्छिन् ।

पल्टनमा फर्कन दशै दिन बाँकी छ। आमा-बाबु दुवै सात दिनका लागि कलकत्ता गएका छन्। पिताको आँखा डाक्टरलाई जाँच गराउने निहुँ गरेर। असलमा बूढाबूढी गएका छन् रत्नमानकी छोरी हेर्न। पुष्पमणिलाई यो थाहा छ।

पुष्पमास (वसन्त)-को पहेंलो घाममा पुष्पाभरणा पोखराज पुष्पवाटिकामा पल्टेर के विचार गरिरहेकी छ। पीपलको रूखमा पिपिराका जोडाले आजकल गुँड लाउन छोडेका छन्। जुरेलीको त्यहाँ गुँड छ। जुरेलीका दम्पतीले गुँड लाएको, ओथा बसेको, बचेरा हुर्काएको ठूलो चाख मानेर पोखराज सधैं हेर्छे। च्याउँच्याउँ गर्ने बचेरालाई कीरा खोजेर आमा-बाबु खुवाउँछन्। अलिक पछि तिनलाई उड्न सिकाउँछन्— बाज र चील जस्ता शत्रुहरूदेखि बचाइराख्छन्। पोखराजको छातीमा मातृत्वको पवित्र भाव अंकुराएर उठ्छ।

जङ्गी पोशाक लाएको पुष्पमणि एउटा छोटो बेत हल्लाउँदै पोखराजको छेउमा आएर बस्यो। पोखराज हत्तपत्त उठेर अल्लि पर बसी। पुष्पमणिले मधुर स्वरमा भन्यो, "तिमी आजकल हाम्रो घरमा किन आउँदिनौ ?"

माली नजीकै फूल गोड्दै थियो। पोखराजले केही भन्न नैनपाई मालीले भन्यो, "मालिक्नीले उसको बिहेको कुरो उठाएको दिनदेखि यो पोखराज उहाँ जानै छोडी। दिनभरि पल्टेर के सोचिरहन्छे— रहन्छे ?"

पोखराज लाजले भुतुक्क भएर त्यहाँबाट घरतिर भागी।

पुष्पमणि पनि मुसुमुसु हाँस्दै त्यहाँबाट हिँड्यो।

मालीले गुनगुनाउँदै भन्यो, "बिहे गर्दिन रे ! गर्दिनँ भन्छे।"

"पोखराज बिहे गर्दिनँ, पोखराज बिहे गर्दिनँ भन्छे" यही कुरा गर्दै पुष्पमणि घरतिर लाग्यो।

"पोखराज मलाई साँच्चै माया गर्दिरहिछ—पोखराज मेरी रहिछ"

भन्ने कुरा पुष्पमणिलाई पूर्ण विश्वास भयो। विश्वास भएर पुष्पमणिले आफूलाई धन्य ठान्यो।

मालिकको घरदेखि निकै टाढ़ा, फाटकको छेउमा मालीको सानो घर थियो। दुइटा कोठा र एउटा सानो भान्सा-घर। दश बजे राती पुष्पमणि त्यहाँ पुग्यो।

पोखराज भूइँमा बसेर के पढ्न लागिरहिथी। झ्यालनेर उभिएर पुष्पमणिले भन्यो, "पोखराज !"

पोखराजले तर्सेर हेरी। झ्यालअगि पुष्पमणिलाई देखेर त्रस्त भई। भयार्त कण्ठमा त्यसले भनी, "मणि ! तिमी त्यहाँ के गर्दै छौ ?"

ढुकढुक गर्ने मुटु र छिटछिटो चल्ने श्वासले आकुल भएको पुष्पमणिले भन्यो, "तिम्रो त्यो सुन्दर मुख-कान्ति हेर्दै छु।"

पोखराजले औंलाले मुख छोपेर भनी, "चुप लाग—बा पल्लो कोठामा हुनुहुन्छ।"

पुष्पमणिले साउती गरेर भन्यो, "सुन-न मेरो कुरा।"

षष्ठीको चन्द्रमाले झलमल्ल पारेर झ्यालमा आफ्नो प्रभा फिँजायो।

पोखराजले भनी, "जाऊ यहाँबाट।"

पुष्पमणिले भन्यो, "जान्नँ। ढोका उघारिनौ भने यहीं सेरिएर मर्छु।"

पोखराजले मुस्केरा हालेर भनी, "कस्तो फसाद !"

पुष्पमणिले त झन् अघि बढ़ेर सूक्ष्म स्वरले भन्यो, "सत्ते, सेरिएर मर्छु।"

पोखराजले ढोका उघारी। पुष्पमणि भित्र पस्यो।

हजारौं वर्षदेखि संसारमा जे भएर आइरहेको छ, त्यही भयो। हृदयमा मातृत्वको पवित्र भाव सधैं खेलिरहने भरखर कुसुमित भएकी युवती औ वासनाको तृप्ति खोज्ने बलियो युवक।

मालीकी छोरी—तर त्यसको रूप, त्यसको सौरभ, त्यसको सौन्दर्य, लालित्य र माधुरी ! पुष्पमणिले पोखराजको पुष्परेणु पान गऱ्यो, प्यासो पुष्पकीटले झैं।

पोखराजले संकोचविहीन आत्मसमर्पणमा विश्वको आदि, विश्वको स्थिति र विश्वको अनन्त इतिहासको अशेष तृप्ति अनुभव गरी।

सृष्टि र संसार यसरी चलिआएका छन्—अन्तसम्मन् यसरी नै चलिरहनेछन्।

नर-नारीको प्रेम सृष्टिको समाप्ति हुँदा मात्र समाप्त हुन्छ।

बिहानपख पोखराजको कोमल गालालाई छातीमा दबाएर पुष्पमणिले सोध्यो, "मेरो माया कति लाग्छ, पोखराज ?"

अर्धनिद्रित आँखा बिस्तारै उघारेर पोखराजले उठ्दै भनी, "कसरी बताऊँ, कति माया लाग्छ ?"

पुष्पमणिले पोखराजको कालो केशराशि सुम्सुम्याउँदै भन्यो, "पोखराज, मेरी प्यारी पोखराज !"

उम्कन लागेकी पोखराज फेरि पुष्पमणिको छातीमा टाउको झुकाएर सुखसपनामा विभोर भई।

पुष्पमणिको वासना भाग्यो—हजारौं कोश टाढा। गहिरो प्रेमले त्यसको हृदयमा अंकुर जमायो।

दुइ :

मालिक र मालिक्नी कलकत्ताबाट फर्के। तीन दिनपछि पुष्पमणि पटनतिर लाग्यो। आमाले अत्यन्त आतुर भएर भनिन्, "एकचोटि कन्यालाई त हेर, बा ! कस्ती सुन्दरी—बत्तीस लक्षणले युक्त भएकी !"

पुष्पमणिले भन्यो, "कन्या म आफै रोज्छु।" त्यसको ओठमा सधैंको त्यो मृदु हास्य थिएन। त्यसका आँखामा बैंसको जोश थिएन। पुष्पमणिको मुख थियो गम्भीर—आँखामा थियो अठोट संकल्प।

आमा रोइन्, कराइन्। आमाले लड़ीबुड़ी गरिन्। तर पुष्पमणि अचल रह्यो। त्यसको हृदय बारम्बार भन्थ्यो, "पर्ख है पोखराज, मलाई पर्ख। मेरी पोखराज!"

पाँच महीनापछि। मालीले मालिक्नीलाई अलि आनाकानी गर्दै भन्यो, "हजूर, बिन्ती चढ़ाऊँ भने...।"

मालिक्नीले भनिन्, "के भयो?"

मालीले झन् बढ्ता आलटाल गर्दै भन्यो, "खोइ, के भनूँ र! बरु मरिगएकी भए हुन्थ्यो।"

मालिक्नीले अलि उत्सुक भएर सोधिन्, "हैन के भयो र त्यसरी आतस खाएको?"

मालीले भन्यो, "अरू के हुन्थ्यो? उही पोखराज। हरे! बुढेसकालमा यो के देख्नु, सुन्नुपर्‍यो!"

बिस्तार-बिस्तार मालीले पोखराजले भनेको वृत्तान्त मालिक्नीलाई सुनायो।

मालिक्नीको निमित्त संसारै अँध्यारो भयो!

"पोखराज दोजिया भएकी छ, हजूर! लप्टन साहेबको......।"

मालिक्नीको विवर्ण मोहडा बूढो माली हेर्न सक्दैन। बाँकी कुरा त्यसको घाँटीमा अड्कन्छ।

"पोखराज दोजिया! पोखराज गर्भिणी!! पुष्पमणि त्यो बनिन लागेको सन्तानको पिता!!!" मालिक्नी आफूसित आफैं छल गर्न प्रयत्न गर्छिन्। "होइन, यो म सपना देखिरहेछु—विपनामा यस्तो कुरो हुने सक्दैन।

मनलाई यसरी प्रबोध दिन चेष्टा गर्छिन्। तर वास्तविक पदार्थ-

Subrat Nepal

हरूले तिनको त्यो आफैंले रचेको भ्रमजाललाई चाँडै हटाइदिन्छन्। सामनेको देवलघडीले टिक-टिक् गर्दै प्रति-सेकेण्ड, प्रति-मिनट घण्टा मिलेर समयको अनन्त गर्भमा जान लागेको सूचना संसारलाई दिँदै छ। सामनै पिलन्धरे पुष्पजीवी शरीर खडा छ। भ्यालनेर पिंजडाको मैना फत्फताइरहेको छ!

पोखराजलाई मालिक्नीले एकचोटि टाउकोदेखि पैतालासम्म हेरिन्। पोखराजका आँखा लाजले विनत छन्। तर ती आँखामा छ तेज, बल, दर्प, करुणा र ममताको अपूर्व समन्वय। "मेरो गर्भमा अजात शिशु छ—अति महत्, अनमोल रत्न। पुष्पमणिको सर्वोच्च दान।" त्यसका अङ्ग-प्रत्यङ्ग सगर्व यी कुरा संसारलाई जनाइरहेका छन्।

मालिक्नीले भनिन्, "पोखराज! तँलाई म आफ्नै छोरी जस्तो गर्थें। मणि र तँ दाज्यू-बहिनी जस्ता हौ। यो तिमीहरूले के गर्‍यौ?"

पोखराजले टाउको निहुराई—पोखराज निःशब्द रही।

मालिक्नीले भनिन्, "यस्तो कुकर्म तैंले किन गरिस्, पोखराज?"

राजहाँसको जस्तो विच्रो तन्काएर पोखराजले उत्तर दिई, "मैले कुकर्म गरिनँ।"

मालिक्नीले असहिष्णु स्वरमा फेरि सोधिन्, "यस्तो पाप्तिएको काम किन तिमी दुइले गर्‍यौ?"

पोखराजले नम्र भावले मुण्टो निहुराएर भनी, "उहाँले मलाई बिहे गर्ने वचन दिनुभएथ्यो।"

मालिक्नीले हेल्चेक्र्याइँसित भनिन्, "बिहे! तँ मालीकी छोरीको पुष्पमणिसित बिहे!"

पोखराजले जवाफ दिई, "उहाँ भन्नुहुन्थ्यो, यस्तो बिहे आजकाल जतासुकै हुन लागिरहेछ।"

मालिक्नीले भनिन्, "कहाँ भएको छ? कसको भएको छ?

पोखराज, तँ जान्दछेस् मणिको बिहे कलकत्ताको लखपतिकी छोरीसित हुने ठीक भएको छ।"

पोखराजले केही भनिन।

मालिक्नीले एकछिन पर्खेर भनिन्, "मणि पल्टनको अफिसर। छिटै कप्तान होला, त्यसपछि मेजर, त्यसपछि जर्नेल। जर्नेलकी स्वास्नी पढ़े-लेखेकी हुनुपर्छ, कुलघरानकी हुनुपर्छ—धनीकी छोरी हुनुपर्छ। मालिककी छोरी हुनुपर्छ! मालीकी छोरी बिहे गर्नेले कहिले त्यस्तो ऊँचा दर्जामा पुग्न सक्छ? ठीकै रहेछ, पालेको चरोले आँखा ठुङ्छ भनेको। अत्र तैंले गर्दा पुष्पमणि बिग्न्यो, नाशियो।"

पोखराजको कमलो मुटुमा तीरले आघात गरेकोभन्दा बढता चोट लाग्यो। तर मौन, धीर भएर कुरा सुनिरही।

मालिक्नीले अलि उत्तेजित भएर भनिन्, "तँलाई भगवान्ले रूप दिएका छन् औ रूप सुहाउँदो गुण पनि दिएका छन्। तर तिमीहरू दरिद्र-दासी, आशे-गाँसे।—मणिकी स्वास्नी भनेर दश जनाका अगि मैले कसरी आफ्नै मालीकी छोरी देखाई हिंडने? भन्न बा, तँ आफै भन्। मैले माने पनि............।"

पोखराजले मालिक्नीका दुवै गोडा समाएर भनी, "सबै मेरै दोष हुन्। माफ दिनोस्।"

मालिक्नीले बेलुका मालीलाई बोलाएर भनिन्, "भन्दिंनू, पोखराज र पूजाकोठेको छोरोले यो कुकर्म गरेछन्। चाहिएभरको रुपियाँ म दिन्छु।"

पिल्पिलाउँदो पिलन्धरेले निहुरेर भन्यो, "जो मर्जी!"

पूजाकोठेको छोरो सर्वप्रथम अल्पियो। मालिक्नीबाट निकै धन गाँजेर त्यो आसामतिर लाग्यो। पूजाकोठेले उसको छोरो र पोखराजले कुकर्म गरे भन्ने कुरा सारालाई सुनायो। पिल्पिलाउँदो पिलन्धरे मालीले केही प्रतिवाद गरेन।

पोखराजले रोएर साता दिन बिताई ।

एक दिन मालिक्नीले दिएको धन लिएर माली पनि पोखराजलाई लिएर कसैले चालै नपाई सुटुक्क सट्कियो ।

× × × ×

महीना दिनको अवसर लिएर घर फर्कदा पुष्पमणिले सबैभन्दा अघि पोखराजको खोजी गऱ्यो ।

मालिक्नीले भनिन्, "राम्री र सुन्दरी भएर के हुन्छ ? आखिर नीच कुलघरानकी न थिई । पूजाकोठेको छोरोसित भिग्री ।"

पुष्पमणि यो कुरा सुनेर भाँगोबाट खसेको झैं भयो । तर एकै मुहूर्त । धीर, संयत कण्ठमा त्यसले सोध्यो, "यो कुरा कसले जाहेर गऱ्यो ?"

मालिक्नीले भनिन्, "अरू कसले गर्थ्यो ? पूजाकोठे र मालीले ।"

"तपाईंले पोखराजलाई सोध्नुभयो ?" व्यग्र भएर सोध्यो ।

"कहाँ सोध्न पाउँथें—पोखराज एक्कासि बेपत्ता भई" मालिक्नीले दाँटेर भनिन् ।

पुष्पमणिले भन्यो, "जबसम्मन् पोखराजको मुखबाट म यो कुरा आफ्नै कानले सुन्दिनँ, सारा संसारले एकमुख भएर भने पनि म विश्वास गर्दिनँ ।"

आमा अधीर भ[illegible] भनिन्, "सारालाई यो थाहा छ ।"

पुष्पमणिले उत्त[illegible]दयो, "पोखराजलाई साराले चिन्दैनन् । मैले मात्र उसलाई चिह्नेको छु ।"

× × × ×

धेरै प्रयत्न गरेर आखिर पोखराज र माली बसेको देहातको मुइँको पाएर पुष्पमणि त्यहाँ पुग्यो।

माली घरमा थिएन। मटानमा एक वर्षको छोरी काखमा लिएर पोखराज बसेकी छ। कति मीठा-मीठा कुरा नानीलाई सुनाउँछे। कहिले कुत्कुत्याइदिन्छे, कहिले गाला बिस्तारै निमोठिदिन्छे। फेरि एउटा हत्केलामा त्यसका साना-साना फूल जस्ता गोडा राखेर छोरीलाई अर्को हातले उभ्याएर "थैथै नानी थैथै" भन्दै नचाउँछे। छातीमा च्यापेर त्यसको सानो शरीरको प्रत्येक अङ्गमा अजस्र म्वाइँ खान्छे।

शिशु र जननीको त्यो प्रेमाभिनय देखेर पुष्पमणिको हृदय पग्ल्यो। गहभरि आँसु पारेर पुष्पमणिले अर्धचित्कार गर्‍यो, "पोखराज !"

पोखराज तर्सी। पुष्पमणिलाई साम्ने देखेर असह्य आनन्दले त्यसको मुखकान्ति झलमल्ल भयो। आनन्दको आवेगमा झण्डै नानीलाई भूइँमा राखेर पुष्पमणिका बाहुमा बाँधिन दगुरी। तर तुरुन्तै उसले आफूलाई सम्हाली।

"मालीकी छोरी बिहे गर्नेले कहिल्यै त्यस्तो ऊँचा दर्जामा पुग्न सक्छ ? तिमीहरू दरिद्र-दासी, आशे-गाँसे।—मणिकी स्वास्नी भनेर कसरी दश जनाका अगि मैले आफ्नै मालीकी छोरीलाई देखाई हिंड्ने।" मालिक्नीका यी वचन त्यसले कहिल्यै बिर्सन सकेकी थिइन। खाँदा, सुत्दा, उठ्दा, बस्दा; सधैं यी कुरा त्यसका मनमा गुनगुन गरिरहन्थे। यी कुरा त्यसले बिर्सिन्थी जब ऊ छोरीलाई काखमा लिएर खेलाउन थाल्थी, छातीमा लुकाएर संसारदेखि त्यसलाई अलग्ग राखेर हुर्काउने सपना देख्थी।

पोखराजले शुष्क स्वरमा भनी, "कहाँबाट आउनुभयो ?"

पुष्पमणिले अगि बढेर पोखराजलाई अँगालो हाल्न खोज्यो। पोखराजले पछि सरेर भनी, "नछुनोस् मलाई, म अर्काकी।"

मातृहृदयमा बज्रपात भयो—नारी हृदयमा प्रलयङ्कारी हाहाकार

मञ्चियो । तर पोखराज साँचै नै रूप सुहाउँदो गुण लिएर जन्मेकी थिई ।

पुष्पमणिले भन्यो, "म विश्वास गर्दिनँ पोखराज ! तिमी मसित छल गर्दै छयौ । मेरा आमा-बाबु, तिम्रा बा, त्यो पेची पूजाकोठे, सबै संसारले मिलेर यो ठूलो प्रपञ्च रचेको हो । भन पोखराज, एकचोटि तिम्रो मुखले भनिदेऊ, यो झूटो कुरो हो । भन, त्यो बालक मेरो हो, हाम्रो प्रेमसित खुशी भएर देवताले दिएको सबैभन्दा ठूलो दान हो । यत्ति मात्र भनिदेऊ, अनि म सारा संसारलाई त्याग्न तयार छु ।"

पोखराजको नारीत्व र मातृत्व दुवै भन्छन्, "भनिदिऊँ ।" तर पोखराज पुष्पराग हो, उत्तम मणि हो । श्रेष्ठ मणि जति घस्यो उति चंकन्छ ।

पोखराजले भनी, "म अर्काकी हुँ । नानी पनि अरूकै हो—तपाईं-को होइन ।"

पुष्पमणि वज्रले ढालेको रूख झैं भूइँमा बेहोश भएर ढल्यो ।

(शारदाबाट)

सूचना :—"भनिदिनू, भनिदे" को ठाउँमा 'भन्दिनू, भन्दे' पाठ झल्काउने लेखकका आत्मिक रूप हुन । यस्तै अन्त अरू पनि ।

कथा
२

जिम्मावारी कसको ?

एक :

पाठशालाका बूढ़ा मास्टर भन्थे, "रत्ने पढ्नमा पोख्त छ, सिपालु छ। तर एकदम एकलकाटे—एकहोरो।"

चार वर्षअघि प्वालैप्वाल परेको पुरानो लुगा लाएको पुक्खल रत्नबहादुर देहाती पाठशालामा भर्ती भएथ्यो। क्लासमा अट्ठाईस लड़काहरू थिए। रामलाल उमेरमा सबैभन्दा ठूलो थियो श्रौ थियो उपल्लो उपद्रयाहा। भर्ती भएकै दिन दिउँसो खाजा खाने अवसरमा रामलालले रत्नबहादुरको भयाङ्प्वाले कोटको बाहुलो तानेर भन्यो, "ए! यता आ!"

रत्नबहादुरले बाहुलो झट्कारेर उत्तर दियो, "किन आउनु? आउँदिनँ।"

ढँडाक रामलालले कलिलो रत्नबहादुरलाई कुम्मुन्याएर कुट्न-सम्म कुट्यो। अरू लड़काहरू खूब हाँसे। रत्नबहादुरले ऐय्या धरि भनेन। नाकबाट झर्न लागेको रगत धारामा धोएर लुगाको धूलो झार्दै त्यो चुप लागेर क्लासमा पस्यो।

त्यो कसैसँग होस्, चाहिंदो कुरोबाहेक एक शब्द पनि बढ्ता बोल्दैनथ्यो। अरू लड़काहरू खेल्थे, उफ्रन्थे, दगुर्थे श्रौ दिनहुँ एउटा

न एउटा उत्पात मचाउँथे। रत्नबहादुरसित चौपट्ट उल्लिबिल्ली गर्थे। तर ऊ एकान्तमा बसेर पढ़िरहन्थ्यो। मनको उच्चाटलाई पुस्तक पढ्ने चाखले उजिल्याउँथ्यो।

कुटाइ खाएको सात दिनपछि रामलाल र क्लासका अरू लड़काहरूले भने, "ए रत्ने! तँ लाटो जस्तो भएर सधैं गुम्म परिरहन्छस्। तर घुसघुसे भएर मास्टरलाई पोल लाइस् भने तेरो कुरकुरे हाड धरि चकनाचूर होला, बुझिस्!"

रत्नेले उदात्त उत्तर दियो, "पोल लाउन म स्कूल आएको होइन—पढ्न आएको!"

लड़काहरूमध्ये एउटाले भन्यो, "लौ लौ, कलमुखा काठेज्यामीर।"

रघुनाथ क्लासमा सबैभन्दा धनीको छोरो थियो। त्यसका पैसाले किनेका नासपाती, बदाम, आलुबखाड़ा र मिठाई सबैले खान पाउँथे। सबै त्यसको खुशामद गर्थे।

रघुनाथले भन्यो, "धत् उल्लुहरू! किन सधैं यो सूधो रत्नेसित छिहिलिएको?"

रघुनाथले रत्नेलाई मिठाई दियो। रत्नेले फनक्क मुण्टो बटारेर पुस्तकमा मुख गाड्यो।

× × ×

एक दिन बूढ़ा मास्टर वैशाखको उखरमाउलोमा उङ्दै थिए। रामलालले कागज चपाएर डल्लो पारी मास्टरको निधारमा ताकेर हान्यो। उङ्न लागेका बूढ़ा मास्टर तर्सेर खड़ा भए। क्लासका जम्मै लड़काहरू खित्का छाड़ेर हाँस्न लागे। बूढ़ा मास्टर रिसले आगो भए। छड़ी लिएर एक-एक लड़कालाई सोध्न लागे, "भन्, यो उल्का कसले गर्‍यो।" सबैले एक-एक गरी उत्तर दिए, "कोनि सर! हामीले

देखेनौं।" असीनपसीन भएका बूढ़ा मास्टरले एकचोटि चारैपट्टि नजर घुमाएर रत्नेलाई सोधे, "रत्ने, तँ सधैं साँचो बोल्छस्—बता, कसले गऱ्यो त्यो उल्का ?"

क्लासमा जम्मै लड़काहरूका आँखा रत्नेको अनुहारमा गाड़िए। रत्नेले बिस्तारै खड़ा भएर भन्यो, "कसले गऱ्यो, जान्दछु, सर, तर भन्दिनँ।"

"जान्दछस्, तर भन्दैनस्? किन भन्दैनस्? भन्…भन्।" बूढ़ा मास्टर छड़ी लिएर रत्नेका छेउमा पुगे। छड़ी उठाएर बूढ़ा मास्टरले चित्कार गरे, "भन्छस् कि भन्दैनस्? अनि किन भन्दैनस्?"

"भन्दिनँ सर! कारण; पोल लाउँदिनँ भनेर मैले क्लासका लड़का-हरूलाई अघि नै भनेको छु।" यति भनेर रत्नबहादुर हल-न-चल भएर अघिल्तिरको भित्ता हेरिरह्यो।

बूढ़ा मास्टरले रत्नबहादुरलाई थला पारुञ्जेल चुटे, छड़ीको आघातले त्यसको सारा शरीरमा नीलडाम भयो, तर रत्नेले एउटा वचन पनि मुखबाट निकालेन। त्यस दिनदेखि क्लासका लड़काहरूले रत्नेलाई 'वीर-पूजा' गर्न शुरू गरे। तर रत्नेले त्यसको वास्तै गरेन।

प्राथमिक जाँचमा रत्नबहादुर जिल्लामा पहिलो भयो। पिता देहाती डाकघरको डाकवाला। रत्नबहादुरले छात्रवृत्ति पायो—तर छोरोलाई अझ उँभो पढ़ाउने गरीब डाकवालाको औकात कहाँ ?

शहरमा रत्नबहादुरका मामा थिए—निकै पुगीसरी आएका। भानिजलाई हाई-स्कूल पढ़ने खर्च थेग्ने मामाले वचन दिए। तर रत्न-बहादुरले बाबुलाई भन्यो, "बा, यतिका दिन हामीलाई गरीब-कंगाली भनेर मामा-माइज्यूले हेलाँ गरे। अहिले किन अर्काको आश गर्नें ? म शहरमा चाकरी गरेर पढ्छु।"

खत्री बूढ़ोलाई दरिद्र डाकवाला भए तापनि आफ्नो खानदानको ठूलो गर्व थियो। पितापुरुखा नेपालमा हुने-खाने परिवारका थिए भन्ने

कुरो खत्री बूढो सधैं धाक लाउँथे । छोरोको कुरा सुनेर बूढोले छाती फुलाएर सबैलाई सुनाई भने, "लौ हेर, खानदान भनेको खानदान हो । बुझ्यौ, अब ? पत्यायौ अब त ? बाघ कति नै बूढो होस् ; घाँस कहिल्यै खाँदैन ।"

रत्नेले शहरमा चाकरी गरेर हाई-स्कूलको शिक्षा समाप्त गर्‍यो । म्याट्रिकमा ऊ फेरि जिल्लामा प्रथम भयो । चाकरी गरेर अनेक कष्ट सही रत्नबहादुर कालेजमा पढ्न गयो । विश्वविद्यालयमा दोस्रो स्थान प्राप्त गरेर उसले बी० ए० पास गर्‍यो ।

दुइ :

"नाइँ, म दिन्नँ के? आमालाई पो भनिदिन्छु ।" फेरि चिच्याएर, "हेर्नोस्-न आमा, यी ठूलदाज्यूलाई । यी -अर्काको जिनिस खोस्ने— ना-आ-आ आइ ।"

"यो रघुनाथ बहिनीलाई किन यसरी जिस्काइरहन्छ हँ ?" भन्दै आमा पल्लो कोठाबाट आइन् ।

रघुनाथले पद्माको देब्रे नारी अँठ्याएर उसको दाहिने हातमा भएको खाम खोस्ने चेष्टा गर्दै थियो । पद्मा हत्केलाले पिठ्यूँमा खाम टाँसेर चिच्याउँदै थिई ।

आमाले कठोर स्वरमा आज्ञा दिइन्, "छोड्दे बहिनीको हात ।"

आमाको मुखमा एकचोटि पुलुक्क हेरेर रघुनाथले पद्माको नारीमा बाँधिएको मुट्ठी बिस्तारै फुकायो । बन्धनबाट मुक्त भएको लोखर्के रूखको प्वालभित्र भागेझैं पद्मा दगुरेर आमाको कोठाभित्र पसी ।

पद्मा साँच्चै लोखर्के जस्तै देखिन्थी । अलि-अलि नजरचोर—अलि-अलि धूर्त । कहिले साहसी, कहिले काफर । मुलुक्क परेको शरीर ।

चञ्चल, पेचिला, सानो फाँदका आँखा। संकीर्ण ओठ—दुइ समानान्तर सरल रेखा-जस्ता। "मदभरी जवानी"-को प्रतिरूप।

आमाकी एउटै छोरी—लाड्प्यारले पुल्पुलिएकी।

रघुनाथले मुख गम्भीर पारेर भन्यो, "आमा, तपाईं मैले भनेको वास्ते गर्नुहुन्न। अबगाल आइलागेको दिन चुकचुक गर्नुपर्ला। मैले त भन्दिएको छु है।"

आमा नजीकैको आसनमा थचक्क बसिन्। पानको बट्टा वर सारेर पान बनाउँदै तिनले भनिन्, "पद्मा अहिले बालखै छ। उसको यो अल्लारे उमेरको उपद्रो तँ किन सहिदिंदैनस्, बाबू!"

"यसलाई तपाईं केटाकेटी सुहाउँदो ख्याल-ठट्टा सम्झनुहुन्छ?" रघुनाथले छक्क परेर सोध्यो।

"मनमा त्यसको पाप छैन। अलि उत्ताउली छ—हो। तर उमेरले यी सब आफैं हटाइदिन्छ।" आमाले छोरीको पक्ष समर्थन गरिन्।

"आमा, सुन्नोस् है मेरो कुरा राम्ररी। सोह्र वर्ष पुगेकी केटी सिनेमा हेर्न एक्लै जान्छे, हाई-स्कूलका ठिटाहरूलाई सानो-भाइको हातमा चिट्ठी पठाउँछे औ त्यो पल्लो घरकी मुना भन्ने केटीसित घरमा कसैलाई केही नसोधी कहाँ-कहाँ डुल्न भनी निस्कन्छे। यही हो अल्लारे उमेरको उपद्रो?"

"पद्मा मात्र हो र? आजकालका पढ्न-लेख्न जान्ने केटीहरू जम्मै त्यही नमूनाका छन्।" आमाले छोरीको पक्ष त्याग गरिनन्।

"प्रेमीको फोटो अघिल्तिर राखेर आकाशपट्टि वाल्ल परेर हेरिरहनु—आमा, यो पनि केटाकेटी सुहाउँदो⋯⋯"

"रघु!" तन्केर आमा गर्जिन्। "भो, म यो सब तेरा मनमा उब्जेका गन्दा कुरा सुन्न चाहन्नँ!" आमाले कानका प्वालमा औंला हालिन्।

अशिक्षिता आमा। उनका बाबु बैलगाड़ी खेपेर जीवन निर्वाह गर्थे। निकै धनी ठेकादारसित बिहे भएको थियो। ठेकादार पचपन्न वर्ष पुग्न आँटेको राँडो थिए। गाड़ीवानकी छोरीको रूपरंग र चढ्दो उमेरसित मुग्ध भएर दोस्रो बिहे गरेथे। रघुनाथ उनकी पहिली स्वास्नीको सन्तान। पद्मा र दीननाथ हालकी स्वास्नीका।

अशिक्षिता आमा। दुवै छोराछोरीलाई पुल्पुल्याउँछिन्—मनमाना गर्न दिन्छिन्। रघुनाथलाई पनि आफैले जन्माएको छोरो झैं प्यारो गर्छिन्, तर तिनको भित्री हृदयको एक कुनामा रघुनाथप्रति सन्देह र शङ्का लुकेको छ।

अशिक्षिता आमा। आफू पद्माको उमेरमा घाँस काट्थिन्—बेला-बेलामा गोरुगाड़ी जोत्थिन्। अहिले सम्पद् घर-संसार चलाउने मालिकिनी भएकी छन्। पद्माले राम्रा-राम्रा लुगा लाएकी, पद्मा चिटिक्क परेर सिनेमा हेर्न गएकी, पद्माका वरिपरि विलासका सामग्री थुप्रिएका—यी सबै देख्ता तिनलाई ठूलो सन्तोष हुन्छ। आफैले त्यो उमेरमा यी सब थोकहरू खाएकी, गरेकी, लाएकी जस्तो लाग्छ।

अर्द्धशिक्षिता पद्मा। बाबु पैसा कमाउने धुनमा तल्लीन छन्। स्वयं दुइ चार अक्षर पढ़ेका-ठेकादारीमा भाग्यको जोरले गर्दा दुइ पैसा कमाएका। रहन-सहन, शिक्षा-दीक्षाका कुरा कसले पद्मालाई निर्देश गरिदेओस्। चार पाँच वर्ष अंग्रेजी स्कूलमा पढ़ेकी; त्यहाँदेखि घरैमा शिक्षकसित पढ़ेर म्याट्रिक पास गरेकी। अंग्रेजी बोल्नु र नयाँ नयाँ फेशन देखासिकी गर्नु नै उसको शिक्षा र विद्याको चूड़ान्त। अंग्रेजी र हिन्दी सिनेमाको गीत गाउनमा ऊ उस्ताद। औ बेला-बेलामा सामाजिक र राजनीतिक सभामा पनि ऊ सामेल भएकी देखिन्छे।

दुष्ट्याइँमा हद्द पुगेको, ज्यादै लाडप्यारले पूरा पुल्पुलिएको कान्छो छोरो दीननाथ। सबै उसलाई 'सानो-भाइ' भनी बोलाउँछन्।

बाबुको गृहस्थी बोझाको वास्तविक रूप देख्न सक्ने, सानी-आमाको दुर्बलता बुझेर आमालाई झैं माया गर्ने पद्मालाई सुपथमा

हिंडाउन भरमग्दूर चेष्टा गर्ने, "सानो-भाइ"-लाई सुधार्न खोज्ने सुशिक्षित रघुनाथ। रघुनाथलाई पन्ना र दीननाथ "ठूलदाज्यू" भनी सम्बोधन गर्छन्। ठूल-दाज्यूलाई ती माया गर्छन्, डर पनि। अनि बेला-बेलामा गर्छन् घृणा।

तीन :

"रत्नबहादुर, क्या हो! पाठशालामा हामीसित पढ्थ्यो नि। देहाती डाकवालाको छोरो।"

रघुनाथले बालककालको संझना पर्दामा रत्नबहादुरको रूप ठिम्याउन कोशिश गर्‍यो, तर याद आएन। एकछिन दाहिने हातका औंलाले निधार सुम्सुम्याएर सोध्यो, "कुन रत्नबहादुर?"

रामलालले दुवै हातका औंला फिंजाएर गोलाकृति पारेर भन्यो, त्यो कलमुखा काठेज्यामीर, क्या!"

बाल्यकालको स्मृति र पाठशालाको दृश्य एकाएक रघुनाथका आँखामा झल्झली नाच्न थाले। हो, हो! गरेर हाँस्तै त्यसले भन्यो, "बूढा मास्टरले त्यसका गुण वर्णन गरेको हिजो जस्तो लाग्छ। रत्ने पोख्त र सिपालु छ—तर, के रे?—अँ, एकलकाटे र एकोहोरो।"

दुवै मित्र खित्का छोडेर हाँसे।

"बी० ए० पास गरेर स्कूलमा मास्टरी गर्दै छ! कहिले बी० ए० पास गर्‍यो रे?"

रामलालले भन्यो, "यही साल, तपाईंहरूसित। मद्रास यूनिभर्सिटी।" "मद्रास? मद्रास कहाँबाट पुगेछ?" रघुनाथले आश्चर्य मानेर सोध्यो।

रामलाल र रघुनाथ बाल्यकालको सहपाठीलाई भेट्न उसका घर आए।

× × × ×

शहरको कुनामा एउटा दुइतले घर। पाँच छः परिवार त्यहाँ मैहावारी भाड़ामा बस्छन्। प्रत्येक परिवारको कब्जामा छन् दुइटा कोठा, भान्साघर र पाइखाना।

बाहिरको कोठामा 'इजी चेयर'-मा बेलायती सुर्ती खाने पाइप दाँतले टोकेर धूवाँ उड़ाउँदै रत्नबहादुर एकाग्र मनले के अध्ययन गर्न लागिरहेथ्यो। ढोका आधा उघ्रेको थियो। पदचापशब्दले त्यसको ध्यान आकर्षित गऱ्यो।

"शर्माजी!—यति छिटै दर्शन दिनुहोला……" रामलालको पछिल्तिर रघुनाथलाई देखेर रत्नबहादुरले सोध्यो, "यहाँ……" बीचैमा रामलालले उत्तर दियो, "चिन्नुभएन रघुनाथ रायामाझीजी-लाई ?"

रत्नबहादुरले दुवै मित्रसित हात मिलाएर तिनको स्वागत गऱ्यो।

पुक्खल रत्नबहादुर विशाल ललाटदेखि कालो, रेशमी जुल्फी घुच्चुकसम्म झरेको, लामो, तीखो नाक। देब्रे आँखा र नाकको बीचमा गाढ़ा रङ्गको कोठी। अलि्ल अन्यमनस्क, अलि्ल अप्रतिभ त्यसका दुइ आँखा। लामा-लामा चञ्चल सेता औंला—एकोहोरो भिन्न-भिन्न आकार बनाइरहन्छन्। के खोजेको जस्तो, के जान्ने इच्छा गरेजस्तो, के बिर्सेर संझने चेष्टा गरेजस्तो।

"म्याट्रिक पास गरेर आइ० ए० पढ्ने इच्छा भयो। तर तपाईं-हरूलाई थाहै छ बाको गरीबी अवस्था। कलकत्ता पढ्ने खर्च कहाँबाट ल्याउने ? त्यही वर्ष बालाई पेन्शन भयो। कालेज पढ्न ता परै जाओस

संसार चलाउन पनि दुष्कर भयो। बालाई साथ लिएर नोकरीको खोजीमा कलकत्ता लागें। तर त्यस्तो लोकारण्यमा नोकरी खोज्नु र आकाशको जून तान्न हात लंकाउनु एकै थियो। कमाइ गर्ने मेलो केही छैन। बाले खाई-नखाई साँचेर राखेको अल्प पूँजी दिनदिनै सिद्धिन थाल्यो। हुगलीमा गएर हामफाल्नु-बाहेक अरू केही उपाय रहेन।"

मित्रहरूका मुखपट्टि हेरेर म्लान हाँसो हाँसेर रत्नबहादुरले पाइपको लामो धूवाँ नाकबाट निकाल्यो।

एक दिन कर्जन पार्कमा बसेर भविष्यको चिन्तना गर्न लागिरहेथें। एउटा मद्रासी युवक म बसेको बेञ्चमा आएर बस्यो। मसित भएको अंग्रेजी अखबार त्यसले पढ्न माँग्यो। हाम्रो बीचमा कुराकानी चल्यो। जीवन-बीमाको एजेन्सी त्यसले भरखर लिएको रहेछ। म लागें त्यस-सित कलकत्ताका कुना-काप्चा, गल्ली-गल्ली चाहार्न। तीन महीनामा निकै मानिसको जीवन-बीमा हामीले गरायौं। औ अन्तमा त्यही मद्रासी मित्रसित बालाई सँगमा लिएर म मद्रास लागें।"

"तर म्याट्रिक पास गर्दा तपाईंको कृतिसित प्रसन्न भएर शहरका चार जना नेपालीले कॉलेजको जम्मै खर्च भर्ना गरिदिने भार लिएका थिए। तपाईंका बाको पनि जिम्मावारी लिने भएका थिए। तपाईं किन कसैलाई केही नभनी शहरबाट अल्पिनुभो ?"

रघुनाथको यो प्रश्नको उत्तर रत्नबहादुरले दिएन—उत्तरमा केवल खिस्स हाँसिदियो।

रामलालले टिप्पणी गऱ्यो "यही पुरानो कार्की महोदय! हद्दका हठी!"

× × × ×

"बा ! कुरा निकै चर्को भैसकेको छ। आमालाई कतिचोटि भनिसकें। ध्याने—दिनुहुन्न, वास्तै गर्नुहुन्न। पद्मालाई दिनहुँ सम्झाउँछु—टेरपुछरै लाउँदिन। कुलमा कलङ्क लागेको दिन मुख कसरी देखाउने ?"

बूढा रायामाझीले छोरोको कुममा थाप मार्दै भने, "पढाएँ, बढाएँ, मान्छे तुल्याएँ। घरको भारा तेरो। पैसा कमाउने जिम्मा मेरो। कामले मलाई खाने फुर्सत धरि छैन।" यति भनेर बूढा रायामाझी छाता च्यापेर हतार-हतार बाहिर लागे। रघुनाथ अक्क-न-बक्क भएर पिताको भीमकाय शरीर हतार-हतार अगि लम्केको हेरिरह्यो।

चार :

रघुनाथ पुस्तकको खूबै शौकीन थियो। कोठामा पुस्तकसिवाय केही देखिँदैन। टेबलमा, भूइँमा, कार्पेटभरि, कुर्सीमा, पलङमा, यत्रतत्र पुस्तक, पत्र-पत्रिकाको आधिपत्य छ। रघुनाथ एउटा पत्रिकाका पन्ना पल्टाउँदै छ। दीननाथ अघिल्तिर पुस्तक राखेर पढिटोपल्दै छ, तर घरि-घरि झ्यालबाट बाहिर हेर्छ। रघुनाथ आँखाका कुनाबाट त्यसको फत्याकफुरुक र धोखाबाजी सतर्क हेर्दै छ। हठात् पुस्तकबाट एउटा खाम निकालेर दीननाथले बगलीमा हाल्यो। देवल - घडीमा पाँच बज्यो। दीननाथले पुस्तक पर सारेर भन्यो, "जाऊँ ठूलदाज्यू ?" रघुनाथले मण्टो हल्लाएर भन्यो, "हुन्छ !" फेरि तुरुन्तै भन्यो, "अन्त हेर, सानो-भाइ...।" वाक्य शेष हुँदा-नहुँदा झम्टेर दीननाथलाई समाएर त्यसको बगलीको खाम रघुनाथले हात पाऱ्यो। चोर्दा-चोर्दै पक्रा परेको अपराधी झैं अकमक्क परेर दीननाथले दाज्यूको मुखमा टुलुटुलु हेरिरह्यो।

राती पिता घर फर्केर भोजन गरिसकेपछि रघुनाथ बाबुको कोठामा गयो। आमा नजीकै बसेर पान बनाउँदै थिइन्। चाकर्नी तमाखु भरिदिँदै थिई। कोठामा सरासर पसेर रघुले भन्यो, "लोइ दलेकी आमा! त्यो हुक्का मलाई देऊ। तिमी जाऊ एकछिन बाहिर।" दुवै लोग्ने-स्वास्नीले जिज्ञासु नेत्रले रघुनाथलाई हेरे।

ढोका बन्द गरेर रघुनाथ आमाको छेउमा गएर बस्यो। पिताका हातमा हुक्का थमाइदिएर, आमाले दिएको पान चपाउँदै भन्यो, "बा भन्नुहुन्छ घरको भारा मेरो, धन कमाउने जिम्मावारी उहाँको। बेस, मैले कतिचोटि सम्झाएँ, बुझाएँ—तपाईं दुवै सुन्नुहुन्न, देख्नुहुन्न; बुझेर पनि नबुझेजस्तो गर्नुहुन्छ। हेर्नोस् पद्माको बेकूफी।"

खामबाट रघुनाथले एउटा ठिटोको फोटो र चिट्ठी निकाल्यो। भोलि बेलुकी कलकत्ता भागेर जाने पद्मा र उसको नायकले सल्लाह गरेका रहेछन्।

× × × ×

रघुनाथले यस घटनाको साता दिनपछि स्कूल र कालेजका पुराना मित्रहरूलाई एउटा चिया-पार्टीमा निम्त्यायो। रत्नबहादुरले पहिले त जान साफ नामञ्जूर गर्‍यो।

"हेर्नोस् रघुनाथजी, म स्कूल मास्टरी गरेर एम० ए० परीक्षाको तयारी गर्दै छु। मलाई पार्टीमा जाने, खेल उत्सवमा सामेल हुने पटक्कै समय छैन। फेरि मेरा न त नोकर-चाकर छन्, न भान्से बाहुन। आमा एक छाक पकाउनुहुन्छ—म अर्को। अनि धनी सभ्य समाजमा मिलजुल गर्ने मसित न त अर्थ छ न कपडा-लत्ता। मलाई क्षमा गरे!"

यो पुराना मित्रहरूको एउटा मामूली सम्मेलन मात्र हो। अनि विशेष गरी रत्नबहादुरले रघुनाथको निजी पुस्तकालय एक दिन हेर्ने

इच्छा प्रगट गरेथ्यो। यही अवसरमा रत्नबहादुर पार्टीमा सामेल भइदिए पुराना मित्रहरूसित पनि भेट्ने र पुनर्परिचय गर्ने मौका मिल्ने औ साथै पुस्तकालय पनि निरीक्षण गर्ने सुविधा हुने इत्यादि तर्क गरेर रघुनाथले उसलाई जान कर लायो।

पार्टीमा पद्मा र उसकी सँगिनीले पाहुनाहरूलाई अभ्यर्थना गरे, मीठा-मीठा भोजन खुवाए औ संगीतले तिनलाई मनोरञ्जित पारे। रत्नबहादुरले धेरजसो समय पुस्तकालयमा बितायो।

यता आमाले पद्मालाई संझाइन् "हेर नानी, अब तँ तरुनी भइस्। बाबु, दाज्यूको कुरा सुन्नुपर्छ। तेरो दाज्यूले कस्तो असल वर छानिदियो। तेरा बाले अस्ति त्यो फोटो र चिट्ठी देखेर तँलाई झुन्ड्याउनुहुने थियो। तर ठूलदाज्यूले संझाई-बुझाई मत्थर पाऱ्यो। बिहा गरिनस् भने बाले तँलाई घरबाट निकालिदिनुहुनेछ।"

नजरचोर, धूर्त पद्माले ओठ लोच्याएर भनी, "छिः! त्यस्तो जुल्फी पालेको स्कूल मास्टरसित? लुगा पनि अहो!—मघिसे कुर्ता टिमिक परेको सुरुवाल र वेस्टकोट। त्यस्तोलाई पनि कसैले नेपाली भन्छ? मरे पनि गर्दिनँ बिहे। बरु सेरिएर मर्छु।"

उता बूढा रायामाझी रत्नबहादुरको अनुपस्थितिको अवसर हेरेर एक दिन उसको घर पुगे। खत्री बूढाले रायामाझी जस्ता विख्यात ठेकेदार आफ्नो डेरामा एकाएक आएको देख्ता अचम्म माने। ठेकेदारलाई स्वागत गरेर भित्र लगे।

ठेकेदारले केही आलटाल नगरी बिहाको कुरा चलाए।

"तपाईंको छोरो बड़ो लायक छ। गरीब भयो त के भयो? उसको जस्तो लेखा-पढ़ी हाम्रा नेपालीहरूमध्ये कसैको छैन। मेरो छोरो बारम्बार यो कुरा भन्छ। फेरि मसित पैसा छ। मेरा जुवाईंलाई म 'मजिस्टर' 'बालिस्टर' जो चाहियो त्यही बनाउन सक्छु। पढ़ेर मात्रै

हुँदैन, सुन्नुभो खत्री मुखिया ! आजकालको समयमा चाहिन्छ छन्छनी ।"

खत्री बूढोलाई रायामाझीको अहमत्याइँ मन परेन । तीव्र प्रतिवाद गर्नें आँटेका थिए—तर रोकिए । खत्री बूढा अब साह्रै गलिसकेका थिए—बुढेसकालले र अर्थसङ्कटले अघिको त्यो रवाफ अब तिनमा थिएन । फेरि छोरो 'मजिस्टर' 'बालिस्टर' हुने सुखको सपना देख्न थाले । बुहारीले घर-संसार सह्यालेको, नाती-नातिनी काखमा खेलेको, छोरा ठूलो हाकिम भएर दुनियाँको मान्य भएको—यस्तै दिवास्वप्नमा विभोर भएका खत्री बूढा पद्मा र रत्नबहादुरको बिहेमा सहमत भए ।

पांच :

बिहे भएको भोलिपल्ट पद्माले भनी, "दुइटा कोठामा कसरी जनावारहरू जस्तो खचाखच भएर मान्छे बस्न सक्छन् ?" पद्मा हात-मुख धोएर सिंगार-पटार गर्दै थिई । रत्नबहादुर स्टोभमा चिया पकाउँदै थियो । खत्री बूढा पल्लो कोठामा पूजा गर्न लागिरहेथे ।

रत्नबहादुरले भन्यो, "जसरी अरू दशोटी गरीबकी स्वास्नी बस्छन् उसरी नै । यहाँ त दुइ कोठा भाग्यले जुरेको छ । शहरमा एक एक कोठामा दश बीस जनाको जहान बस्छन् ।"

"तपाईं किन आफैं चिया पकाउनुहुन्छ ? नोकर-चाकर खोइ ?" लोग्नेले मुसुक्क हाँसेर भन्यो, "तिमी र म ।"

"बाले भन्नुभा'को छ चाहियो भने एउटा राम्रो 'कटेज' भाडामा लिइदिन्छु भनेर । हिंड्नोस्-न बालाई भनौं ।" स्वास्नीले अनुनय गरी ।

"तिम्रा बालाई हाम्रो गरीबीको हालत पूरै थाहा थियो । त्यो जान्दा-जान्दै पनि उहाँकै ठूलो आग्रहले हाम्रो बिहे भयो । गरीबकी स्त्री गरीबकै झुपडीमा बस्नुपर्छ ।" लोग्नेले संयत स्वरमा उत्तर दियो ।

"आमाले केटी पठाइदिन्छु भन्नुभा'को छ । बाले चाकर पठाइदिनुहुनेछ । तिनलाई कहाँ राख्ने ?" अधीर भएर स्वास्नीले सोधी ।

"यहाँ केटी र चाकरलाई स्थान छैन । हिजोसम्म बा र मैले घरका सम्मै कामकाज गरिल्यायौं, अब तिमीले पनि हात लाउनुपर्छ ।" धीर कण्ठले लोग्नेले भन्यो ।

सुटकेसमा दुइ चारोटा साड़ी र ब्लाउज हालेर पद्माले भनी, "म कुल्लीकवाड़ीकी स्वास्नी झैं यस्तो गरीबी हालतमा बाँच्न सक्तिनँ, म जान्छु माइत ।"

रत्नबहादुरले केही नभनी लामो सास तानेर झ्यालबाट बाहिर हेऱ्यो । पूजा सकेर खत्री बूढ़ाले दुइ चारचोटि ख्वाक् ख्वाक् गरे । त्यसपछि गला साफ गरेर हपारे "जेठा ! ए जेठा !"

रत्नबहादुर बाबुको कोठामा गयो ।

तमाखु भर्दै खत्री बूढ़ाले सोधे, "बुहारी के गर्दै छे ?"

"माइत गई" शुष्क स्वरमा छोट्करी उत्तर आयो ।

"माइत गई !" बूढाको मुख विवर्ण भयो । हुक्का-चिलिम हातबाट खस्यो । वाल्ल परेर छोरोको मुखमा हेरेर भने, "माइत गई ! कस्तो बित्यास, हरे ! कस्तो फसाद !"

अलिलि अन्यमनस्क, अलिलि अप्रतिभ त्यसका आँखाले करुणापूर्वक बाबुलाई हेरे । दाहिने हातका औंलाहरू घरि खुम्च्याउँदै, घरि तन्काउँदै छोरोले भन्यो, "बा ! मैले तपाईंलाई बिन्ती गरेकै हो । सुनिदिनुभएन । धनीसँग हामी जस्ता निर्धन अकिञ्चनले सम्बन्ध जोड्नामा कल्याण छैन भनेर कतिचोटि संझाएँ—सौझिदिनुभएन । तपाईंलाई बुहारी

चाहियो, नाती-नातिनी चाहियो। चिरदिनको सञ्चित खानदानको गर्वलाई बुढ़ेसकालमा पैसाको लोभले तिलाञ्जलि दिनुभो। छोरोलाई हाकिम बनाउने—अर्काका पैसाले !"

एकछिन हत्केलाले आँखा छोपेर भन्यो, "मैले तपाईंको आदेश आजन्म काटेको थिइनँ—बिहा गर् भन्दा पनि काटिनँ। बिहाको फल यस्तै हुन्छ भनी जान्दथें, तैपनि तपाईंको आज्ञा शिरोपर चढ़ाएँ।"

× × × ×

रत्नबहादुर स्कूल मास्टरी गर्छ—एम० ए० परीक्षा दिन रातदिन अध्ययन गर्छ। खत्री बूढ़ा घेरजसो मौन रहेर के सोचिरहन्छन्। बाबु-छोरा आफ्ना साना संसारमा निर्विघ्न जीवन यापन गरिरहेका छन्।

नौ महीनापछि तिनको क्षुद्र संसारलाई फेरि उलटपुलट पारिदियो—पद्माको आगमनले। दोजिया पद्मा रत्नबहादुरको कोठामा सरासर पसेर थचक्क बसी। रत्नबहादुरले पुस्तकबाट टाउको उठाएर जिज्ञासु दृष्टिले हेऱ्यो। पद्माले भनी, "आमा-बाबुले घरबाट निकालिदिए।"

खत्री बूढ़ा आफ्नो कोठाको ढोकामा उभिएर सबै कुरा हेरि-सुनिरहेका थिए। पद्माको पछिल्लो कुरा सुन्नेबित्तिकै भीम-गर्जन गरेर भने, "बेस्से ! बत्तीसा ! राकस्नी !—गर्भमा कसको… …।"

'देव'

"बा ! चुप लाग्नोस्। गर्भको सन्तान मेरो हो।" पितालाई बिस्तारै धचेटेर रत्नबहादुरले भित्र लग्यो।

बाबु कराए, "भुञ्चुक कहाँको ! कहाँ छन् तेरा आँखा—घुञ्चुकमा ? यो गर्भको जिम्मावारी को ? कसको ?"

देब्रे हातका औंलाले चिउँडो मुम्मुम्याउँदै रत्नबहादुरले भन्यो, "जिम्मावारी तपाईंको छ, मेरो छ औ छ समाजका धनी र मानी-हरूको। जिम्मावारी त्यस समाजको छ जुन समाजमा कुलटा छोरीका लागि धनीहरूले पैसा पेलेर सत्पात्र लोग्ने किनिदिन सक्छन्; निर्दोषी बालिकालाई उसको इच्छाको विरुद्ध दुराचारी छोरोकी स्वास्नी बनाइदिन सक्छन्। पद्मालाई दोष किन दिने ? दोष दिनुपर्छ समाज-लाई, पद्माका आमा-बाबुलाई, तपाईंलाई र मलाई।"

कथा
३

बिग्रेको बाहुन

एक :

जरूरी काम परिआउँदा मलाई त्यस दिन रामेछाप नपुगी भएको थिएन। साउनको महीना झरीका दिन औ खोलानाला बढ़ेका। तर मलाई त्यस दिन कुनै हालतमा पनि रामेछाप पुग्नैपरेको थियो। अतएव दुर्गाको नाम स्मरण गरेर म बिहानै ओखलढुङ्गाबाट हिंडें।

रामेछाप पुग्न अझ दश माइल जति थियो औ अगिल्लो गाउँ एक माइल पर। रिमरिम पर्न लागेको पानी हेर्दा-हेर्दै मुसल जस्ता धारामा बैरन थाल्यो। प्रचण्ड आँधीबेहरी चल्यो। चट्याङ्चुट्टुङ्ले चारै दिशा थर्काइदियो। पहाड़का जङ्गली बाटामा साँझै नपरी झमक्क अँध्यारो भयो।

आपद्‌मा परेर ओत लाग्ने ठाउँ कतै पाइन्छ कि भनेर यताउति हेर्न लागें।

नजीकैमा वज्रपात भयो औ एउटा विशाल रूख ठूलो शब्द गर्दै ढल्यो। आँखा चिम्लेर कानका प्वालमा औंला हालेर म एउटा चिप्लेटी ढुङ्गामा थचक्कै बसें। पानी झन् साह्रो पर्न थाल्यो।

एकछिनपछि म उठें। कतै ओड़ारतिर आश्रय लिनुपर्‍यो भनेर म बीस पच्चीस हात अगि बढ़ेको पनि थिएँ सामुन्ने एक जना मानिस

आफूतिर बिस्तार-बिस्तार आउन लागेको देखेर मेरो मन अलि ढुक्क भयो। तर त्यसलाई देखेर मेरो आश्चर्यको सीमा रहेन। कारण; त्यसका शरीरका जम्मै लुगा निथ्रुक्क भिजेका छन्। त्यसका मोहडा र वस्त्रबाट पानीका धारा बलिन्द्र बग्दै छन्। तर त्यो ती सबको पटक्कै वास्तै नगरी, केही हतार नगरी सुविस्ताथित हिँड्दैछ, मानो ऊ डुल्न निस्केको छ। उसका चालबाट पानी परेको उसलाई थाहै छैन भनेजस्तो लाग्छ। मेरा भने घिच्राबाट बगेर पानीका धारा पिठ्यूँमा पुगिसकेका थिए।

छेउमा आइपुगेर त्यसले मलाई एकपल्ट हेऱ्यो। हेरेर केही नभनी ऊ सरासर अगि बढ्दै थियो, मैले त्यसका पाखुरा समाएर भनें– "दाइ, ओत लाग्ने ठाउँ कतै तपाईंलाई थाहा छ कि?"

"ओत लाग्ने ठाउँ! ओत लाग्ने ठाउँ किन चाहियो?" अलमल्ल परेका दृष्टिले हेर्दै त्यसले मलाई सोध्यो।

"यो झरी र हुरीबाट बाँच्नलाई" मैले तुरन्त उत्तर दिएँ।

"ए, झरी र हुरीबाट बाँच्नलाई? हो त ओत त लाग्नैपर्ने कुरो हो। आउनोस् मसित। छेवैमा मेरो घर छ।"

मलाई साथमा लिएर त्यो मानिस जताबाट आएको थियो उतैतिर फर्कन लाग्यो। मैले अलिक अप्रतिभ भएर भनें, "तपाईं केही जरूरी काममा कतै जान लाग्नुभा'को थियो कि?"

त्यसले भन्यो—"होइन, म त्यसै घरबाट निस्केको थिएँ। साउनका हुरी र झरीमा म घरभित्र थ्याम्मै बस्न सक्तिनें। प्रचण्ड आँधी-बेहरी चल्यो कि खोलाका किनारमा नदगुरी म सक्तिनँ।"

त्यसको त्यो प्रहेलिका सुनेर म साह्रै विस्मित भएँ। यस्तो विचित्र कुराको जवाब के दिने हो, मेरो अलमल्ल परेको मगजले केही सोच्न सकेन। म निःशब्द मेरो अगुवासित अगि बढें। ओ छिटै हामी दुइ एउटा सानो देहाती-घरको अगि आइपुग्यौं।

ढोकामा उभिएर त्यसले मलाई सोध्यो, "तपाईं, कसमा हुनुहुन्छ ? —छेत्री ?"

मैले 'हो' भन्ने टाउको हल्लाइदिएँ ।

त्यसले भन्यो, "म बाहुन—जे भए पनि एक दिन बाहुन थिएँ । आज मलाई साराले भन्छन् 'बिग्रेको बाहुन ।' छरछिमेक र घरजहानले मलाई हटक गरिदिए ।"

"म जस्तो बिग्रेको बाहुनका घरमा तपाईं बस्नुहुन्छ ?"

ढोका उघारेर त्यो मानिस घरभित्र पस्यो ।

म बाहिर सिकुवामुनि उभिइरहें । उग्र हुरीले उग्रतर रूप धारण गऱ्यो । प्रकृतिको प्रकोप शत गुणा बढ्यो ।

भित्र अगेनुमा दाउराको आगो दनदनी बल्न लाग्यो । भिजेको लुगा फेरेर धोती बेह्री आङ खास्टोले छोपी त्यो मेरो पथप्रदर्शक ढोकामा देखापऱ्यो ।

मलाई त्यसले फेरि सोध्यो, "मेरो घरभित्र तपाईं पस्नुहुन्छ ? पस्नुभएदेखि अगेनुका छेउमा धोती, खास्टो र तौलिया रुमाल भेट्टाउनुहुनेछ । भिजेका लुगा आगामा सुकाउन मन लागे आगो दन्दनी बल्दै छ ।"

यति भनेर त्यो मान्छे अर्कै कोठाभित्र पस्यो ।

हिलैहिलो भएका गोडा बलेसीमा पखालेर म भित्र पसें । भिजेका वस्त्र फेरेर धोती लगाइ पनि सकेको थिएँ, त्यो मानिस निःशब्द पल्ला कोठाबाटै आएर अगेनुका छेउमा बस्यो । खास्टो ओढेर म पनि आगाका छेउमा राढ़ीमा बसें । दियालोको उज्यालोमा मैले घरको मालिकलाई राम्ररी हेरें ।

चौबीस - पच्चीस वर्षको जवान—रङ्ग लालवर्ण । उन्नत । निधारमुनि चहकिला आँखा । नीरोग शरीर । दाहिने हातमा एउटा

पुस्तक। टाउको बङ्ग्याएर त्यो ढोकादेखि बाहिर एकहोरो हेरिरहेको छ।

एक छिनपछि मैले बिस्तारै सोधें—"आज म रामेछाप पुग्न सकुंला के त ?"

त्यसले त्यसरी नै टाउको बङ्ग्याएर अन्यमनस्क भावले जवाब दियो, "रामेछाप ! किन पुग्नुहुन्न र—अब कति टाढा छ र ?"

मैले भनें, "हुरी थामिएला के त ?"

बिस्तारै मपट्टि टाउको फर्काएर त्यसले भन्यो, "हुरी ? हुरी ता जरूरै थामिनुपर्ने, तर हुरीले गर्दा खोलो पो कस्तरी बौलाएको होला। खोलो बौलाएको तपाईंले देख्नुभएको छ ? हिनामिना त बौलाएको होइन, निस्किएर उन्मत्त भैटोपलेको होइन। साँच्चै उन्माद भएको—संसारै निल्ला जस्तो गरी पागल भएको।"

मैले केही उत्तर दिइनँ।

घरको मालिकले भन्यो, "मैले देखेको छु। यसरी एउटा खोलो बौलाउँदा म आत्तिएँ।"

त्यसको त्यस्तो अड्को सुनेर म चाल्ल परें। के हो केही निश्चय गर्न सकिनँ।

त्यसले मेरा अनुहारमा एकछिन ध्यानपूर्वक हेरेर भन्यो, "म काढिएँ—हटक भएँ। दाज्यूले मलाई घरबाट निकालिदिनुभयो। म आज फिरन्ता। साराले मलाई बिग्रेको बाहुन भन्छन्।"

मैले सोधें, "तर खोलो बौलायो भन्दैमा तपाईंलाई उनीहरूले किन काढे ? यो कस्तो उद्देक ?"

"तपाईं पत्याउनुहुन्न मेरा कुरा ?—सुन्नोस्, म बताउँछु तपाईं-लाई।"

दुइ :

त्यो दुर्दिनमा, विद्युत्, वज्र र आँधीबेहरीले व्याकुल पारेका वातावरणमा त्यसले मलाई आफ्नो आत्मकथा सुनायो—

"हाम्रा बा उमाप्रसाद तिमिलसिना आचार्य : गाउँमा नाउँ चलेका पुरोहित हुनुहुन्थ्यो। बालाई सोझा र निष्ठावान् बाहुन भनी सबैले आदर गर्थे। आफ्ना गाउँ-बाहेक आसपासका गाउँहरूमा पनि बाको जजमानी थियो। बिहादान, व्रतबन्ध, क्रियाकाज, जेसुकैमा पनि तिमिलसिना आचार्यलाई बोलाहट हुन्थ्यो।

"हामी दुइ भाइ—दाज्यू मभन्दा एघारै मैह्नाले ठूला हुनुहुन्छ। दुवै एकैसँग बढ्यौं—दुवैको एकैसाथ व्रतबन्ध भयो। व्रतबन्ध गरिदिएका दिन बाको हर्ष र गर्व कसले हेरिदेओस्। सोह्र जना बाहुन र भरमुलुकलाई बाले भोज खुवाउनुभयो। आँगनमा सनाही, झ्याली, कर्णाल, मृदङ्ग आदि बाजा बजे। तीन-चार सयमा दश तिमिलसिना पुरोहितका छोराहरू व्रतबन्ध हेर्न भेला भएका थिए।"

छरछिमेक सबै गइसकेर, बाहुनहरूलाई बिदा दिइसकेर, बाले दाज्यू र मलाई आशीर्वाद दिएर भन्नुभो, "बाबु हो, आजदेखि तिमीहरू दुइ यथार्थमा द्विज भयौ। कुलको इज्जत र धर्म आजदेखि मैले तिम्रा हातमा सुम्पिदिएँ। तिमिलसिना खलकको कुनै समयमा दरबार-समेतमा कदर हुन्थ्यो। समयका फेरले आज तिम्रा बाको चार पाँचोटा गाउँको जजमानी मात्रै छ। तैपनि तिम्रा बालाई सबैले मान्छन्, कारण; मैले धर्म र निष्ठा कहिल्यै छोड़ेको छैन। तिमिलसिना घरानको नाउँ तिमीहरूले पनि त्यसरी नै थाम्नुपर्छ। करुतै संकट परून्, चाहे ज्यानै जाओस् धर्म र निष्ठा नछोड्नू। पवित्र यज्ञोपवीतको मर्यादा राख्नू।"

भरखर लाएको जनै समाएर बाले भनेका कुरा पालन गर्ने मैले मनमनै संकल्प गरें।

दुइ वर्षपछि बाले दाज्यू र मलाई काशी पढ्न पठाउनुभयो। बनारस जस्तो ठूलो शहरमा विदेशी र विजातिसित एक रकमले कुमै दाँजेर हिंड्नुपर्छ—बस्नुपर्छ। धर्म र आचारमा व्याघात हुने डर हरघडी भइरहन्छ। दाज्यू कहिलेकाहीं भन्नुहुन्थ्यो, "ए, घरमा जस्तो चोखो भएर बस्न विदेशमा कहिले सकिन्थ्यो। भूलचूकमा भएको दोषले पाप लाग्दैन।" तर मैले तीन वर्ष बनारस बसुञ्जेल त आचार, धर्म र निष्ठाको त्यसरी नै रक्षा गरें जसरी लोभीले आफ्नो धनको रक्षा गर्छ।

काशीबाट फर्केकै साल आमा परलोक हुनुभो। बुढेसकालमा त्यो प्रहार सह्याल्ने बाको बर्कत थिएन। दाज्यू र मलाई जजमानीको भारा सुम्पेर बा घरका एक कुनामा निःशब्द समय बिताउन थाल्नुभयो। चार वर्ष भयो बाले देह त्याग गर्नुभएको।

जजमानीले पेटपाल्ना मात्रै गरेर जेथा-सम्पत्ति पनि अलिक बढ़ाउनुपर्छ भन्ने दुइ भाइको सल्लाहले भएथ्यो—बा परलोक हुनुभएको अघि नै जजमानीको काम जम्मै दाज्यूले हातमा लिनुभयो। म बेपारमा लागें।

जजमानीभन्दा बेपारबाट दश गुणा ज्यादा लाभ हुन थाल्यो। घरमा अलिकति पूँजी थुप्रियो। बा परलोक हुनुभएको अठार महीनापछि दाज्यू बिहा गर्न राजी हुनुभयो। भाउज्यू निकै गतिलो घरकी कन्या हुनुहुन्छ। सबैसित मीत बोल्ने, मलाई आमाले झैं माया गर्ने भाउज्यूले तिमिलसिनाहरूको घरको शोभा साँच्चै बढ़ाउनुभएको छ।

बेपारमा लागेर मलाई नित्य नयाँ-नयाँ जग्गा जानुपर्‍यो—नयाँ-नयाँ मानिससित भेट्नुपर्‍यो—पश्चिम नुवाकोट र पूर्व इलामसम्म म सफर गर्न थालें। यसरी रात-बिरात देश-विदेश जहाँ जति बेला भन्यो

डुली हिंड्दा मलाई बेला-बेलामा खाने, बस्ने, सुत्ने इत्यादि कुरा लिएर असाध्य अस्पष्ट लाग्थ्यो। तर मैले मेरो धर्म, मेरो आचार र मेरो निष्ठामा किञ्चित् त्रुटि हुन दिइनँ।

तीन :

बाहिर आँधीबेहरी अलिक शान्त भयो—वर्षा अलिक समथर भयो। दाहिने हातमा लिएको पुस्तकका पन्ना अन्यमनस्क भावले पल्टाउँदै त्यो मानिस आधिसरो बलिसकेका अगुल्टाहरूमा आँखा गाड़ेर एकछिन घोरियो।

बिस्तारै ऊ त्यहाँबाट उठेर पल्लो कोठातिर लाग्यो। हातको किताप त्यहीं अगेनुका छेउमा उसले छोड्यो। मैले पुस्तक टिपें। भानुभक्तको एउटा पुरानो रामायण।

एक अङ्गालो दाउरा लिएर घरको मालिक तुरुन्तै फर्कियो। अगेनुमा दाउरा थप्दै त्यसले भन्यो—"रामेछाप पुग्न निकै समय लाग्छ—पानी भने हतपत थामिएला जस्तो देखिंदैन। आज तपाईं अगिल्ला गाउँमा वास बसे पनि त हुन्छ।"

मैले केही भन्ने अवसर भएर तुरुन्तै जवाब दिएँ—"त्यसका लागि तपाईं धन्दै नमान्नोस्। अगिल्ला गाउँमा मेरा चिह्नारु धेरै छन्।"

त्यसले भन्यो—"तपाईंका वस्त्र सुकिसक्ने आँटेका छन्। यी सुकुञ्जेल तपाईंलाई सुनाऊँ म हटक भएको कथा? कि होस्?"

मेरो टिपी टार्न नसकी ऊ भन्न लाग्यो—

त्यो दिन यस्तै साउनको महीना थियो। रातभरि असाध्य पानी परेको थियो। पहाडी खोलानाला बम्मै उकुसमुकुस भएर घोर शब्द

गर्दै अत्तालिएर समुद्रतिर भेट गर्न ओह्रँदै थिए। आकाशलाई कालो बादलले ज्यादै धमिलो पारेको थियो।

म मेरो पुरानो चाकर लिएर घर फर्कन लागिरहेथें। गाउँको छेउको खोलोनेर हामी आइपुगेका थियौं, हठात् प्रबल वर्षासितको हुरीले हामीलाई आकुल पाऱ्यो। हामी एउटा रूखमनि ओत लाग्यौं।

खोलाका किनारमा तीन-चार जना भुसतिघ्रे ज्यामीहरू, चार-पाँचोटा बेपारी र हाम्रा गाउँकी दमिनी बूढ़ी पनि बेग्ला-बेग्लै ओत लागेर बसेका थिए। प्रायः दुइ घण्टापछि त्यो प्रचण्ड वर्षा र हुरी थामियो।

खोलो कसरी तर्ने ? त्यसको त्यो प्रबल वेगमा गोड़ा दह्रिलो टेकेर जीउ सह्माली पल्लो किनारमा कसरी पुग्ने, यही प्रश्न सबैका मनमा वर्षा र हुरी थामिनेबित्तिकै सर्वप्रथम खड़ा भयो।

एउटा व्यापारीले मलाई ढोगेर भन्यो, "कान्छा बाजे पनि यस बिचल्लीमा पर्नुभो। अब के उपाय गर्ने ?"

मैले भनें—"उपाय अरू के छ ! दुइ जवान लामा-लामा घोचा लिएर अगि र पछि रहून्। बीचमा हामी हातेमालो गरेर सबैसँग पार हौं।"

बेपारी, ज्यामी र चाकर जम्मै यो कुरामा सहमत भए। हामी हातेमालो गर्दै थियौं, सहसा दमिनी बूढ़ीको टीठलाग्दो स्वर मेरो कानमा पऱ्यो, "जदौ कान्छा बाजे, जनि ! म बूढ़ी बिल्लीबाठ परें। म कसरी तरूँ बाजे ?"

पछि फर्केर हेरें।

गाउँकी दमिनी बूढ़ी। बुढ़ेसकालमा छोराछोरी जम्मै हैजाले लगेर अभागी दुइ बूढ़ा-बूढ़ी मात्रै बाँचेका। उम्कन लागेको सासलाई परस्परको गहिरो पुरानो मायाले कुनै प्रकार अड्काइराखेका। एउटा-लाई कालले कतै टिपिहाल्यो भने अर्का पनि हुरुक्कै हुने। गाउँका

सबैले यिनलाई टिठ्याउँथे। भाउज्यूले तिथि, पर्व, पूजामा सधैंभरि त्यो दरिद्र दम्पतीलाई दान गर्थिन्।

"जदौ बिष्ट हो, मलाई पनि तारिदिए! अघमरो लोग्ने छोडेर ओखती लिन गएकी थिएँ। अब कसरी घर पुग्ने?"

बूढी दमिनीको छाला र हड्डी मात्र भएको जीर्ण शरीर थरथर काम्दै थियो। त्यसका चाउरी परेका गालाका डीलमा आँसुका थोपा डगमगाउँदै थिए। बूढीका बिलौनाले मेरो छाती विदीर्ण गऱ्यो।

मैले भनें—"आऊ ठूलेकी आमा, तिमी पनि हातेमालो गर।"

मेरो मुखबाट यति शब्द मात्रै निस्केका थिए, ती व्यापारी, ज्यामी र मेरो चाकर-समेत एकमुख भएर चिच्च्याए, "राम, राम! कान्छा बाजे! यो के भन्नुहुँदै छ।"

मैले भनें, "किन! के भयो?"

गाउँको एउटा ज्यापूले भन्यो, "अछूती दमिनीसित हातेमालो गर्ने! यस्तो बितौल पनि कसैले गर्छ? बाहुन भएर छुतछात, लसपस-को डर छैन?"

ज्यापूको यो कुरा जम्मैले, मेरो चाकर घर्तीले समेत समर्थन गरे।

बाले ब्रतबन्धका बेलामा भनेका कुराको मलाई हठात् सम्झना भयो। बाले भन्नुभएथ्यो—कस्तै संकट परोस्—चाहे ज्यानै जाओस् धर्म र निष्ठा नछोड्नू।

मेरो धर्म थियो त्यति बेला त्यो असहाय अबलालाई अघमरो लोग्ने भए-ठाउँमा पुऱ्याइदिने। त्यसो गर्दा मैले अछूती छुनुपर्ने थियो—साँचो हो। तर एउटी सती स्वास्नीमानिसलाई, चाहे जतिसुकै नीच जातकी होस्, छोएर मर्न आँटेको लोग्नेकहाँ पुऱ्याइदिंदा मेरो जात जाने, कुलधर्म नाश हुने? पितापुरखाको इजत जाने?

मैले चिनाएर, हियाएर एकचोटि ती लोग्नेमानिस भनाउँदा

जनावरहरूलाई हेरें, श्रद्धासित एकचोटि त्यो सती नारीलाई हेरें औ भक्तिपूर्वक एकचोटि आकाशपट्टि हेरें, मेरा इष्टदेवतालाई।

त्यसपछि मैले एउटा ज्यामीको हातबाट घोचा खोसें। बूढी दमिनी-लाई बोकेर घोचा टेक्दै म खोला-पारि पुगें।

गाउँमा यो कुरा प्रचार भयो। मेरा पूज्य दाज्यूले, मेरी आमा-भन्दा पनि प्यारी भाउज्यूले, गाउँका जम्मैले मलाई काढे। म भएँ जात गएको, बिग्रेको बाहुन।

यति भनेर घरको मालिकले लामो सास फेरेर एकचोटि आकाश-पट्टि हेऱ्यो। श्रद्धा र भक्तिले मेरो टाउको आफै निहुरियो। मैले गद्गद स्वरमा भनें, "बाजे, तपाईं जस्ता बिग्रेका बाहुनको संख्या ईश्वरले नित्य हजारगुणा बढाइरहून्।"

[साहित्यस्रोतबाट]

कथा
४

बितेका कुरा

एक :

तारा र मेरो दाम्पत्य जीवनलाई धेरैले आदर्श मान्छन् । बेसी-जसोले आह्विस गर्छन् ।

ताराको रूप-रंग उपन्यास र कथाकी नायिकाको जस्तो छैन—साँचो हो । तारा छिन् साधारण नेपाली स्वास्नीमानिस; जस्तो हुनुपर्ने उस्तै । गहुँ-गोरो रङ्गकी, न पतली न मोटी । पुराणकी पतिलाई देवता-तुल्य मान्ने नारीरत्नसित ताराको तुलना हुँदैन । तारा पतिव्रता छिन्, तर ऊ पतिकी मालिक्नी हुन् भन्ने कुरा मलाई र छरछिमेकलाई याद दिलाउन कहिल्यै त्रुटि गर्दिनन् ।

हाम्रो बिहे भएथ्यो दश वर्षअघि । दश वर्ष ताराको गुण र अवगुणको मधु र विष दुवै मैले आकण्ठ पान गरें । तर तिनका गुण जम्मै बिर्से तापनि तिनका सारा अवगुणसित तारालाई म प्राणभन्दा पनि बढ्ता प्रेम गर्छु—गर्थें ।

तर एक दिन हाम्रो दाम्पत्य जीवनमा के भयो, म बताउँछु ।

पाँच वर्षको छोरो छ । आमाले दिएको नाम, ध्रुवतारा । चार वर्षकी छोरी छ । ताराको आपत्तिलाई पर सारेर मैले राखिदिएको नाम, जलधारा । ध्रुवतारा र जलधारा दुवै हाम्रा प्राणका प्यारा—आँखाका

तारा। यी दुइलाई पालन-पोषण गर्दै सुखसित बगिरहन्छ हामी दुइको जीवनधारा।

कविता गर्ने प्रयास मैले गरेको होइन यी कुरा सत्य हुन्।

तारालाई बिहे गर्दा म एउटा मोटर चलाउने ड्राइभर थिएँ। महीनामा बीस रुपियाँ पाउँथें। मौका पारेर एउटा जड्डाउरी मोटर किनें—ताराका गहना बेचेर। लड़ाइँमा मोटरका धनीहरूले प्रशस्त धन कमाए।

आज मेरो दुइतले घर छ। चारोटा मोटरगाड़ी छन्, औ चार जना ड्राइभर मेरो चाकरी गर्छन्।

धन र प्रतिष्ठाले तारालाई अलिलि पनि छोएको छैन। छरछिमेकलाई दुःख-सुखमा सहाय गर्ने, गाउँभरिका टुहुरा-टुहुरी, काना-लङ्गड़ा, दुःखी-दाखीलाई सकेसम्म हार-गोहार गर्ने मानो उनले ठेका लिएकी छन्।

"यत्रो पैसा कमाउँछु, तिमी कुन खोलोमा लगाउँछयौ" भनी म तारासित बेला-बेलामा वादविवाद गर्छु। छिटै ताराको आगोमा तताएको फलामले डामेझैं तिखो जिभ्रोको दाह्रसित मैले हार मान्नुपर्छ।

तैपनि तारालाई म प्रेम गर्छु—प्रेम गर्थें, प्राणभन्दा पनि बढ्ता।

म मेट्रिकमा पढ्दै थिएँ। एक-एक क्लासमा तीन-तीनचोटि फेल हुन्थें। त्यसअर्थ मेट्रिकमा पुग्दा म चौबीस वर्षको कराँतिलो जवान थिएँ। जाँच शुरू भयो। मलाई न ता संस्कृतको आत्मनेपदको ज्ञान थियो न ता इतिहासको मौर्य्यवंशको पूर्ख्यौली! कालो मसीको एक थोपोले पनि उत्तर-पत्रहरूका अङ्कमा दाग नलाई म रोजै परीक्षा-घरबाट निस्कन्थें।

फेल भएँ। बाले भन्नुभो, "जे मन पर्छ गर्। तर घरबाट निस्की।"

ताराका पिता स्वयं मोटर चलाउँथे—आफ्नै एउटा मोटर थियो। मोटर चलाउने तालीमसित तिनले मलाई छोरी पनि दिए।

मैले अघि नै भनें, फेरि भन्दै छु, तारालाई म प्राणभन्दा पनि बढ्ता प्रेम गर्छु। साँच्चै भनौं भने, विधाताले स्वयं आएर आज मलाई, "तारासितै जीवन बिताउने कि फेरि शुरूदेखि मौका पाए अरू केही गर्ने ?" भनी सोधे भने, म विधातालाई ठाडै जवाब दिने, "ओ प्रभो ! चाहिएन अरू केही। मलाई मेरी तारा, मेरा छोराछोरी र मेरा चारोटा मोटरगाडी भए भैगो।"

म तारालाई प्राणभन्दा बढ्ता प्यारो गर्छु—गर्थें। तर एक दिन। आफैं मोटर चलाएर सिलीगुड़ी जाँदै थिएँ—त्यहाँ मैले दार्जीलिङमा नपाइने कतिवटा मोटरका भाग किन्न पाइन्छ भन्ने सुइँको पाएको थिएँ।

मोटर म आफैं चलाउँदै थिएँ—यात्रीहरू कोही थिएनन्। खरसाङ पुग्न आँटेको थिएँ, एउटी युवतीले हात उठाई।

मोटर थामिनेबित्तिकै युवतीले भनी, "सिलीगुड़ी जान्छौ ?"

मैले भनें, "जान्छु, तर दश रुपियाँ दिनुपर्छ।"

युवतीले भनी, "लौ दशै रुपियाँ दिन्छु।"

खरसाङ पुगेर मैले मोटर थामें। युवती हाते ब्याग च्यापेर रेलवेको शराबजी रेस्तराँमा चिया खान गई। म नेपालीको एउटा पसलमा गएँ।

दश मिनिटपछि युवती मोटरमा आएर बसी। सिलीगुड़ी पुगेर युवतीले दशोटा रुपियाँ दिएर भनी, "धन्यवाद ड्राइभर, लौ दुइ रुपियाँ बकस।"

मेट्रिकसम्म पढ़ेको। हातमा पैसा पनि छ। निकै ढाँचा पारेर सुटबुट सधैं लाउँछु—त्यस दिन पनि सेतो सुट लाएको थिएँ, हातमा सेतो छालाको पञ्जा थियो। तरुणीले मलाई मामूली ड्राइभरलाई जस्तो दुइटा रुपियाँ बकस दिंदा मैले मुसुक्क हाँसिदिएँ।

युवतीले सोधी, "किन हाँसेको ?"

मैले जवाब दिएँ, "म यो मोटरको मालिक, वेतनभोगी ड्राइभर होइनँ।"

युवतीले भनी, "म जान्दछु। म तिमीलाई चिन्दछु—तिम्रो घर पनि दार्जीलिङमा देखेकी छु। तर भाड़ा लिएपछि बकस लिनामा के हानि छ?"

युवतीको अकाट्य तर्कको उत्तर थिएन।

मैले अरू केही उत्तर सोच्न नसकेर भनें, "जाऔं-न त स्टेशनको रेस्तराँमा खाना खान।"

तरुणीले मलाई एकचोटि राम्ररी हेरी-जौहरीले पत्थर पारख गरेझैं। कौतुकले त्यसका आँखा हाँस्दै थिए। अलिलि हेल्चेक्र्याइँ, अलिलि आमोदले त्यसले ओठ दबाएकी थिई। दुइ मन भएर मानूँ कि नमानूँ गर्दै ब्याग नङले कोर्दै थिई।

म परें बड़ो असमञ्जसमा। आफ्नो धृष्टता संभेर रिस उठ्यो। युवतीले खसालेर केही भन्छे कि भन्ने आशङ्काले लाजले नजर भूइँमा गिऱ्यो।

तर युवतीले सहज स्वरमा भनी, "लौ हिंड!"

खाना खाइसकेपछि बेहेराले बिल ल्याएर टक्र्यायो। युवतीले तुरन्तै दश रुपियाँ ब्यागबाट निकालेर राखिदिई। म हुस्सु। अरू केही कुरा सोच्दै थिएँ—युवतीले आँखाको पलकमा रुपियाँ निकालेर दिइहाली। लाज, खेद र ग्लानिले म भुतुक्क भएँ। मैले भनें, "यो ता बड़ो अन्याय! मैले गरें निम्तो औ तिरो तिऱ्यौ तिमीले!"

कौतुकले सधैं हाँस्ने आँखाले मलाई छक्क परेको स्वाँग पारेर हेर्दै युवतीले भनी, "यसमा के बिग्र्यो त?"

के बिग्र्यो भन्ने अड्को फुकाउने न ता मेरो त्यति बेला बुद्धि भयो, न साहस। म अलमल्ल, अकमक्क परेर निधारको पसीना पुछ्न थालें।

एकछिनमा दार्जीलिङ मेलमा चढेर युवती जलपाइगुडी प्रस्थान भई।

रेल छुट्ने बेलामा युवतीले ती सधैं ठट्टा गरेर हाँसिरहने आँखाले मलाई हेरेर, कस्तो-कस्तो एक प्रकारको वर्णन गरि नसक्ने हाँसोले अनुहार उद्दीप्त पारेर भनी, "ड्राइभर मालिक, अनेक धन्यवाद ! नमस्कार !"

बाफले चल्ने इञ्जिनले ठूलो शब्द गर्दै आफ्नो रवाफ दुनियाँलाई जाहेर गर्दै, मदोन्मत्त मदोत्कट झैं वेग हान्यो। किंकर्त्तव्यविमूढ भएर-एकछिन इस्स परेर म त्यतै हेरिरहें।

× × × ×

मेरो मति बिग्र्यो। मेरो मन काबूमा रहेन। म अर्कै मान्छे भएँ। तारासित रात-दिन म कलह गर्न थालें। ध्रुवलाई रोजै पिट्न थालें औ जलधारा मेरो मिजास देखेर मदेखि सधैं बाह्र हात टाढा बस्न थाली।

ताराले पुरानो युक्ति चलाइन्। तर म चिह्नि नसक्ने गरी फेरि-सकिएको थिएँ। एक दिन बढ्ता के भनेर ताराले मलाई दमन गर्न खोजेकी थिइन्, मेरो कठोर मुट्ठीको निर्मम आघात खाएर भूइँमा लोटिन्।

गाउँलेहरूले भने, "पैसाले मात्तिएको।"

मैले सदर्प कराएर भनें, "कसको बाबुको खाएको छु ? अगि बढ्दोस् त्यसको छोरो।"

कौतुकपूर्ण हाँसोले उल्लसित मोहडा, हाते ब्याग च्यापेकी, चटुल दृष्टि र कालो सारी लाएकी त्यो अज्ञात युवतीलाई मैले लाखौं प्रयत्न गरे तापनि बिर्सन सकिनँ।

साता दिनपछि म जलपाइगुडी पुगें। अनेक खोजी गरेर युवतीको अनुसन्धान पाएँ।

शहरको उत्तर प्रान्तमा एउटा सानो पक्का घर। म साइकल-रिक्शामा चढ़ेर त्यहाँ पुगें। ढोकामा उभिएर लामो सास फेरें। गोड़ा थर्-थर् काम्न लागे। पसीना चट्चटी बग्न थाल्यो। एकचोटि ता फर्कौं कि जस्तो लाग्यो, तर साहस गरेर ढोका ढक्ढकाएँ।

अलिक बेरपछि ढोका कसैले उघार्‍यो औ देखापरी उही युवती।

सबैभन्दा अगि मैले लक्ष्य गरें त्यसका आँखा। काजलले ती काला थिए—अङ्गार जस्तै—अँध्यारोमा धिपधिप बल्ने बाघका आँखा-जस्ता। सेतो सारी, केश धिर्‍नोमा थुप्रिएका।

मलाई देखेर युवतीले फेरि त्यही कौतुकप्रिय आँखा नचाउँदै, ओठ दबाएर, निधारमा हात ठोकेर भनी, "अहा! कस्तो सौभाग्य! आज कसको मुख हेरेर उठिछु! ड्राइभर-मालिक! कहाँबाट?"

मेरो के अवस्था भयो, म कसरी बताऊँ! म थचक्क बस्न खोजें, तर बस्न सकिनँ। म भाग्न खोजें, तर मेरा पाउ त्यहीं गाड़िए। मैले केही भन्ने चेष्टा गरें, तर मेरो जिभ्रो लट्ठियो। मेरा सर्वाङ्गमा पसीनाका धारा छुटे। मैले पक्क परेर युवतीको अनुहारमा हेरिरहें।"

युवतीले भनी "के, त्यसरी पक्क परेर हेरिरहेको? हेर-न मलाई; म मामूली मासु र छालाले बनेकी छु। नपत्याए छामिहेर।"

म होशमा आएँ। मलाई आफ्नो रूप र धनको अहङ्कार थियो। कोहीभन्दा कम किन हुन्छु भन्ने मेरो सतत अभिमान थियो। औ त्यो अलमस्त तरुणीको गर्वको खर्च गर्ने मैले पक्का गरें।

मैले भनें, "कहाँबाट आउँथें र? जलपाइगुड़ीमा मोटरहरू किन्न पाइन्छन् रे भन्ने कुरै सुनेर आएँ।"

युवतीले भनी, "धनी मान्छेहरूको कुरै बेग्लै। अच्छा; एकछिन कारबारका कुरा बिर्सेर गरीबको झुपड़ीमा विश्राम गर-न त।"

मैले भनें, "होइन भोलि आउँला।"

युवतीले भनी, "यो पनि मेरो अभागी टाउकोकै दोष हो। कति टाढ़ाबाट आए अतिथिदेवता। कोठामा गोड़ा धरि नटेकी लगत्तै फर्कने!"

मुख सकेसम्म युवतीले म्लान पारी। म मोहान्ध थिएँ; तैपनि त्यसका आँखाका कुनामा मैले कौतुकका पातला रेखा देखें। तर देखेर के हुन्छ? मलाई अघि कहिल्यै अनुभव नभएको एकतमासको भावनाले बौलाहा जस्तो पारिसकेको थियो। एक मनले भन्थ्यो, 'तँ के गर्न आँटिरहिछस्। घर जा! तारा, छोरा-छोरी,—घरबार सबै तँलाई पर्खिरहेका छन्!' फेरि अर्को मनले भन्थ्यो, "कस्ती छक्क पार्दी यो युवती? जीवनमा यस्तो ता तैंले कहिल्यै देखेको थिइनस्—जानेको थिइनस्। यस्तीलाई छोड़ेर तँ कसरी फर्कन्छस्—किन फर्कन्छस्?"

युवतीले गाला अलि फुलाएर, आँखामा आँसु आउला-अउला जस्तो फुस्रो अनुहार पारेर भनी, "नपस्ने, गरीबको झुपड़ीमा एकचोटि?"

ती ज्वलन्त दुइटा आँखा, बयान गरि नसकिने मोहड़ा, कुन्नि कसरी गठित भएको एक प्रकारको उन्माद पार्ने शरीर। तिनले मलाई उन्मत्त पारे—प्रमाद पारे।

म भित्र पसें। हातमुख धोएर आराम-कुर्सीमा लमतन्न भएँ। युवतीले चिसो शरबत र सन्देश खान दिई। मैले त्यसको हिंड़ाइ, त्यसको बसाइ हेरिरहें। कति रकमका स्वास्नीमानिसहरूलाई मैले अघि भेटेको थिएँ—कतिसित मेरो परिचय छ। तर यस्ती स्त्रीसित कहिल्यै साक्षात् भएको थिएन।

खिस्स हाँस्छे। "खाऊ-न सन्देश, उठाऊ-न एउटा—लौ भो; त्यो सन्देशले तिमीलाई खाइ त हाल्दैन है!"

म हतपती सन्देश निल्छु। सन्देश घाँटीमा अड्कन्छ।

आँखा ठूला-ठूला पारेर युवती मलाई हेर्छे। त्यहाँ हेल्चेक्याइँ छैन, क्रीडा छैन, कौतुक छैन। त्यहाँ सरलता, नारीका माया र ममता झल्झली देखिन्छ। तुरुन्त शरबतको ग्लास मेरो मुखमा लाइदिएर भन्छे, "छिटो—पिइहाल, स्वाट्टै।"

घाँटीमा अड्केको सन्देश तलतिर ओर्ल्यो। अलिल स्वस्थ भएर रुमालले आँखा पुछें।

युवतीले भनी, "कस्तो सन्देश खान पनि नजान्ने।" मैले आँखा उठाएर हेरें। युवतीका ती दुइ आँखा—फेरि त्यही निर्मम हेल्चेक्याइँ र कौतकले नाचिरहेका छन्।

मैले भनें, "अब म जाऊँ है त ?" युवतीको अनुहारमा मैले भाग्न लागिरहेको अँध्यारो छाया मिलिक्क देखें।

त्यसले छोट्करीमा सोधी, "फेरि कहिले आउने ?" मैले केही नसोची झट्टै उत्तर दिएँ, "अर्को आइतवार।"

एक-एक मिनिट, एक-एक घण्टा, प्रत्येक दिन गन्न थालें। कैले आइपुग्ला अर्को आइतवार ! मलाई त्यति बेला के भएथ्यो--आज धीर संयत मगजले कति सोच्ता पनि त्यो भेदको वारपार देख्तिनं। "म स्वास्नीको धनी, छोराछोरीको प्यारो पिता। कति हाम्रो पारिवारिक जीवन देखेर आह्रिसले मर्छन्। फेरि म भरखर बैंसले छोएको जवान होइन। मेरो टाउकोमा जिम्मावारी छ, समाजमा मेरो अलि-अलि कदर पनि छ। मैले नाउँ न गोत जानेकी यो युवतीसित वास्तै राख्नु हुँदैन" भन्ने कुरा हजारचोटि सात दिनसम्म आफूलाई आफैं संझाउने भरसक कोशिश गरें।

बिचरा ताराले मलाई प्रसन्न राख्न केही बाँकी राखिनन्। तिनका प्रश्नहरूको उत्तर म रुखो स्वरले दिन्थें, "हैन, के भएको छ र मलाई ? दिक्क नलाऊ-न है सित्तैमा।"

तारा भन्थिन्, "तपाईं आजकाल किन मलाई अँध्यारो मुखले मात्र हेर्नुहुन्छ ?" म भन्थें, "त के सधैं दुष्यन्तले शकुन्तलालाई नाटकमा हेरेको जस्तो हेर्नें ?" तारा निरुत्तर रहन्थिन्—मुजेत्रोले आँसु पुछ्थिन्। म झर्केर घरबाट निस्कन्थें। छोराछोरी मलाई देख्ने-बित्तिकै सास फेर्न पनि डराउँदै अर्को कोठातिर सट्किन्थे। ताराले दुइ तीनचोटि पुरानो चाल चलिन्—आफ्नो प्रभुत्व तीखा-तीखा वचनले म-माथि जमाउने चेष्टा गरिन्। अघि-अघि तारा सफल हुन्थिन्, म हार मान्थें। तर मलाई त्यति बेला केले कुन्नि कस्तो पारेको थियो, भन्न सक्तिनँ। तीनैचोटि तारालाई मैले चुटें—मनमा तिलमात्र पनि दया जागेन।

छरछिमेकका निम्ति यो नित्य घटना जस्तै हुन थाल्यो। अघि औ तारालाई आहिस गर्थे ती स्वास्नीमानिसहरू भन्न लागे, "कठैबरा! घाम र जून जस्ता छोराछोरी। घरबार कस्तरी बरबन्दोबस्त गरिराखेकी छन्। तैपनि लोग्नेका आँखाको छारो। दिन बिग्रे कसको के लाग्छ !"

सातौं दिन म जलपाइगुड़ी पुगें। युवतीले हाँसेर मलाई स्वागत गर्दै भनी, "यस पटक नि के किन्ने जलपाइगुड़ीमा ?"

म केही नभनी सरासर भित्र पसें, आराम-कुर्सीमा अर्धशयित भएर मैले एकचोटि ध्यानसित युवतीलाई हेरें।

युवती मेरो सामने देब्रे हात ऐनादार टेबलमा राखेर एकपट्टि ढल्किएर उभिएकी छ। औ ती चटुल, चपल, चलिरहने आँखा। कौतुक र हेल्चेक्र्याइँ त्यहाँबाट बेला-बेलामा मलाई च्याएर हेर्छन्। फेरि झुक्कुलपुक्कुलमा माया र अनुरागले पनि त्यहाँ झल्याकझुलुक गरेको देखिन्छ। कस्तो रहस्य ? मैले बुझ्न सकिनँ। युवतीको चाल क्या हो ? प्रेमको भान, लोलोपोतो, फुस्ल्याहट ? अथवा साँच्चैको मायामोह ? कसले फुकाइदेओस् यो अड्को ?

हार मानेर मैले भनें, "म केही किन्न-बेच्न आएको होइन। मेरो तिमीसित कति कुरा गर्नु छ।"

भूइँको मान्द्रोमा थचक्क घुँडा जोरेर बसेर त्यहाँ दुइ हत्केला राखेर खूब ठूलो आश्चर्यमा परेको जस्तो भङ्गीभाव देखाउँदै, आँखा यति ठूला-ठूला पार्दै निस्कने चोसे ओठले युवतीले भनी, "ढोका थुनौं ? कस्ता कुरा ? गुप्ति कुरा ? डरलाग्दा कुरा ? चाखलाग्दा कुरा ? अर्तीका कुरा ? कि बेपारका कुरा ?" यति भनेर युवती खित्का छाडेर हाँसी, घरको छानु नै उचाल्ली जस्तो गरी। मैले कमीजको बटन खोलेर रुमालले घिच्रोको पसीना पुछ्दै अलिलि रुखो स्वरमा जवाब दिएँ, "तिमी मलाई के गधाको बछेडो ठान्छयौ कि कसो ?"

मोहडा साह्रै गम्भीर पारेर युवतीले भनी, "हाय विष्णु—पाप लाग्छ, त्यस्तो कुरो मुखबाट निकाल्यौ भने। म माफी माग्छु।"

ममता र करुणाले त्यसका आँखाबाट मलाई पुलुक्क हेरे। "पर्ख, म तिमीहरूलाई एउटा कुरा सोध्छु" भन्न लागेथें, ती दुइ निमेषमा अल्पिहाले। त्यो निर्दयी अटूट हेल्चेक्रयाइँले त्यहाँबाट मलाई लोप्पा खुवाउन थाल्यो। म अलिलि रिसाएको देख्ता त्यो छुल्याहा एकछिन कुन्नि कता लुक्छ र फेरि देखापर्छ। कति जिस्क्याइरहेको किन हो कुन्नि ?

"भन, के भन्नु छ, म ध्यान दिएर सुन्छु—सतोसत।"

मैले शरबत खाएर भनें, "तिमी को हौ ? तिम्रो बिहे भएको छ कि छैन ?"

युवतीले मुसुक्क हाँसेर आँखा चिम्ली, "म को हुँ, त्यो त तिमी आफ्नै आँखाले देख्दै छौ। हाड र छालाले बनिएको नेपालीकी छोरी। मेरो बिहे भयो कि भएन—त्यो हो बितेको कुरो—बितेको कुरो भने म बिर्सिहाल्छु। अरू केही छ सोध्ने ?"

व्याकुल, व्यग्र कण्ठमा मैले एक्कासि भनें, "तिमी मसित बाल्छयौ ?" यो वाक्य मेरो गलाबाट त्यसरी नै निस्क्यो जसरी टोलाएर बन्दूक खेलाइरहेको मानिसको हातबाट संयोगवश गोली छुट्छ।

गोली पड्केको आवाजले जसरी त्यो मानिस तर्सेर होशमा आउँछ, यो वाक्यको अर्थ अनुभव गरेर म पनि त्यसरी नै झोक्कासित (झसङ्ग) झस्किएँ।

युवती पनि कुराकानीले एकाएक यो नयाँ रूप लिएको देख्दा विचलित भई। क्षणिक सन्तोष दिने मेरा साथी माया र करुणा विस्मयसित हातेमालो गरेर युवतीका आँखामा फुत्रुक-फुत्रुक नाच्न थाले। तर एकैछिनमा ती भागिहाले।

युवतीले भनी, "तिमी यो कुरा साता दिन राम्ररी विचार गरिहेर।"

अ ीर भएर म युवतीलाई आलिङ्गन गर्न गएँ। ऊ तुरुन्तै उठेर बाहिर निस्की। शान्त स्वरमा युवतीले भनी, "ड्राइभर-मालिक, तातो खाएर जलिमर्नु किन ? अहो ! के राम्रो जुनेली रात। डुल्न जान्छौ ?"

साँच्चै सुन्दर जुनेली रात थियो। जलपाइगुड़ीको मुख्य बजार राती लाग्छ। घुमी-घुमी युवतीले कति थोक किनी। मैले एउटा सुनको हार किनिदिन्छु भनी आग्रह गरें, उसले लिन मानिन। त्यही हेल्चेक्र्याइँको दृष्टिले मलाई पनि हारलाई पनि हेर्दै भनी, "हार लिने पनि, हार दिने पनि; दुवै लायक हुनुपर्छ। लिने समय र दिने समय दुवै मिल्नुपर्छ।"

मैले यो रहस्यको अर्थ बुझिनँ।

मदेशका सेता मगमग बास्ना आउने फूलको माला किनेर युवतीले गलामा लाई, खोपालाई सिंगारी। सौदापात किनिसकेपछि हामी दुइ फर्क्यौं। साइकल-रिक्शा चढ्न मानिन। उसको हिँड्ने बानी छ भनी।

युवती र म त्यो विशाल जनाकीर्ण राज-पथमा हिँडिरहेका छौं—उ द्रुत चञ्चल दृष्टिले कहिले यता हेर्दै, कहिले उता। कोही चिह्नेको नेपालीलाई देख्दा हाँसिदिन्छे। अनेक रकमका कुरा गर्छे अरूका विषयमा। त्यसको कोमल शरीरलाई स्पर्श गर्छु। ती फूलका बास्नाले मेरो मगज भरिदिन्छ। मलाई सपनामा हिँडेको जस्तो लाग्छ।

घर पुगेर युवतीले भनी, "आज यहीं खानुपर्छ। तिमीलाई केही आपत्ति छ ?"

मैले भनें, "छैन, तर तिम्रो जात ?"

"जात ?" खित्का छाडेर हाँस्दै उसले भनी, "जात ! कसको ? मेरो ?—मेरो जात नेपाली, बुझ्यौ ?" बाहुनलाई कराई, "भान्सा तयार भो बाजे ?"

जाने बेलामा नमस्कार गरेर युवतीले भनी, "साता दिनसम्म तिमी आफूले भनेको कुरा विचार गरिहेर। जान्छ्यौ भन्दैमा जाने स्वास्नी-मानिस जतासुकै पाइँदैन। मन पर्‍यो भन्दैमा जुनसुकै आइमाईलाई जान्छ्यौ भन्न पनि ठीक कुरो होइन। देखेकोले के हुन्छ ? लेखेकोले पो हुन्छ। लौ त अर्को साता है ?"

हप्ता दिन घरमा फेरि अशान्ति-पर्व जारी रह्यो।

जलधारा पाँच दिन जरोले ओछ्यान लागी। तारा रातदिन छोरी-को सिहारमा रहिन्। करुणादृष्टिले मलाई हेर्थिन्—अव्यक्त भाषामा भन्थिन्, "किन रातदिन झर्कनुहुन्छ। हात मसारेर कपाल थिचिदिए जलधारा कति फुरुक्क हुँदी हो। उ तपाईंको सानैदेखिकी प्यारी।"

म सबै बुझ्थें। बेला-बेलामा क्षोभ र ग्लानिले मेरा मनमा सेरिएर मर्ने प्रेरणा पैदा गरिदिन्थे। तर मलाई बयान गरि नसक्ने मोहान्धले अर्कै मानिस तुल्याएको थियो। म मेरो वशमा थिइनँ।

सातौं दिन म जलपाइगुडी जान भनी भारी-गठरी नोकरलाई तयार गर्न लाउँदै थिएँ, हठात् ताराले मेरो पाउमा छाँद हालेर भनिन्, "हिजोदेखि जलधारालाई अल्लि बिसेक छ। बा ! बा ! भनी बस्छे। कहाँ जान लाग्नुभएको ?"

"जलपाइगुडी जरूरी काममा," मैले मेरा गोडा ताराको बाहु-पाशबाट मुक्त गर्दै भनें।

आँसु झरझर् झार्दै गरेकी तारालाई तिरस्कार गरेर म अर्को कोठामा गएँ।

जलपाइगुडी पुगेर म स्टेशनबाट सरासर युवतीको घरमा पुगें। युवती बाहिर बरण्डामा बसेर घाममा भरखर धोएको केशराशि सुकाइ-रहेकी थिई। मलाई देख्नेबित्तिकै जुरुक्क उठेर दुइ हातले छरपुष्ट भएका केश सम्हाल्दै भनी, "म तिम्रै बाटो हेरिरहेकी थिएँ।"

मैले केही नभनी त्यसका आँखामा हेरें। आज त्यहाँ त्यो छुल्याहा हेल्चेक्र्याइँ र त्यसको क्रूर साथी कौतुक थिएनन्। माया र ममता त्यहाँ देदीप्यमान थिए।

सधैंको आराम-कुर्सीमा लमतन्न भएर म शरबत खान थालें। युवती भुइँमा मान्द्रोमा बसी।

धेरै बेरसम्म हामी दुइ मौन रहेर परस्परलाई हेरिरह्यौं। हाम्रा मुख बोल्दैनथे, तर हाम्रा मन बोल्थे, प्रश्न गर्थे, शंका गर्थे, तर्क गर्थे। हामी दुइका मनमा तानातान थियो।

निकै बेर यसरी बिताएपछि, मैले भनें, "के तिमी साँच्चै मेरो बाटो हेरिरहेकी थियौ ?"

युवतीले बिस्तारै टाउको हल्लाई।

मैले भनें, "बोल-न ?"

"के बोल्ने ?"

फेरि दुवै एकछिन स्तब्ध रह्यौं।

आखिर मैले भनें, "मसित जाने ?"

युवतीले मलाई एकचोटि पुलुक्क हेरी। त्यसका आँखामा मैले कहिल्यै नदेखेको कुरो देखें—आँसु! डबडब-डबडब गरिरहेको।

"सबै थोक राम्ररी विचार गऱ्यौ ?" मृदु स्वरमा युवतीले सोधी।

मैले भनें, "गरें। तिम्रा लागि जे भन्छ्यौ त्यही गर्न तयार छु।"

त्यसले भनी, "मेरा लागि घर-द्वार, छोरा-छोरी, इष्ट-मित्र श्रो तिम्री--तिम्री स्वास्नीसमेत सबै छोड्छौ ?"

"निश्चय ।"

युवतीले लामो सास फेरेर भनी, "अर्को कुरो। तिम्रा साना छोरा-छोरी छन्। तिम्रो र मेरो दुवैको जम्मै जेथा-सम्पत्ति ती दुइका नाममा गराउनुपर्छ।"

मैले भनें, "राजी" ।

"पछिल्लो कुरो, हामी दुइ यो देश त्याग गरेर बर्मा जाने। त्यहाँ गएर सके बुद्धिबलले नभ्याए बाहुबलले जीविका चलाउने।"

मैले भनें, "जसो भन्छ्यौ ?"

युवतीले भनी, "सबैभन्दा पछिल्लो कुरा। म को हुँ, को थिएँ, कसकी थिएँ वा थिइनँ यो कुरा तिमीले कहिल्यै कसैलाई कुनै हालतमा पनि नसोध्ने।"

मैले सोधें, "कारण ?"

"कारण ?" युवतीले भनी, "कारण सोझो छ। बितेको कुरालाई आउने जीवनसित नाता जोड्न दिँदा नाना रकमका विघ्नबाधा आइलाग्छन्। जीवनलाई बेस्वादिलो पारिदिन्छन्। अघिका कुरा, अघिका मानिस र अघि बसेको ठाउँ बिर्सेर हामी दुइले नयाँ कुरा, नयाँ मानिस र नयाँ ठाउँ लिएर आउने जीवनपट्टि पाइला अगि सार्‍यौं भने मात्र त्यो जीवनलाई हामी सुस्वादिलो बनाउन सकौंला।"

म साँच्चै आश्चर्यमा परें। युवतीको पनि गहिरो व्यावहारिक बुद्धि देखेर म दङ्ग परें।

मैले भनें—"हुन्छ, म तिम्रा बितेका कुरा आजदेखि उसो कहिल्यै जान्ने इच्छा राख्तिनँ।"

युवतीले भनी, "आज रातभरि यी कुराहरू एकचोटि राम्ररी विचार गरेर भोलि मलाई जवाब देऊ।"

अधीर भएर मैले भनें, "भनिहालें नि अघि नै।"

मुसुक्क हाँसेर युवतीले भनी, "हतारको काम कहिल्यै सप्रँदैन।"

"डाकबंगलामा आज रात बिताऊ। भोलि चार बजे म तिमी-लाई यहाँ पर्खिरहनेछु।"

डाकबंगलामा युवतीले मलाई पुऱ्याइदिई। त्यहाँ अगि नै एउटा कोठा ठीक गरेर सब बरबन्दोबस्त गरिराखेकी रहिछ। त्यहाँ निकै बेर बसेर मसित युवती कुराकानी गरिरही। राती नौ बजेतिर बिदा लिएर ऊ बाहिर बरण्डा-पार गर्दै थिई, एउटा दौरा सुरुवाल लाएको डँड़ाक नेपालीले भन्यो, "हन, आज किन यहाँ देखियो?"

युवती फरक्क फर्की। हाँसेर हात उठाएर नमस्कार गर्दै तिनले भनी, "तपाईं कहाँबाट?"

डाकबंगलाको बरण्डामा ट्वार-ट्वार तमाखु तान्दै उत्तरमा धूवाँ उड़ाउँदै उसले भन्यो, "चिया-कमानका धेरै पार्सल हराएर मेनेजर साहबले खोजी गर्न पठायो।"

युवतीले भनी, "भोलि एकचोटि हाम्रो घरतिर पनि निस्कनुहोस् है त। आजकाल ता के, बिरानो भइजानुभएको छ।"

"किन हुन्थें बिरानो। आउँला नि त्यसो ता—किन नआउने है।"

युवती फुपाज्यूलाई प्रणाम गरेर त्यहाँबाट बिस्तार-बिस्तार घरतिर लागी।

फागुन बितिसक्न आँटेको थियो। जलपाइगुड़ीमा गर्मीले अड्डा जमाईसकेको थियो। म दार्जीलिङ बस्ने मान्छे। गर्मी सहन नसकी नुवाइ-धुवाइ गरेर बाहिर बरण्डामा बस्न गएँ।

फुपाज्यू त्यसरी नै गोडा कुर्सीमा चढ़ाएर तमाखु तान्नमा तल्लीन थिए।

युवती को हो—त्यसका बितेका कुरा, त्यसको अतीत जीवन जान्ने खुल्दुलीपन मेरो मनदेखि अलिकति पनि टाढ़ा सरेको थिएन। जीउँदै

फुपाज्यूलाई नजीकैमा देख्दा मैले मनको खुल्दुलीपनलाई पटक्कै थाम्न सकिनँ।

एकछिन फुपाज्यूका कुर्सीनेर उभिएर अल्याङमल्याङ गरेँ। सिग्रेट सल्काएँ। दुइ-चारचोटि बरण्डामा ओहोर-दोहोर गरेँ। तर फुपाज्यूले मलाई हेर्दा पनि हेरेनन्। अन्त्यमा तिनको कुर्सीको अगि उभिएर मैले प्रणाम-गरेर भनेँ, "तपाईं कहाँदेखि आउनुभएको ?"

"सोमबारेबाट" तमाखु ट्वार-ट्वार गर्दै फुपाज्यूले उत्तर दिए।

एक-एक प्रश्नको एक-एक उत्तर पाएँ। ती चियाकमानका मुंशी रहेछन्। अघि दार्जीलिङ बस्ने। चारोटा छोराछोरी छन्। कमानको काममा जलपाइगुड़ी आएका। तीन चार दिन लाग्ला काम सिद्ध्याउन। म को हुँ, कताबाट आएको, फुपाज्यूले केही सोधेनन्।

आधा घण्टा यसरी च्याँखे दाउ चलाएर मैले सोधेँ, "ती युवती, जसले तपाईंलाई फुपाज्यू भनिन्, ती को हुन् नि ?"

फुपाज्यूले सोधे, "किन जान्न चाहियो ?"

मैले भनेँ, "त्यसै, तपाईंसित अघि कुरा गरेको देखेँ र।"

फुपाज्यूले सोधे, "नभनी हुँदैन ?"

मैले भनेँ, "भन्नोस्-न, म ता कसैलाई फेरि दोहोर्‍याएर भन्दिनँ। भन्नोस्-न। मेरो मनको खुल्दुली पनि मेटिने, समय पनि काटिने।"

फुपाज्यूले भने, "को हुन्थी र! साहिँलो ठकुरीकी छोरी। बाबु कमानमा सरदार काम गर्थ्यो—हद्दको जँड्याहा र जुवाड़े। स्वास्नी पोइला गई। छोरी चौध वर्ष पुगेकी थिई, मेनेजर साहेबलाई दुइ हजार रुपियाँमा बेचिदियो। साहेबले सात वर्षसम्म ठकुरीकी छोरीलाई रखौटी राख्यो, लेख्न-पढ्न सिकायो, मुलुक डुलायो, देखायो, सुखसित पाल्यो। वर्ष दिन - अगि साहेबले आफ्नै जातकी स्वास्नी बिहे गर्‍यो। ठकुरीकी छोरीलाई निकै धन र एउटा घर दिएर पर सारिदियो। सानैदेखि हाम्रो कमानमा बढ़ेकी। मलाई फुपाज्यू भन्छे।"

यति दिनदेखिको रहस्यको वारपार आज मैले देख्न पाएँ। देख्न पाएर मेरो युवतीमाथि श्रद्धा झन् बढ्न गयो। युवतीसित लागेर सबै त्याग गरी बर्मा जाने मैले दृढ संकल्प गरें।

भोलिपल्ट चार बजे म युवतीको घरमा देखापरें।

हेल्चेक्र्याइँ र कौतुकसित हेर्दै युवतीले भनी, "नमस्कार, ड्राइभर-मालिक।"

अकमक्क परेको मेरो अनुहारलाई एकटक त्यही दृष्टिले हेर्दै त्यसले भनी, "निक्लनोस् फुपाज्यू !" अौ खिस्का छोड़ेर त्यो हाँस्न लागी।

फुपाज्यूलाई देखाएर भनी, "यी मेरा फुपाज्यू होइनन्। जलपाइ-गुड़ीको नामी मोटर ड्राइभर। नाटकमा फुपाज्यू, बाजे, बड़ा-बाबू इत्यादिको पार्ट यी गजबसित खेल्छन्—बुझ्यौ ?"

फुपाज्यू जम्मै दाँत देखाएर हाँसिदिए।

युवतीले भनी, "तर यिनले भनेका कुरा जम्मै साँचा हुन्—सोह्र आना सत्य हुन्। तिम्रो मनको खुल्दुली मेटियो अब ता ? ड्राइभर-मालिक ! बिदा।"

मैले अत्यन्त कातर स्वरमा भनें, "हो मैले बिराएँ, तर तिम्रा बितेका कुरा सुन्न पाएर मेरो श्रद्धा, तिमीमाथि झन् बढ्न गयो—मेरो माया झन् गहिरियो। तिमी जे भन्छ्यौ म उही गर्न राजी छु।"

युवतीले भनी, "हामी दुइका कुरा पनि अब बितेका कुरा। तिनलाई जति छिटो बिर्स्यो उति राम्रो।"

"किन ?" मैले चिच्याएर आफूलाई सह्माल्न नसकेर मर्मभेदी स्वरमा भनें, "किन ?"

युवतीले भनी, "कारण; बितेका कुराले हाम्रो आउने जीवन बेस्वादिलो पारिदिनेछ।"

(गोर्खाबाट)

कथा ५	# आमा

एक :

छुरी जस्तो हुर्रिएर कोठामा पसेर काखीमा च्यापेका पुस्तक पलङ्गमा फ्याँकेर अमरले भन्यो, "आजदेखि म कालेज जान्नँ। म कम्युनिष्ट भएँ।"

आमा कोठामा एक कुनामा रोटी पोल्दै थिइन्। तिनले एकचोटि पुलुक्क अमरको अनुहारमा हेरिन्। थर्थराएको कोमल स्वरमा आमाले सोधिन्, "किन अमर ?"

अमर थचक्क ओछ्यानमा बस्यो। निधार दुइ हत्केलामा राखेर त्यसले भन्यो, "समाजको भलाइ गर्नलाई, जातिको उन्नति गर्नलाई, गरीबको गुहार र धनीको नाश गर्नलाई।"

आमा केही नभनी तावामा रोटी पकाउन लागिन्। तिनको दृष्टि एकहोरो तावामा गाडिएको छ। त्यस दृष्टिमा छ अनन्त धैर्य, अगम वेदना र असीम करुणा।

चिया रोटी अमरका अगि राखिदिएर आमा आफै पनि खान थालिन्। अलि बेर दुवै आमा-छोरा मौन रहे। चिया खाइसकेपछि अमरले भन्यो, "मलाई बिसोटा रुपियाँ चाहियो।"

केश फुलेकी, वार्धक्यले अलि कुप्रिएकी, मरञ्यासी आमाले भनिन्, "त्यतिका रुपियाँ कहाँ पाउने ?"

अमरले जवाब दियो, "पसलमा।"

लामो सास फेरेर, उराठलाग्दो स्वरमा आमाले भनिन्, "कस्तो उरण्ठेउलो कुरो ?—कस्तो ?"

आमाको कुरै टुङ्गिन नदिई अमर हत्तपत्त कोठाबाट बाहिर निस्क्यो।

हाँड़ाभाँड़ा धोएर, मकलको आगो निभाएर, एउटा झुम्रे बर्को ओढ़ेर लठ्ठी टेक्दै आमा पसलतिर हिँड़िन्। भटमास, मकै, केराउ र सागसब्जी आमाका पसलमा छन्। नित्य यो क्षुद्र पसल बजारमा कुरेर आमा बस्छिन्। हिउँदको उत्कट जाड़ो, चैतको रापिलो घाम, साउन-भदौको अविराम झरी केहीले पनि आमालाई पसलदेखि अलग राख्न सक्तैन। राँड़ी आमालाई सानैदेखि बाबु मरेको टुहुरो छोरालाई पढ़ाउनुपरेको छ।

पसलमा आएर अमरले भन्यो, "रुपियाँ देऊ !"

आमा निरुत्तर रहिन्।

अमरले आमाको जाबी टिपेर टक्टक्यायो। झरेका जम्मै रुपियाँ पैसा हात पारेर तीनोटा रुपियाँ आमाका काखमा फ्याँकिदिएर अमर त्यहाँबाट हिँड्यो।

अगल-बगलका पसलेहरूले टिप्पणी गरे, "देख्यौ बूढ़ीको छोरोको चर्तिकला !"

आमाको शुष्क पहेंलो मुखको भाव पटक्कै फेरिएन। आँखाका कुनामा आँसु डब-डब गर्न लागे। भीरले घोचेको जस्तो असह्य चोट आमाको मुटुमा लाग्यो। तर उकुसमुकुस भएर निस्कन खोज्ने मुटुको व्यथालाई आमाले मुटुमै मिचेर राखिन्।

"कस्तो बित्यास। हरि ! कस्तो बित्यास" मनमनै यी कुरा दोहो-याइरहिन्।

राती दश बजेसम्म आमा अमरको निम्ति पर्खिरहिन्। अमर आएन। आमा केही नखाई, मकलको आगो खरानीले पुरेर त्यसमाथि खानेकुरा राखी, भूइँमा ओछ्यान लाएर पल्टिन्। रोग, शोक र

चिन्ताले क्षय पारेको दुर्बल देहलाई आमाले एउटा पुरानो पल्टने कम्बलले ढाकिन् ।

× × × ×

पन्ध्र वर्षको हुँदा आमा-बाबुले तिनको बिहे गरिदिएका थिए। बचपनले भरखर छोड़ेको थियो—बैंसले छोएको मात्रै। त्यस्तै समयमा तुरही, भयाली, कर्नाल आदिले गाउँ रन्काएर दुलहा ती भीरु किशोरीलाई लिन आएथे।

पुरानो पद्धतिको परिवारमा बढ़ेकी दुलही। कति दिनसम्म स्वामीको मुख हेर्न साहस पनि भएन। एक दिन स्वामीले चिउँड़ो समाएर दृढ़ अलिङ्गनमा बाँधेर भने, "किन यति साह्रै लजाएकी? हेर्दिनौ मेरो मुख? हेर-न—हेर्दैमा पाप त नलाग्ला है।"

अलि-अलि डराएका, लाजले विनत भएका, आनन्दले सजल भएका, काला-काला, लाम्चिएका आँखा दुलहीले स्वामीका आँखासित जुधाइन्। त्यसपछि नव दुलहीले स्वामीलाई हत्तपत्त ढोगिदिइन्—हिमाचलको कन्दरामा कपालमालिनीले कपालमालीलाई प्रथम साक्षात् हुँदा जसरी ढोगिथिन्।

बाबु खास-महलका मण्डल थिए। घर जमीन थियो—दुइ पैसा कमाएका थिए। छोरीलाई तीन-चार किताब घरैमा मास्टर राखेर पढ़ाएका थिए, बिहे गरिदिंदा दुइ हजार रुपियाँ दाइजो तिनले छोरीका हातमा हालिदिए।

पच्चीस वर्ष लोग्ने-स्वास्नीले बिताए, पच्चीस दिन जस्तो। दुवै एक शरीर, एक मन, एक प्राण भएका थिए। पच्चीस वर्ष तिनको बित्यो कहिल्यै शेष नहुने सुखको सपना जस्तो।

पच्चीस वर्षपछि तिनीहरूलाई सन्तानको मुख हेर्ने सौभाग्य प्राप्त भयो। छोरीको मुख हेरेर आमाको धेरै दिनदेखि सुकेको मातृहृदय

फर्‍यो। फेरि अर्को साल छोरा जन्म्यो। आमाले हर्षको आँसु बगाएर भनिन्, "जगदम्बे! हजूर प्रसन्न भइबक्सेछ। मेरो तपस्याको फल पाएँ।"

छोरा जन्मेको दुइ वर्षपछि कारबारमा घाटा लागेर लोग्ने-स्वास्नी भए बाटाका भिखारी। घरबार, झिटीमिटी भएभरका जम्मै जेथा साहूहरूले लिए। आमा आतेसमा परिनन्—अधीर भइनन्। स्वामी र छोरा-छोरी लिएर दुइटा कोठा भएको भाड़ाको घरमा आमा सरिन्। बजारमा पसल थापेर जहान पाल्ने भार आमाले लिइन्। बाबुले दाइजो दिएको धन तिनले साँचिराखेकी थिइन्—यस्तै दुर्दिनमा काम लाग्ला भनेर। यही मूल-धन लिएर आमा संसारसित द्वन्द्व गर्न अगि सरिन्। आमालाई स्वामीको सेवा गर्नुपरेको छ—छोरा-छोरी पालन-पोषण गर्नुपरेको छ।

अप्रत्याशित आघातले स्वामीको नैतिक बल चकनाचूर पारिदियो। स्वामीले मनको पीर रक्सीमा डुबाउने प्रयत्न गरे। बिस्तार-बिस्तार स्वामी भए रक्सीको कमारो। आमाले कति अनुनय गरिन्, कति बिन्ती—कति संझाइन्, कति रोइन्। तर स्वामीलाई रक्सीदेखि विरत गर्न सकिनन्।

त्यसपछि विश्वव्यापी लड़ाइँ फेरि शुरू भयो। स्वामी एक दिन कसैलाई केही नभनी सुटुक्कै पल्टनमा भर्ती भएर अदृश्य भए। चार वर्षपछि स्वामी घर फर्के—एउटा गोड़ा, तीनवटा पल्टने कम्बल र क्षय-रोग लिएर। पाँच महीना आमाले तिनको रातदिन सुसार गरिन्।

स्वामी मरेको दिनदेखि आमा भूइँमा सुत्छिन्। स्वामीले ल्याएको एउटा कम्बल ती ओढ्छिन् औ दुइवटा ओछ्याउँछिन्।

× × × ×

आधारातमा अमर घर फर्क्यो। आमा अर्द्ध-निद्रामा थिइन्। दुःख-सुखका कुरा गरिरहेकी थिइन्। स्वामी भन्थे, "कति अबेर गरेको ? अब म पर्खन सक्तिनँ।" आमा भन्थिन् "अमर बपुरो एकलै छ बढ्दै छ—पढ्दै छ। त्यो समर्थ हुनेबित्तिकै चरणका सेवामा हाजिर हुन्छ।"

अमरले ढोका ढक्ढकाउँदा आमा झल्याँस्स ब्यूँझिन्। खानेकुरा तताएर अमरलाई खान दिँदै आमाले सोधिन्, "यतिञ्जेल कहाँ थिइस्, अमर ?" छोराले छोट्करीमा जवाब दियो, "कमरेडहरूसित।"

दुइ :

भित्तामा ठूलो रातो झण्डा। झण्डामा हँसिया र मार्तोलको नक्शा। फोहोर कोठा—भूइँभरि बिड़ी र सिग्रेटका टुक्रा। कम्युनिष्टहरू-को अड्डा—कमरेडहरूको आफिस।

बत्तीस जना अल्लारिएका युवक-युवती। सबैका हातमा 'लोकयुद्ध' को एक-एक प्रति छ। टेबलमा दश बाह्रवटा हिन्दी र अंग्रेजी पुस्तक-हरू छन्। जम्मै कम्युनिष्ट साहित्य।

एउटा दुब्लो गोरो युवक कोठामा पस्यो। साथै त्यहाँ भेला भएका जम्मै सदस्यहरू खड़ा भए। एउटाले चित्कार गर्‍यो, "कम्युनिष्ट पार्टी अमर रहोस्!" अरू जम्मैले प्रत्युत्तरमा घरै थर्काए, "कम्युनिष्ट पार्टी अमर रहोस्!" फेरि अर्को गर्ज्यो, "कमरेड करबीर जिन्दाबाद!" बाँकी सबैले हुंकार गरे, "कमरेड करबीर जिन्दाबाद!"

कमरेड करबीर सबैलाई नमस्कार गरेर सामनेको एउटा कुर्सीमा बस्यो।

कमरेड करबीरको अनुहारमा गम्भीरता छ। निधार सधैं ठूलो चिन्ताले खुम्चिएको बुझिन्छ। आँखा कम्युनिष्ट विचारले सधैं जाज्वल्यमान रहन्छन्। एकचोटि भेला भएका युवक-युवतीलाई राम्ररी हेरेर कमरेड करबीरले भन्यो–

"कमरेडहरू ! तिमीहरूलाई म स्वागत गर्छु—मार्शल स्टालिनको पद्ममा। हाम्रो तीर्थ, हाम्रो मन्दिर, हाम्रो स्वर्ग हो मास्को। मास्को—जहाँ कम्युनिष्ट पार्टीको जन्म भयो, जयाँ कम्युनिष्ट पार्टी बढ्यो, जहाँ कम्युनिष्ट पार्टी अहिले दूबो जस्तो मौलाइरहेको छ। तिमीहरू त्यस्तो कम्युनिष्ट पार्टीका अति योग्य मेम्बर हौ। तिमी सबै फल, फुल—भारतका कुना-कुनामा फिंजिएर 'नहुने' गरीबका जीवनलाई सुखी पार, ढुङ्गा जस्ता कठोर मन भएका धनी र पूँजीपतिको गला घोटेर।"

कमरेडहरूका करतलध्वनिले आफिस गुञ्जायमान भयो।

कमरेड करबीरले एकछिन चुप लागेर टेबलमा हात ठटाउँदै भन्यो, "चुप लाग ! थपड़ी मारेर मात्र काम बन्दैन। काम गर्नुपर्छ—काम। ठोस काम—असल काम, गाह्रो काम।" अल्लारिएका कमरेडहरू यो भर्त्सना सुनेर चुप लागे।

कोठामा शान्ति ल्याएर कमरेड करबीरले भन्यो, "कसैलाई केही सोध्नु छ ?"

आनाकानी गर्दै, भनूँ कि नभनूँ भन्दै, गरूँ कि नगरूँ गर्दै अमरले बिस्तारै उठेर भन्यो, "कमरेड शब्दको अर्थ मैले सम्पूर्ण बुझेको छैन।"

कमरेड करबीरले भन्यो, "बस ! म बताउँछु।"

घाँटी सफा गरेर, कुर्सीमा तन्केर, आँखा आधा चिम्लेर कमरेड करबीरले भन्यो, "कमरेड शब्द अमृत हो, अनमोल हो औ ठूलो रत्न हो। नेपाली भाषामा लोग्नेमानिसका सँगी हुन्छन्, मीत हुन्छन्। स्वास्नीमानिसका सँगिनी हुन्छन्, मितिनी हुन्छन्। नेपालीहरू असभ्य, बर्बर र पाखे। राजा, बाहुन र देवता मात्र मात्रै जान्दछन्। तर कम्यु-

निष्टहरू राजा मान्दैनन्, धर्म मान्दैनन्, जात मान्दैनन्, न ता ती मान्छन् देवता-देवीहरू। कम्युनिष्ट भन्छन्--मान्छे सबै एकै हुन्—हक सबैको एक हुनुपर्छ। लोग्ने-मानिस र स्वास्नी-मानिसको समान हक र समान दर्जा हुनुपर्छ। त्यसकारण हामी 'कमरेड'—कमरेडेनी भन्दैनौं। सब हुन् कमरेड बुझ्यौ ? 'कमरेड' भनेको साथी। लोग्नेमानिस पनि कमरेड---स्वास्नी-मानिस पनि कमरेड। केटाकेटी, तरुण-तरुणी, बूढ़ा-बूढ़ी जम्मै कमरेड। गरीब होस्, धनी होस्, पण्डित होस्, मूर्ख होस्, राजा होस् रङ्क होस्--सबै कमरेड, जम्मै कमरेड।"

फेरि तुमुल करतलध्वनि। अमर खुशी भएर थचक्कै बस्यो। नयनताराले त्यसका पाखुरा चिमोटिदिएर लालनीय स्वरमा भनी, "बुझ्यौ ?"

अमरका गाला राता भए। नयनताराका मुख हेर्ने हियाउ त्यसको थिएन।

कमरेड करबीरको व्याख्यान ढोकामा उभिएर एउटा गोरो अधबैंसे मानिस सुनिरहेको थियो। करबीरका कुरा सकिएपछि धीर मन्थर गतिले मुसुमुसु हाँस्दै, टाउको निहुराउँदै, एक दुइ कमरेडको कुममा धाप मार्दै त्यो मानिस भित्र पस्यो।

कमरेड करबीर तुरन्त उठ्यो। भेला भएका सानातिना कमरेडहरू पनि जुरुक्क उठे। कमरेड करबीरले भन्यो, "कमरेड लालमणिजी की जय !" समवेत कमरेड एक स्वरमा चिच्याए, "कमरेड लालमणिजी की जय !"

कमरेड लालमणिले कमरेड करबीरले त्याग गरेको कुर्सीमा आसन ग्रहण गर्‍यो।

कमरेड करबीरले समवेत युवत-युवतीलाई सम्बोधन गरेर भन्यो, "प्रिय कमरेडहो ! हाम्रो सौभाग्यले हाम्रा नेता कमरेड लालमणिले

आज यहाँ पाउकष्ट गरिबक्सेको छ। उहाँको मुखारविन्दबाट चुहेको अमृतका थोपा अब तिमीहरू चाख्न पाऔला।"

कमरेड लालमणि बिस्तारै उठ्यो। एकचोटि त्यसले भित्तामा टाँगेको मार्तोल र हँसियाको नक्शा भएको रातो झण्डापट्टि नजर घुमायो। त्यसपछि मुसुमुसु हाँसेर हात जोड़ेर कमरेड श्रेष्ठले भन्यो, "कमरेड !–अँ, अँ। के भनौं भने–अँ अँ। अर्थात् कम्युनिष्ट पार्टी सबै-भन्दा ठूलो। अन्त–अँ अँ। जवाहर नेहरू चोर–गान्धी धूर्त-पटेल चोर! कम्युनिष्ट-बाहेक, कमरेड जोशी-बाहेक, जम्मै चोर। अँ अँ—जम्मै लुटाहा। पूँजी—पूँजी—के भन्छ, अँ अँ--पूँजीपतिका नोकर। बुझ्यौ ?"

कमरेड करबीरले फेरि गगनभेदी चित्कार गर्‍यो, "कमरेड लालमणि जिन्दावाद।" कमरेडहरू कराए, "कमरेड लालमणि जिन्दावाद।"

कमरेड लालमणिले निधार र जुङामा आएका चिट्चिटे पसीना पुछेर भन्यो, "अनि सुन्यौ। अँ—के; त्यो गोर्खालीग र त्यो, के भन्छ, अँ, कांग्रेस पनि दुवै पूँजी—अँ, अँ, पूँजीपतिका दलाल—बुझ्यौ ? कुनै दलमा नलाग्नू—सुन्यौ ?"

कमरेडहरूले बुझेर, सुनेर प्रलयंकारी कोलाहल गरे।

कमरेड लालमणि र कमरेड करबीरको त्यसपछि एकछिन काने-खुशी चल्यो। आखिरमा कमरेड करबीरले भन्यो, "कस-कसले कति-कति ल्याएको छ ? मजदूरहरूका लागि ल्याऊ।"

रातो साड़ी लाएकी, आँखालाई साँच्चै लोभ्याउने, यौवन अङ्ग-प्रत्यङ्गमा झल्काउने नयनतारा सबैभन्दा अघि खड़ा भई। "यो मेरो भेट—पचास रुपियाँ।" त्यसपछि अमर, त्यसपछि एक-एक गरी जम्मै कमरेड। अन्त्यमा कमरेड करबीरले एउटा थैला टक्याएर

भन्यो, "कमरेड, यी महीनाभरि बटुलेको भेट—नौ सय अठहत्तर रुपियाँ, चौध आना एक पैसा।"

कमरेड लालमणिले ती रुपियाँ पैसा ग्रहण गऱ्यो—साधुले भक्तहरूका हातबाट कन्दमूल लिएजस्तो।

धन्यवाद दिँदै उसले भन्यो, "यी सब रुपियाँ पैसा—अँ अँ पूँजीपतिसित, अँ, के अरे, अँ--धर्मघट गर्ने, हड्ताल गर्ने गरीब मजदूरहरूका निम्ति चाहिन्छ।"

सभा बर्खास्त भयो। कमरेडहरू आफ्ना-आफ्ना घर लागे। कमरेड करबीरले दश पैसाको खाना एउटा मोदीको पसलमा खायो। अनि पार्टीका कागजपत्र हेरेर मध्यरातमा ऊ आफिसको बेञ्चमा राड़ी ओढ़ेर सुत्यो।

अलि पर गएर एउटा टेक्सी बोलाएर कमरेड लालमणि घर फर्क्यो।

स्वास्नीलाई रुपियाँको पोका दिएर त्यसले भन्यो, "सधैँ सुन, सुन भन्थ्यौ। लौ, अब ता मेटियो मनको धोका?"

रुपियाँ गनेर लोग्नेलाई च्वाक्क चुम्मा खाएर उसका गाला मुसार्दै स्वास्नीले भनिन्, "कति राम्रो अनुहार। सधैँ म्वाइँ खाइरहुँ जस्तो।"

तीन :

नयनतारा र अमरले एकै साल प्रवेशिका परीक्षा पास गरेथे। धनी डाक्टरकी छोरी नयनतारा आइ० ए० पढ्न गइथी कलकत्ता। गरीब विधवाको छोरो अमर स्थानीय कालेजमा आइ० ए० पढ्थ्यो।

दशैं मात्र नयनतारा घर आएकी थिई। अमरसित दुइचारचोटि भेट भयो।

धनी पिताकी एक मात्र प्यारी लाडे छोरी। भावुक प्रकृतिकी

लहडी औ हदकी जिद्दी । कति महीनापछि अमरलाई देख्दा त्यसको मुटु हठात् अवर्णनीय आनन्दले ज्यादै ढुकढुक गर्न थाल्यो । अमरबिना भयो संसार असार—जीवन असह्य । हठी नयनताराले अमरलाई आफ्नो बनाउन केही कसर राखिन ।

नयनताराको कुहकमा परी अमर भयो कम्युनिष्ट, अमरले कालेज त्याग गऱ्यो, आमालाई अमरले टेर्न छोड्यो ।

कम्युनिष्टहरूका अड्डाबाट अमर र नयनतारा सोझै सिनेमा हेर्न गए । सिनेमा सकिएर अमर गयो नयनतारालाई घर पुऱ्याउन । बाटामा ती दुइका बीचमा अनेक थरिका कुराकानी भए । दुवै पढे-लेखेका—दुवै जेहेन्दार । कुरा गर्दै ती शहरका एउटा पार्कमा पुगे । नयनताराले भनी, "कसरी सिपाही जस्तो हिँड्केको, अमर । म त अब एक पाइलो पनि अगि सर्न सक्तिनँ ।"

अमर मुसुक्क हाँस्यो । पार्कको बेञ्चमा नयनतारा बसी । अमर अल्लि अप्रतिभ भएर अलिक टाढा बस्यो । नयनताराले भनी, "लौ हेर-न अमर, मेरा न त बोक्सीका जस्ता लामा दाह्रा छन्, न तीखा तीखा नङ । किन डराएर अलग्गै बसेको ?"

अमर लाजले भतुक्कै भयो । हत्तपत्त ऊ नयनताराको छेउमा सरेर बस्यो ।

अमरलाई एकचोटि आमाको संझना भयो । आधारातमा चिसो भूइँमा मकलनेर खानेकुरा कुरेर, अमरका प्रतीक्षामा बूढी आमा बसिरहेकी होलिन् । तर एकैछिन । नयनतारा अमरसित कुम दाँजेर बसेकी छ । कति चिट्ट परेकी ! त्यसका चञ्चल, चटुल आँखाको तन्काइ, कम्पित मनोहर ओठको बटाराइ र बात गर्दा बेला-बेलामा पातला सेता औंलाको हल्लाइले अमरलाई उन्मत्त पारिदिए ।

नयनतारा भन्छे, "सुन्यौ अमर, मानिसको चोला लिएर जन्मनुपर्ने रूसमा । कलकत्तामा मेरी कामरेड भन्थी—रूसमा युवक-युवतीहरू

स्कूल र कालेजमा एकै संग पढ्छन्, खेल्छन्, खान्छन्। कालेजमा युवक युवती एकै कोठामा सुत्छन्—केही भेदभाव छैन।"

अमर भन्छ, "धत् ! कैले एकै कोठामा सुत्थे ?"

नयनतारा भन्छे, "लौ, नपत्याए प्याट स्लोअनले लेखेको रूस सम्बन्धी किताब पढ़िहेर-न।"

नयनतारा फेरि भन्छे, "कस्तो अचम्भको देश। कम्युनिष्टहरू कस्ता महान् नर-नारी ! परिवार र बिहेका सम्बन्धमा तिनको विचार कति उच्च छ, कति श्रेष्ठ। परस्परलाई प्रेम गरुन्जेल लोग्ने-स्वास्नी संगै बस्छन्। जहाँ मतभेद भयो अथवा प्रेम रहेन, लोग्ने लाग्छ आफ्नो बाटो औ स्वास्नी आफ्नै !"

अमर भन्छ, "तर यसो गर्दा परिवार भत्कन जान्छ। छोराछोरी बेहाल हुन्छन्।"

नयनतारा भन्छे, "प्रत्येक पिताले, चाहे त्यो स्वास्नीसँग छुट्टिएको होस् वा नछुट्टिएको होस्, आफ्नो कमाइको रुपियाँमा चार आना स्वास्नीलाई दिनैपर्छ। छोराछोरीहरूलाई सरकारले पाल्छन्, बिहे हुन्छ रूस देशका प्रेमको आधारमा। आर्थिक अवस्था सुधार्न अथवा आमा-बाबु र समाजको करकापले बिहे त्यो देशमा हुँदैन।"

अमर निरुत्तर रहन्छ।

नयनतारा एकछिन आँखा चिम्लेर मौन रहन्छे। अमर त्यसको कमनीय, कोमल अनुहार एकहोरो हेरिरहन्छ। कति सुधापान गर्छ मन तृप्त हुँदैन।

नयनतारा भन्छे, "ओह कति जाडो !" अमरको शरीरसित प्राय: टाँसिन खोज्छे। अमरका मन प्राण कम्पित हुन्छन्।

नयनताराका लामा, सेता, हत्केला र औंला हातमा लिएर सुम्सुम्याउँदै अमर भन्छ, "कति चिसा तिम्रा हात ?"

मधुर हास्यले नयनताराको स्मित अनुहारलाई झन् कमनीय पारि-

दिन्छ । नयनतारा चोसो ओठ पारेर भन्छे, "जान्दछौ अमर, जसका हात चिसा हुन्छन् त्यसको मन प्रेमपूर्ण हुन्छ ?"

अमर भन्छ, "त्यसको प्रमाण ?"

आधा फक्रेका गुलाबका पत्र जस्ता फर्फर गर्ने ओठ नयनतारा अगि सारिदिन्छे । अमरका लोभी, व्यग्र-ओठले तिनलाई स्वागत गर्छन्, त्यसै निलिहालौंला भनेझैं ।

नयनतारालाई घर पुऱ्याएर आधारातमा अमर घर फर्क्यो ।

भोलिपल्ट बिहानै आमा अमरलाई खानेकुरा दिएर पसलतिर जान लागिथिन् । अमरले भन्यो, "आमा !"

आमाका आँखामनि काला-काला दाग छन् । देब्रे हात थर्थराउँछ । खुट्टा अलि-अलि घरमराउँछन् । आमाले मसिनो स्वरमा भनिन् , "के बाबै ?"

अमरले भन्यो, "नयनतारालाई बिहे गर्छु ।"

आमाका अङ्ग-प्रत्यङ्गमा स्फुरण भयो । आमाले भनिन्, "यति छिटो ?"

अमरले भन्यो, "छिट्टै बिहे गर्नुपरेको छ । कारण; हामी दुवैको एक मन, एक प्राण भएर समाज र जातिको सेवा गर्ने मत भएको छ ।"

"एक मन, एक प्राण !" आमालाई स्वामीसित बिताएका सुखका दिन संझना भयो । स्वामी थिए नव दुलहा औ आमा थिइन् लज्जाशीला दुलही । अरू कति कुरा—कति संझना । आमाका ओइलाएका ओठमा पातलो हाँसोको रेखा देखियो—क्षणभरका निमित्त । स्वामीले ल्याएका तीनवटा पल्टने कम्बल पल्टाएर पेटारोमाथि राखेकी थिइन् । आमाले ती कम्बलहरूमाथि दाहिने हात राखिन्—कस्ता ठूला सहारा । आमाले ती कम्बल सुम्सुम्याउँदै भनिन्—"बिहे केटाकेटीको खेलाँची होइन बाबू ! मलाई विचार गर्न दे !"

अधीर भएर अमरले के भन्न मुख बाएको थियो, आमा लट्ठी टेक्दै बाहिर निस्किहालिन्।

पसलमा पुगेर तिनले थमिनीलाई भनिन्, "अमरकी दिदीलाई मैले भोलि डाकेकी छु भन्दिनू।"

चार :

अमरकी दिदीले देब्रे हातको सुनको चुरा खेलाउँदै भनी, "त्यस्ती मेमसाहिबा नयनतारालाई अमरले बिहे गर्ने ?"

अमरले भन्यो, "तिमी आफै नि ? भिनाज्यूसित सधैं कसरी हाते-मालो गरेर डुल्न जान्छयौ !"

दिदीले भनी, "तेरो चोसो नचला !" अमरले जवाब दियो, "अर्काको चियो किन गर्छयौं ?"

धीर, मधुर स्वरमा आमाले भनिन्, "तिमीहरू दुवै सुन मेरा कुरा। कमला ! तँ सुन्। अनि अमर तँ सुन्।"

आमाले एकछिन पर्खेर भनिन्, "कमला ! मैले तँलाई बोलाएँ— एउटै कारणले। अमरको बिहे गरिदिनुपर्छ। ज्वाइँनारान र तँ-बाहेक हाम्रा अरू कोही छैनन्। तिमी दुवैले अमरको बिहेको बन्दोबस्त गर्नुपर्छ।"

कमलाले भनी, "अमर आफूलाई त पाल्न सक्तैन, स्वास्नीलाई यसले के खुवाउँछ ?"

अमरले भन्यो, "तिमीलाई के खाँचो ?"

आमाले फेरि मिहीन स्वरमा भनिन्, "कमला, ईश्वरले जसरी अरू

दश जनालाई पुऱ्याइदिएका छन्, त्यसरी नै अमर र उसकी स्वास्नीलाई पनि पुऱ्याइदिन्छन्।"

कमलाले एकछिन घोरिएर भनी, "अमरले पढ़ेर आमा पाल्ला भनेको त जोइटिङ्ग्रे पो हुन आँटेछ।"

अमरले भन्यो, "अहो! आमालाई माया गर्ने देवी। आमाका भए-भरका गहना लिएर भिनाज्यूसँग आमालाई केही नभनी किन रातारात भागेकी? किन............?"

आमाले बीचैमा कुरा काटेर भनिन्, "बाबुहो! तिमी दुवैलाई मैले बढ़ाएँ––पढ़ाएँ। तिमीहरूका बा देवतुल्य हुनुहुन्थ्यो। दैव क्रमले तिम्रा बाको पतन भयो। तर आखिरमा तिम्रा निमित्त उहाँले बर्माको लड़ाइँमा ज्यानको माया नराखी लड्नुभयो। तिमी दुवै उहाँका सन्तान हौ। किन आपस्तमा झगड़ा गर्छौ?"

कमलाले भनी, "तर यो अमर कस्तो स्वार्थी!" अमर रिसले चूर भएर कराउन आँटेको थियो, आमाले लामो सास तानेर, दुब्ला सुकि-सकेका हातले अमरलाई थाप मार्दै भनिन्, "कमला; तैं आफ्नै कुरा संझी। स्कूलमा चाकरी पाउनेबित्तिकै तैंले घर छाड़िस्––ज्वाइँनारान-सित। तैंले मलाई केही भनिनस्––कुनै कुरा सोधिनस्। मैले केही पनि तँलाई भनिनँ। पहिले आमा-बाबुले बिहे गरिदिन्थे। आजकल तिमीहरू आफैं वरकन्या खोज्छौ त अमरले यसमा के बिरायो?"

कमलाले के जवाब दिने हो, सोच्न सकिन। एकछिन तीनै जना मौन रहे।

अमरले अलिक बेरपछि भन्यो, "तर आमा, म पुरानो रीतिले बिहे गर्दिनँ। नयनतारा र म आर्यसमाजमा गएर बिहे गर्छौं।"

आमालाई संझना भयो, आफ्नो बिहेको। कन्याहरूले खनेर ल्याएको चोखो माटो, झल्कने चौका चँदुवा, बाहुनहरूको मन्त्रपाठ।

आमा निराश भइन्--आमाको हृदय कक्कक्क पऱ्यो। तर आमाले भनिन्, "हुन्छ अमर! तिमी दुवैलाई जस्तो इच्छा हुन्छ, उस्तै गर। कमला, त्यसो भए तिमीहरूले दुःख उठाउनुपर्दैन।"

नयनताराका पिताले घोर विरोध गरे। "हुँदैन, यस्तो बिहे म कहिल्यै हुन दिन्न" भनी तिनले सयचोटि सुनाए। नयनताराले पिताको कुरा हाँसेर उडाइदिई।

अमर र नयनतारा दुलहा र दुलही भएर आमाको झुपडीमा आए। आमाको सुकेको मलिन अनुहार आज साँच्चै आनन्दले प्रदीप्त भयो। कोटरमा गाडिएका आँखाबाट अविरल आँसु झरे मायाले, आनन्दले र अलि-अलि गर्वले। घर-छिमेकका अगि आज आमा हिंड्थिन् टाउको ठाडो पारेर—मन्द पाइला सारेर।

बुहारीलाई अँगालो मारेर आमाले नयाँ पोते विच्रामा लाइदिइन्। स्वामीले बर्माबाट खर्च पठाएको पैसाबाट छाक काटी जोगाएको सत्र सय रुपियाँ त्यसका हातमा हालिदिएर भनिन्, "नानी, म गरीब विधवा यसभन्दा बढ्ता अरू मसित केही छैन। अमर मेरो अनमोल रत्न हो। आजदेखि त्यो अनमोल रत्न म तिमीलाई सुम्पिदिंदै छु।"

× × ×

कम्युनिष्ट पार्टीको कामबाट लोग्ने-स्वास्नीलाई फुर्सदै छैन। आमा नित्य तिनका लागि खानेकुरा पकाउँछिन्, घरद्वार हेर्छिन्, पसल कुर्छिन्।

पार्टीका कमरेडहरू आउँछन्। तिनका निमित्त चिया खाजा बनाउँछिन्, तिनले खाएका जुठा भाँडा बटुल्छिन्, माझ्छिन्, पखाल्छिन्। बेला-बेलामा अमर आउँदैन। नयनतारा एउटा दारी पालेका युवकसित आउँछे। ती दुवै धेरै बेर कोठामा बसेर के के कुरा गरिरहन्छन्। आमाको छाती चरक्क चिरिन्छ। तर आमा सत्कार गर्छिन्,

अभ्यर्थना गर्छिन्, खुवाउँछिन्, तिनको सेवा गर्छिन्। कारण ; ती अमरका स्वास्नी र साथी हुन्।

यसरी नौ महीना बित्यो। कहिलेकाहीं नयनतारा र अमर सँगै घर आउँछन्। युवक र युवती प्रेमालाप गर्छन्। समाजसुधार र राजनीतिका कुरा गर्छन्। कहिले बाभछन्, फेरि मेलमिलाप गर्छन्—कौतुक गर्छन्, क्रीड़ा गर्छन्। आमा चाख मानेर तिनका यो दाम्पत्य जीवन हेर्छिन्। तृप्त हृदयले ती भन्छिन्, "धन्य, प्रभो! धन्य !!"

फेरि अमर लुप्तप्राय: हुन्छ। नयनतारा र दारीवाल युवक मात्रै आउँछन्। कुराकानी गर्छन्—के के भन्छन्। आमाको मनमा भक्कानो फुट्छ। संतप्त हृदयले आमा भन्छिन्, "प्रभो! दया गर, दया।"

एक दिन आमा पसलमा थिइन्। कसैले आएर भन्यो, "सुन्यौ तिमीले ? अमर पकड़ा पर्‍यो।" आमाको निमित्त संसारै शून्य भयो। तर आमाले आत्तिएको अनुहारलाई सकेसम्म सह्यालिन्। यथासमयमा पसलका सागसब्जी थमिनीलाई थन्क्याउन लाएर आमा घर फर्किन्।

दारीवाल युवक र नयनतारा कुरा गरिरहेका थिए। आमाको मुखको भाव लक्ष्य गरेर नयनताराले भनी, "मुर्झाउने कुरो केही छैन। कम्युनिष्टहरू पुलिसका आँखाको छारो भएका छन्।"

पूँजीपतिहरूसित दङ्गा गर्ने अभियोगमा अमरलाई तीन महीनाको कैदको सजाय भयो। भोलिपल्टदेखि नयनतारा र दारीवाल युवकलाई शहरमा कसैले देखेन।

महीनामा एकचोटि कैदीलाई आफ्ना मानिससित जेलमा भेट गर्ने हुकूम थियो। आमा पहिलोचोटि छोरालाई भेट्न गइन्। अमरले सोध्यो, "नयनतारा खोइ, आमा ?" आमाले धीर स्वरमा भनिन्, "बिरामी छे।" दोस्रोपालि अमरले त्यही कुरा सोध्यो। आमाले भनिन्, "अझै बिसञ्च छ।"

तेस्रोपटक जाँदा झ्यालखानका ढोका उघ्रे । अमरले आमालाई अँगालो हालेर भन्यो, "आमा, नयनतारा खोइ ?"

आमाले छोरालाई छातीमा मिलाइन् ।

त्यो गलिसकेको पातलो शरीरमा एक मूठी सास कुनै प्रकारले अड्कि नै रहेको थियो । आनन्दको आवेगमा त्यो मूठीभरिको सास त्यहाँ अरू अड्किएर बस्न सकेन । आमा भूइँमा लोटिन् ।

आमाको मृत शरीरलाई अँगालो हालेर अमर करायो, "आमा ! आमा ! !"

प्रतिध्वनिमा सुनियो—"आमा ! आमा ! !"

(गोर्खाबाट)

●

कथा
६

धनमतीको सिनेमा-स्वप्न

एक :

एला जा थिएटरमा 'हण्टरवाली' को बायस्कोप हेरेर धनमतीको एक्ट्रेस हुने विचार भयो। काननवालाले 'विद्यापति' भन्ने फिल्ममा गाएको सुनेर औ अभिनय गरेको देखेर धनमतीले त्यो विचार काममा ल्याउन कम्मर कसी।

धनमती आजकल दिनमा सयचोटि ऐनामा मुख हेर्छे। कसैले 'धनमती' भनेर बोलाउँदा रिसाउँछे। सिनेमा संसारकी अभिनेत्रीको नाम पनि कसैले धनमती भनेको सुनेको छ? धनमतीले एक्ट्रेस हुने सबभन्दा पहिलो काम गरी। धनमतीले आफ्नो नाम राखी मालती देविका। देवीले मात्रै धनमती सन्तुष्ट भइन र स्कूलका एक दुइवटा गुरु-आमाका देखासिकी देवीमा 'का' जोडेर उसले देविका बनाई। देविकाको अर्थ त्यो जान्दिन, जान्ने चेष्टा पनि गर्दिन।

दिनमा सयचोटि ऐनाना मुख हेरेर धनमती उर्फ मालती देविकालाई मनमा पक्का विश्वास भएको छ उसको अनुहारले भारतका सिनेमा संसारमा नाम कमाउनेछ। बखते राईकी छोरी धनमतीको अनुहार सुलोचनाको जस्तो छैन—साँचो हो। तर धनमती भरखरकी तरुणी छ। संसारका जम्मै चीज उसका आँखामा सुन्दरै सुन्दर देखापर्छन्। आफ्नो नेप्टो नाक र सुलोचनाको मुरली जस्तो नाकमा त्यसले अमिल्दो केही देख्तिन। काननवालाका पद्म जस्ता ठूला-ठूला आँखा र आफ्ना चीनियाँनीका जस्ता चिम्से आँखालाई धनमती एकै दर्जामा

Subrat Nepal

राख्छे। औं, नभन्दै एउटा कुरामा भने धनमती काननवालालाई जित्छे। बंगालीकी छोरी 'कानन' भन्दा 'बखते' राईकी छोरी 'धनमती' रंगमा निकै गोरी छ।

औ त्यो चेप्टो गोरो मुखमा धनमती आजकल दशपैसे पाउडर दिनहुँ घस्छे। 'विद्यापति' भन्ने फिल्म हेरेर धनमती गई, सरासर चोक-बजारको "हरेक माल दश पैसा" का पसलमा। एक्ट्रेस हुनेले सिंगार-पटारपट्टि ध्यान दिनुपर्छ। त्यसअर्थ धनमतीले रूपसाधनका सामग्री बटुली। दशपैसाको पाउडर, दश पैसाको नङमा लाउले पालिश औ दशै पैसाको ओठमा लिप्ने रंग—जम्मै "मेड इन् जापान" किनेर धनमती घर फर्की।

दार्जीलिङ बजारको रक्सीको भट्टीनेर छ—धनमतीको वास। चार रुपियाँ महीनाको भाडा तिरेर धनमती आमासित एउटा कोठामा बस्छे। पिता बखते राई थियो एउटा कैयाँका बङ्कमा चप्रासी—मरेको चार पाँच वर्ष भयो। धनमतीकी आमा भट्टीमा पसल थापेर बस्छिन्। भुटेका आलु, माछाको तरकारी औ केराउको अचार तिनका पसलमा पाइन्छन्। रक्सियाहरू तिनका पसलमा माछा अथवा अचारसित रक्सी खान्छन् औ दुवै आमा-छोरीसित ठट्टा गर्छन्। दुवै आमा-छोरी हँसिला मुखका छन्। रक्सियाहरू तिनका पसलमा झुत्तिन्छन्—फोहोरमा हरिया झींगा झुत्तिएझैं अथवा फूलमा मौरी थुप्रिएझैं भनौं।

धनमतीकी आमा लालवर्णो तीस बत्तीस वर्षकी छन्। मुखमा अटूट हाँसो औ सिग्रेटको धूँवा। सबैसित मीठो बोल्ने। छोरीसित दशवटा ठिटाहरू जिस्कन्छन्, तर तिनको केही आपत्ति छैन। "चोखो गफ गर, बा! मुखको ठट्टा गर्दा दोष लाग्दैन। हात हालेर चल्नु पो हुन।" यही छ तिनको अर्ति छोरीलाई पनि औ रक्सी र प्रेममा डुबेका ठिटाहरूलाई पनि। "चोखो गफ" गर्ने ठिटाहरूको अतएव तिनका पसलमा घुइरो लागिरहन्छ। धनमती पनि रक्सियाहरूको एक-एक

ठट्टाको दश-दशवटा तीखा-तीखा जवाब दिन्छे । त्यसका चट्‌चटी काट्‌ने कुराहरूमा ठिटाहरू पीरो अचारको स्वाद पाएर खुशी हुन्छन् ।

खुशी भएर कसैले धनमतीका गाला चिमोटिदिंदै अथवा चिउँडो समाएर हल्लाइदिंदै दुइ-चार आना दिन्छन् । पैसा हात पारेर यस्ता मान्छेलाई धनमती भन्छे, "थुक्क मोरो ! तेरा हातमा कीरा परोस् ।" कतिचाहिं फेरि धनमतीका चाखलाग्दा कुराले नै तृप्त भएर जाने बेलामा धनमतीलाई कि ता आधा बोतल रक्सी कि ता एक दुइ आना पैसा दिइराख्छन् । धनमती पनि यस्ताहरूसित शिष्ट भएर नमस्कार गर्दै भन्छे, "भोलि पनि आए है दाज्यू ! नमरी बाँचे, दैवले साँचे लौ ?"

× × × ×

नीलो फरिया—सारी लाउने ढाँचामा— लाएर, कानमा कुमसम्म पुग्ने गिल्टीका इयरिङ्ग झुन्ड्याएर धनमती आज चिटिक्क परेर पसलमा बसेकी छ एकलै । आमा बिहानैदेखि छाती दुख्यो भनेर ओछ्यान लागेकी छन् । मुखभरि पाउडर घसेर, गालामा लाली लाई, ओठमा रङ्ग पोतेर औ औंलाका जम्मै नङहरू पालिश गरेर, धनमती पसलमा बसेकी छ, हातमा एउटा हिन्दी पत्रिका लिएर । अलि-अलि पढ्न धनमतीलाई आउँछ । अघि बाबुले चप्रासी काम गर्दा मिशन स्कूलमा त्यसले चार वर्षसम्म पढेकी थिई । कानका दुवै इयरिङ्ग हल्लाई-हल्लाई धनमती ग्राहकहरूसित कुरा गर्छे । रक्सियाहरूका कंकलाशब्दलाई पनि थिचेर त्यसको हाँसो हावामा उठ्छ औ उड्छ । आलु अथवा अचार किन्न आएको मान्छेलाई मागेको थोक दिइसक्नेबित्तिकै धनमती फेरि पत्रिका उठाएर पल्टाउन थाल्छे । पत्रिकामा सिनेमा संसारका सम्बन्धमा लेख मात्र छन् औ छन् अनेक भारतका नाम चलेका एक्टर र एक्ट्रेसहरूका नक्शा—सुलोचना, एनाक्षी, रामा राव, शान्ता आप्टे, माधुरी, कानन-

वाला, देविका रानी तथा मोतीलाल, याकूब, बिलमोरिया इत्यादि। यिनीहरू जस्तै एक जना भएर, सिनेमा संसारमा धुम मच्चाइदिने धनमती-को आजकाल दिनको जपना र रातको सपना भएको छ।

धनमती यसरी सिनेमाको स्वप्न-राज्यमा डुल्दै थिई, हठात् टाउको उठाएर हेर्दा उसले एउटा मदिशे ठिटोलाई पनि निहुरेर चित्र हेरिरहेको देखी। रक्सीको बोतल अघिल्तिर राखेर, दुइ हत्केला घुँडामा भर गरेर त्यो मदिशे ठिटो पनि खूबै ध्यान दिएर तसबीरहरू हेरिरहेको थियो। यसरी निर्धक्क भई निहुरिरहेको त्यो ठिटालाई देखेर धनमती रिसले भुतुक्क भई। औ त्यसलाई देख्नेबित्तिकै मुख छाडी, "थुक्क मोरो मुर्कुट्टा! तेरी आमालाई हेरेको?"

मदिशेले हाँस्तै भन्यो, "किन रिसाइहालेकी, कान्छी? तिमीलाई सिनेमा मन पर्छ?"

धनमतीले चिम्से आँखा चिम्म गर्दै भनी, "लागोस् कि नलागोस्। तँ अगुल्टेलाई के खाँचो?"

मदिशेले पूर्ववत् दाँत देखाउँदै भन्यो, "होइन कान्छी, तिमीलाई एक्टर-एक्ट्रेससित भेट गर्ने इच्छा भए म भेट गराइदिन सक्छु।"

धनमतीले त्यो कालो स्वाँठलाई एकचोटि टाउकोदेखि गोडासम्म हेरी। पत्यारो लागेन र ओठ लेप्ल्याएर भनी, "तैं जस्तो लाटो-कोसेरोले? भो, पत्याइनँ।"

अगुल्टे स्वाँठ यसरी उल्ली-बिल्ली हुँदा पनि रिसाएन। पसलनेर थचक्क बसेर त्यसले एकै सासमा बोतल निखान्यो औ मुख पुछेर भन्यो, "पत्याइनौ मलाई तिमीले, कान्छी नानी? लौ ता सुन है, म तिमीलाई बताउँछु, कुन-कुन एक्टर र एक्ट्रेसको मैले चाकरी गरेको छु।" मदिशेले आकाश-पाताल देखाइदियो, शान्ता आप्टे र देविका रानीका विषयमा जाने नजानेका, भए नभएका अनेक प्रकारका गफ लायो। औ सुन्दा-सुन्दा धनमतीलाई अगुल्टे स्वाँठमाथि निकै विश्वास लाग्यो।

दुइ :

साता दिन भयो आमा ओछ्यानको ओछ्यानैमा छन्। साता दिन भयो धनमतीले पसल एक्लै कुरेको औ साता दिन भयो त्यो मदिशे स्वाँटले धनमतीको पसल धाएको।

मदिशे स्वाँठको नाम सुन्दरलाल अरे! त्यो त्यसको असली नाम हो कि नक्कली, त्यो ता ईश्वरै जानून्। सुन्दरलाल दिनहुँ धनमतीका पसलनेर बसेर बेसरी रक्सी खान्छ औ रक्सी खाँदै सिनेमाको कुरा गर्छ औ धनमती उर्फ मालती देविकाको असाध्य तारीफ गर्छ। चिनाजानी भएको तेस्रो दिनमा सुन्दरलालले भन्यो, "मालती देवी, तपाईंका ती मनलाई पिघालिदिने ओठमा लिपस्टिकले क्या खूबको काम गरेछ। तर रङ्ग ओठका कुनामा अलि बेसी पोतिएछ।

मालती देविकालाई आफ्नो सीपको ठूलो घमण्ड थियो। सुन्दरलालको त्यो समालोचना त्यसलाई मन परेन। नाक खुम्च्याएर त्यसले भनी, "तैं कलौटे मलाई सिकाउने ?" सुन्दरलालले भन्यो, "होइन कान्छी, त्यसो ता कैले हुन्थ्यो नै। तैपनि देविका रानीको मैले चाकरी गर्दा देखेको। लौ तिनको चित्र भएको पेज पल्टाऊ त! ई--हेर ता लौ! नक्शामा पनि क्या साफ उत्रेको छ। दुवै ओठका बीच भागमा त्याप्पै रङ्ग पोतिदिएको। त्यहाँदेखि बिस्तार-बिस्तार हल्का-हल्का गर्दै ओठका कुनामा बिलिगएको। यसैलाई भन्छन् कामदेवको धनुष, बुझ्यौ ?"

धनमती उर्फ मालतीले यो पहिलोचोटि हार मानी। हार मानेर चुप लागी बसी। औ भोलिपल्ट सुन्दरलालले वर्णन गरेझैं कामदेवको धनुष ओठमा बनाई। सुन्दरलालको कुहकमा परी धनमतीको सिनेमा संसारमा पस्ने तयारी यसरी दिनदिनै हुन थाल्यो। केश अर्कै फेशनको कोर्न थाली। लाली गालामा मात्रै होइन कमपटसम्म लाउन लागी। चिउँडोमा खोपी कालो एउटा तिलको चिनो। गलाको सोर सुरिलो

पारेर बोल्ने रातदिन चेष्टा गर्न लागी। हार्मोनियममा नित्य "सा रे ग म" अभ्यास गर्न लागी।

सुन्दरलालले आज सधैंभन्दा बढ्ता रक्सी चढ़ायो। औ दुवै हातमा साहस राखेर त्यसले भन्यो, "मालती देवी, आज कलकत्ताको सरोज थिएटरका मालिक आएका छन्। मैले अघि तिनको पनि चाकरी गरेथें। बड़े भलादमी। देवतै छन्, देवतै। चाकरी पनि त्यस्ताको गर्न पाए पो!"

धनमती के विचार गर्न लागी, केही बोलिन।

सुन्दरलालले अझै साहस बढ़ाएर भन्यो, "हिंड्-न भरे ६ बजे बेलुका मालिक बसेका होटलमा। के ठेगान? तिम्रो भाग्य उघ्रेर तिनले तिमीलाई आफ्ना कम्पनीमा लिइहाल्लान्!" धनमतीले त्यो दिन ता थुक्क हरियो घम्मरधुसे! मलाई अर्काको घर-घर जाने देखिस्" भनेर जान मानिन। सुन्दरलाल पनि "लौ ता, खुशी गर बा! मैले ता तिम्रै भलो चिताएर यो कुरा गरेको" भन्दै त्यस दिन डेरामा फर्‌क्यो। भोलि-पल्ट सुन्दरलालले फेरि त्यही कुरा झिक्यो। धनमती जान राजी भई।

छः बजे बेलुका धनमती उर्फ मालती पाउडर र रङ्गले लदाबदी भएको अनुहार लिएर तथा रेशमको सारी पार्सी फेशनले लाएर सुन्दरलालसित त्यसका मालिकका होटलतिर लागी। बाहिर एउटा कोठामा त्यसलाई बसाएर सुन्दरलाल भित्री कोठामा पस्यो। धनमतीले चट्ट एउटा ब्लाउजबाट सानो ऐना झिकेर आफ्नो अनुहार त्यसमा हेरेर आफ्नो अनुहारसित आफै सन्तुष्ट भएर मुसुक्क हाँसी औ अलि-कता पाउडर नाकमा थपेर त्यसले ऐना फेरि ब्लाउजभित्र छातीमा लुकाई।

भित्र सुन्दरलाललाई देख्नासाथ एउटा बंगाली बाबू कुर्सीबाट उठेर दुइ पाइला अगि सर्‌यो। सुन्दरलालले दुवै हात जोडी बंगाली बाबूलाई प्रणाम गर्‌यो। बंगालीले सोध्यो, "कसो सुन्दर, शिकार बरापमा पर्‌यो?"

सुन्दरलालले झन् निहुरेर प्रणाम गर्दै भन्यो, "हजूरको अधम सेवकका हातबाट अझसम्म एउटै शिकार पनि उम्केको छैन। अगि यहाँको निगाह।"

बंगालीले पान चपाउँदै भन्यो, "लौ न ता सुन्दर, तेरी पहाडकी देवीजीलाई मेरा मन्दिरमा हाजिर गर्। अँ—अन्त हेर्। अहिले पचास रुपियाँ लैजा। फेरि हेरौंला।"

सुन्दरलालले धनमतीलाई भित्र लगेर त्यो बंगालीसित परिचय गराइदियो। धनमतीको चढ्दो उमेर, पुष्ट शरीर औ गोरो वर्ण देखेर कालो, भूँडे बंगालीका आँखामा आनन्दको झलक देखापर्‍यो। पान र जर्दाले कुहिसकेका दाँत देखाउँदै त्यसले धनमतीलाई नमस्कार गर्दै, भत्किएको हिन्दी भाषामा भन्यो, "नमस्कार! आउनुहोस्, मालती देवी, आउनुहोस्। तपाईंसित भेट गर्ने मौका पाउँदा मलाई हुनसम्मको आनन्द लागिरहेछ। बस्नुहोस्—यतै यो कौचमा। मेरो नाम सुरेन बाबू।"

यति भनेर त्यसले मालती देविकाको हात समायो। मालती देविका उर्फ धनमतीले झट्टै आफ्ना हात तानी औ सुन्दरलालपट्टि हेरी। तर सुन्दर गइसकेको थियो—त्यहाँदेखि अघि नै फुःमन्तर। धनमतीले बंगालीलाई सोधी, "सुन्दर खोइ नि सुरेन बाबू ?"

बंगालीले मुसुक्क हाँसेर भन्यो, "सुन्दर! कुन सुन्दर? ओ! त्यो सुन्दरलाल? जहाँ छौ तिमी जस्ती सुन्दरी त्यहाँ अरू कुनै सुन्दर वस्तुको पनि नाउँ-गोत रहन सक्छ?"

यो-चाहिँ बंगालीले अभिनयका स्वरमा औ थिएटरका ढंगमा भन्यो। हात दुइ-चारचोटि आफ्ना छातीमा पुर्‍यायो औ आँखा पनि बीच-बीचमा चिम्म्यो। धनमती उर्फ मालती गद्गद भई। यति छिटै सिनेमाका जीवधारीहरूसित साक्षात् हुँदा त्यसले आफूलाई धन्य ठानी।

धनमतीले जापानी लिपिस्टिकले लिपेको ओठ बिस्तारै उघारी औ

Subrat Nepal

चिम्से आँखा तनक्क तन्काई । धनमती मुसुक्क हाँसी । लाजले हो वा लालीले हो, त्यसका गाला राता देखिए । आशङ्काले हो अथवा आनन्दले हो, त्यसका कानका इयरिङ हल्लन थाले ।

बंगालीको साहस बढ्यो । त्यसले मालती देविकालाई कौचमा बसायो । पान र अत्तर देविकालाई टक्र्यायो । देविकाका रूप र गुणको असाध्य तारीफ गऱ्यो । अर्थात् मालती देविकालाई सुरेन बाबूले धुरीमा चढ़ाइदियो ।

मालती देविका फिल्म संसारकी रानी हुने सपना देख्न थाली । त्यसले बंगालीलाई मुख छाड़िन अथवा "हात हालेर नचल" भनिन । बंगालीले पनि आफ्नो वासनाको सिद्धि साधन नजीकै देखेर मालती देविकालाई फिल्ममा लिने वचन दियो ।

त्यसको भोलिपल्टदेखि धनमती सुरेन बाबूका होटलमा दिनहुँ आउन थाली । बेलुका ६ बजे आएर दुइ-तीन घण्टा बिताएर ऊ घर फर्कन्छे । बंगाली पनि धनमतीसित फिल्मका कुरा र चर्चा गर्छ; धनमतीलाई बंगला गीत पनि उसले एक दुइवटा सिकाइदिएको छ । माकुराले जाल बुनेझैं सुरेन बाबूले धनमतीका वरिपरि फिल्मका मोहका जाल बुनिसकेको छ । धनमती त्यसका जालमा परिसकेकी छ, तर संझन्छे अर्कै कुरा—आफ्ना रूप, सीप र गुणले सिनेमा संसारका खुड्किलामा पुग्छु भनी । त्यसकी भाग्यकी देवी भने हाँस्छिन् निठुर हाँसो ।

× × × ×

"ओहो, साढ़े नौ बजिसकेछ ! अब जान्छु लौ ।" हार्मोनियमका पर्दाबाट हात सार्दै धनमतीले भनी ।

सुरेन बाबूले धनमतीका देब्रे कानका इयरिङ खेलाउँदै भन्यो, "के सधैं आशैमा टाँगिराख्ने ? आज यहीं बसे के बिरिएला अथवा

बिल्ला !" फेरि त्यही थिएटरको ढंग र अभिनयको स्वर। सुरेन बाबूले फेरि त्यसरी नै आँखा चिम्म गऱ्यो औ दुइ-चारचोटि हात आफ्ना छातीमा पुऱ्यायो।

मालती देविकाले उत्तरमा केही भनिन। हाँसी मात्रै—मुसुक। त्यसको त्यो हाँसो देखेर हो वा कुन कारणले हो बाहिर आकाशमा जूनले टाउको लुकायो औ नजीकैमा लाटोकोसेरो पनि एकासि करायो।

तीन :

लाटोकोसेरो कराएको महीना दिनपछि कलकत्ताको सियालदह स्टेशनमा बंगाली, सुन्दरलाल र मालती देविका रेलबाट ओर्ले।

सुरेन बाबूको मोटर बाहिर हाजिर थियो। सुन्दरलाल ड्राइवरसित अघिल्तिर बस्यो। बंगाली र धनमती पछाड़ि बसे। मोटर कलकत्ताको दक्खिन दिशापट्टि दगुऱ्यो। मोटरमा बसेपछि बंगालीले धनमतीका देब्रे कुममा आफ्नो देब्रे बाहु राखेर फेरि त्यही थिएटरका स्वरमा भन्यो, "स्वागतम् प्रिये ! कलकत्ता महानगरी तिमीलाई स्वागत गर्छे। अब सरोज फिल्म कम्पनी तिमी जस्ती एक्ट्रेस पाएर धन्य हुनेछ।"

धनमतीले उत्तरमा केही भनिन। त्यसले केवल लामो सास तानी। मोटर भ्वाँक्-भ्वाँक् गर्दै कलकत्ताको विशाल राजपथमा दगुर्दै छ। धनमतीको मन धुक्-धुक् गर्दै सिनेमा संसारका बगैचामा दगुर्दै छ।

एउटा तीनतले घरको सामने आएर मोटर थामियो। बंगाली र धनमती त्यो घरमा दुइ दिन सँगै बसे। बंगालीले ती दुइ दिनमा धनमतीलाई मेट्रो सिनेमामा लग्यो, बंगालीहरूका मुख्य-मुख्य थिएटर

देखायो, टलीवुडमा न्यू थिएटर्सको फिल्म बनाउने स्थान देखाइदियो। औ ती सबै देखे-सुनेर चिताएको कुरो अब पाउनेछु भन्ने धनमतीलाई पक्का विश्वास भयो।

कलकत्ता पुगेको तीन महीनापछि। समय प्रायः ४ बजे दिउँसो। स्थान—बंगालीको घर। दृश्य—बंगाली र धनमती कौचमा बसेर प्रेम तथा सिनेमाका कुरा गरिरहेका छन्। फाटकमा एउटा भरखरकी तरुणी बंगालिनी मोटरबाट ओर्ली। सर्वाङ्ग सुन्दरी—अनुहार र पहिरनबाट नै धनी पढ़े-लेखेका बंगाली परिवारकी आइमाई हो भन्ने स्पष्ट हुन्छ।

फाटकको पालेले के भन्न आँटेको थियो, बंगालिनीले आँखीभौं माथि चढ़ाएर भनी, "फेरि चूँ गरिस् कि यही छाताले तेरो टाउको चकनाचूर पारिदिन्छु।" बपुरो पाले भूईंमा धसिए-झैं-हल-न-चल भएर उभिइरह्यो।

बंगालिनी सरासर सुरेन बाबूका बैठकमा पुगी। पुगेर सुरेन बाबू र धनमतीको प्रेम र सिनेमा-चर्चा आफ्नै आँखाले देखी औ कानले सुनी।

त्यसलाई देख्नेबित्तकै मूँड़े सुरेन बाबू कौच छोडेर उफ्र्यो—अमेरिका देशको कालपुछ्रे मृग उफ्रेको जस्तो। सुरेन बाबूको जीउडाल कालपुछ्रे मृगको जस्तो छैन—बरु चार हातखुट्टा टेक्न लाए सुरेन बाबू र सुँगूर एकै आमाले जन्माएका दाज्यू-भाइ जस्ता देखिन्छन्। तैपनि बंगालिनीलाई देख्ता झोक्कासित झस्केर सुरेन बाबू उफ्रयो, कालपुछ्रे मृगलाई पनि जित्ला भने-जस्तो गरेर।

औ बखते राईकी छोरी! आखिर हिमाल देशकी कन्या न हो। ऊ कौचमा त्यसरी नै अचल भएर बसिरही जसरी पर्वतहरूका राजा हिमालय उत्तर दिशामा मानदण्ड जस्ता खड़ा छन्। अघि रक्सीका भट्टीमा कस्ता-कस्ता पिशाचहरूलाई ता उसले कब्जामा राखेकी थिई। यस्ती झुसी बंगालिनी ता बीसौं आए पनि ऊ वास्तै राख्तिन।

सुरेन बाबू उफ्र्यो, देविका कौचमा अचल भई बसी औ बंगालिनी निधार खुँच्याएर, नाक फुलाएर, आँखाबाट आगो निकाल्दै सुरेन बाबूका समीपमा पुगी ।

हातमा लिएको अति सुन्दर बर्मेली छाता सुरेन बाबूका नाकमा पुऱ्याएर त्यसले भनी, "सुरेन, तिम्रो यस्तो कीर्ति ? छिः! छिः!—तिमीलाई लाज लाग्दैन । संसारमा यस्ती पहाड़ियाकी छोरीबाहेक अरू केही जुटेन ? घरानाकी भए पनि एक कुरा—पढ़े-लेखेकी भए पनि लौ ता भन्नु ।"

सुरेन बाबूले भन्यो, "शीला ! तिमी अनाहकमा मलाई..." कुरै टुङ्गिन नपाई शीला देवीले भनी, "अनाहकमा ! सुरेन, तिम्रो बुद्धि ता अघिदेखि नै भ्रष्ट भइसकेको थियो, अब ता तिम्रा गिदीमा गोबर-बाहेक के होला ?"

सुरेन बाबूले रिसाएर के भन्नलाई मुख मात्र बाएको थियो, शीला देवीले चिच्याएर भनी, "सुरेन, मालताल, तड़ी-तुमड़ी पोको पार । आज बेलुका सरोज कम्पनीले आगरा जाने ठीक गरेको छ । आगराको ताजमहलमा सरोज कम्पनीको 'प्रेमिक शाहजहाँ' को फिल्मका अनेक दृश्य लिने बन्दोबस्त भएको छ ।"

सुरेन बाबूले रिस-राग सब बिर्सेर भन्यो, "आगरामा ! जम्मै कम्पनी जाने ? तर यतिका रुपियाँ कसले जोहो गर्ने ? कहाँबाट आउने ?"

शीला देवीले छक्क परेको जस्तो अनुहार पारेर भनी, "कसले जोहो गर्ने ? कताबाट आउने ? हाय ! हाय ! आज तिमी हुँदाहुँदै पनि यस्तो कुरा सुन्नुपऱ्यो, सुरेन ? जाबो एक लाख रुपियाँ पनि तिमी दिन सक्तैनौ ?" फेरि खित्का छाडेर हाँस्तै भनी, "होइन होइन सुरेन, तिमी ठट्टा गर्दै छौ । धत्—ठट्टा गर्ने पनि समय पो हुन्छ । लौ, चाँडो तयार हो सुरेन !"

यतिञ्जेल हाम्री 'हिमालयकी बेटी' अर्थात् बखते राईकी छोरी

हिमालचुली जस्तै चिसो र मौन भएर बसिरहेकी छ। पाँच छः महीना सुरेन बाबूसित काटेर देविकालाई अलि-अलि बङ्गला बोल्न आउँछ औ रुपियाँमा बाह्र आना बङ्गला ऊ बुझ्छे पनि। नेप्टो नाक र चिम्से आँखा भए तापनि बखते राईकी छोरीको मगज तीखो छ। कतिचोटि शीलाका कुरा सुनेर रिसले भुतुक्क भई, जवाब दिन खोजी, तर जवाब घाँटीमै अड्क्यो। अगत्या, मालती देविका मूर्ति जस्तै कौचमा बसिरही। शीला देवीका अन्तिम कुरा सुनेर सुरेन बाबू केही नभनी भित्रका कोठामा सुटुक्क पस्यो —प्वालभित्र मूसो पसेजस्तो।

सुरेन बाबू कोठाभित्र पसेपछि शीला देवीले छाता र हातको ब्याग टेबलमा राखी औ लामो सास तानेर नजीकैका कौचमा बसी। गोडा लमतन्न पारेर दुवै पाखुरा पछि लगेर तिनमा टाउको अड्याई, शीला एकछिन कोठाको सिलिङतिर एकटक लाएर हेरिबसी। दुइ मिनट यसरी बिताएर शीला देवीले डपारी "बेहरा!"

बेहराले हुकुम-बमोजिम एक ग्लास बरफ हालेको पानी ल्याई दियो। एकै सासमा पानी सन्सन् पारेर शीला देवीले बेहरालाई रित्तो ग्लास लैजाने हुकुम दिई।

त्यसपछि शीला देवीले बखते राईकी छोरीलाई एकचोटि राम्ररी हेरी, हेरेर शीलाका ओठले गिल्ला गर्न खोजे, तर शीलाका आँखाले बखतेकी छोरीलाई टिठाए। ब्यागबाट एउटा सानो रेती निकालेर देब्रे हातका औंलाका नङ ध्यानसित रेत्दै शीलाले सुन्दर हिन्दी भाषामा भनी, "तिमी एक्ट्रेस हुन आएकी होइन?"

मालती देविकाले केही उत्तर दिइन।

शीलाले फेरि भनी, "तिमी को हौ, कहाँबाट आयौ औ किन आयौ मलाई थाहा छ —सरोज कम्पनीका सबैलाई थाहा छ। तिम्रा कुरा गरेर कम्पनीका मान्छेहरू हजार रकमका खिसीटिउरी गर्छन्—गिल्ला गर्छन्।"

जवाब नपर्खी शीलाले भनी, "मलाई तिम्रो बेकूफी देख्ता हाँस पनि उठ्छ औ दया पनि आउँछ। तिमी एक्ट्रेस हुने ?"

शीलाले टाउको उठाएर एकचोटि धनमतीलाई हेरी। दुवैका आँखा जुधे; धनमतीको नजर भूइँमा खस्यो। शीलाले देब्रे हातका औंलाका नङ रेतिसकेर दाहिने हातका रेत्न थाली औ दाहिने हातका नङहरू रेत्दै त्यसले भनी, "मलाई एकचोटि हेर त।"

टाउको नउठाई शीलाले फेरि भनी, "हेर्‍यौ ता ? बेस गर्‍यौ। हेर, म-सित के छैन ? रूप छ, यौवन छ, गुण छ औ सीप छ। मैले बी० ए० पास गरेकी छु। मेरा बा कलकत्तामा नामी ब्यारिष्टर छन्, औ म सिनेमामा अभिनय गरेर एक्ट्रेस हुने सुरमा छु।"

यति भनेर त्यो एकछिन चुप लागेर ध्यानसित नङ रेत्न थाली औ रेतिसकेपछि ब्यागबाट त्यसले एउटा शिशी निकाली।

चार :

शिशीको रातो रङ्गले जम्मै नङमा पालिश लाएर शीलाले टाउको उठाई। धनमतीलाई एकचोटि टाउकादेखि गोडासम्म राम्ररी हेरेर आधा आँखा चिम्लेर शीलाले भनी, "तैपनि म अझै एक्ट्रेस हुन सकेकी छैन। सुरेन जस्तो बिनलाग्दो व्यभिचारीलाई मैले रिझाउनुपर्छ—कारण; कारण त्यो धनी छ, फिल्म बनिन्छन् त्यसका रुपियाँले।"

यति भनेर शीला मुसुक्क हाँसी औ दुइ हातले आफ्ना केश मुसुमुस्याउँदै शीलाले भनी, "औ तिमी !—तिम्रो न ता रूप छ, न गुण। तैपनि तिमी हुने एक्ट्रेस !"

सहसा त्यो हँसिलो अनुहार गम्भीर पारेर शीलाले गहिरो स्वरमा भनी, "मेरा कुरा सुन—मेरा अर्ति मान। भोलि नै तिमी कलकत्ता छोडेर घर जाऊ। सुरेन र फिल्मका दुनियाँदेखि तिमी जति टाढ़ा रहौली, उत्ति नै सुखी हौली।"

यति भनेर शीलाले ब्यागबाट दश दश रुपियाँका तीनवटा नोट निकालेर धनमतीका हातमा राखिदिएर भनी, "तिमी जेसुकै भए तापनि एउटी अबला हौ। तिम्रो कुमति देख्ता रिस उठ्छ, घृणा उप्जन्छ, तर साथै टीठ लाग्छ। तिमी भोलि नै घर फर्क, नत्र ··· ······"

कुरा शेषै नगरी शीलाले एक्कासि हपारी "सुरेन!" सुरेनले भित्रबाट व्यग्र कण्ठले जवाब दियो, "आएँ।" कोठाबाट निस्केर कतै केही नहेरी, मालमत्ता नोकरलाई बोकाएर, सुरेन लाग्यो सरासर फाटकतिर। धनमती भूइँमा हेरेको हेरेकै भई, सुरेनले आँखाका एक कुनाले पनि त्यसलाई हेरेन।

शीला देवीले लामो सास तानेर बाहिर हेरी। लम्पट सुरेन बाबू भाग्यो—कुकुरले लखेटेको सियाल झैं। धनमतीपट्टि फर्केर शीलाले भनी, "लौ ता मालती देबिका, नमस्कार! बाहिर फाटकमा सुन्दरलाल तिमीलाई पर्खिरहेको छ।"

काखी-मनि ब्याग च्यापेर हातमा बर्मेली छाता घुमाउँदै शीला देवी बाहिर लागी—धीर मन्थर गतिले।

धनमती बिस्तारै कौच छोड़ेर उठी। त्यसका मनमा न हर्ष छ न विषाद। त्यहाँ छ क्रोध—आफूसित, शीलासित, सुरेनसित औ संसारसित। "भएन; म धोकामा परें, हातको शिकार शीलाले छलेर लगी। संसारले मेरो एकान्त अभिलाषा बुझेन"—यस्ता अनेक थरीका विचारले त्यसका हृदयमा उप्जाएका छन् एउटै कुरो; क्रोध, ठूलो क्रोध, असीम क्रोध।

सहि नसक्ने रिस उठ्दा, अरू दश जनाले जे गर्छन् धनमतीले पनि

त्यही गरी। अघि पछि केही नहेरी त्यसले हामफाली—अज्ञात भविष्यमा।

सुन्दरलाल साँच्चै धनमतीका प्रतीक्षामा बाहिर उभिरहेको थियो। धनमतीलाई देख्नासाथ त्यसको कालो मुखमण्डल फक्रियो—सेता दाँत देखापरे, दारिमका बीयाँ झैं।

अति विनम्र भएर घुँडासम्म निहुरी सुन्दरलालले धनमतीलाई नमस्कार गरेर भन्यो, "मालती देविका, यो दास हाजिर छ अगि । जो हुकूम।"

सुन्दरलालको खाने तेल लाएर चिल्लो पारेको जुल्फी र डढ़ेको अनुहार देखेर धनमतीका मनमा एकचोटि ता त्यसलाई छोड़ेर, कलकत्ता छोड़ेर औ फिल्मको सपना बिर्सेर दार्जीलिङ फर्कने विचार भयो। तर त्यो विचार त्यसका मनमा रह्यो एकैछिन।

अपमानित आइमाईको रिस नरकको आगोभन्दा पनि तेज हुन्छ भनी कसैले भनेको छ। धनमतीका क्रुद्ध मनमा साटो फेर्ने प्रबल इच्छा छ। दुनियाँसित साटो फेर्ने, सुरेनसित औ शीलासित—विख्यात अभिनेत्री भएर। सुन्दरलाल धनमतीका नजरमा एउटा भतुवा कुकुर बराबर छ। तर घोर जङ्गलमा भतुवा कुकुरले पनि भर दिन्छ। औ कलकत्ता जस्तो लोकारण्यमा सुन्दरलालले पनि त्यस्तै भर मलाई दिन सक्छ भन्ने कुरा बुझेर धनमतीले उत्तरमा भनी, "स्याबास सुन्दरलाल! सुरेम बाबूले इमान छोड़े तापनि तँ बाबुको छोरो रहिछस्, कुराको पक्का! तँलाई देखेर मैले आधा दुःख ता बिर्सि पनि हालें।"

सुनेर सुन्दर आनन्दले अधीर भयो।

सुन्दरका खुशीको ठुङ्गै छैन।—रूप-कथाकी राजकुमारी हात पार्दा राजकुमारलाई जस्तो गर्व भयो होला त्यो-भन्दा सय गुणा बढ्ता गर्वले सुन्दरको छाती फुलियो।

एउटा रिक्शा बोलाएर सुन्दरले धनमतीलाई आफ्ना छेउमा

बसायो। रिक्शा हिँड्न थाल्यो, टिङ्ग-टिङ्ग गर्दै; यता ट्रामबाट जोगिएर उता घोड़ा-गाड़ाबाट तर्किएर। रिक्शा यसरी दगुर्दा धनमतीका शरीर-लाई सुन्दरलालका देब्रे बाहुले अनेकचोटि स्पर्श गऱ्यो। धनमतीका रौं-रौं ठाड़ा भए अशेष घृणाले, सुन्दरलाल रोमाञ्च भयो अशेष तृप्तिले।

एएटाली बजारको एउटा गल्लीमा पुगेर सुन्दरले रिक्शा थाम्न लायो। रङ्ग-बिरङ्गका लुङ्गी लाएका मुसल्मानहरू यहाँ बस्छन्। बिड़ी बेच्ने र घोड़ा-गाड़ा खेप्ने मुसल्मानहरूको यहाँ बस्ती छ।

रिक्शा थामिनेबित्तिकै दुइ तीन जना मुसल्मानले रिक्शातिर घिच्रा तन्काएर कौतूहलपूर्ण दृष्टिले हेरे। साथै बोराका पर्दाका प्वालमा तिनका स्वास्नीमानिसहरूका काला-काला आँखा देखापरे।

कसैको केही वास्तै नगरी धनमती रिक्शाबाट ओर्ह्लेर सुन्दरलालक पछि लागी।

कोहेनूर सिनेमा कम्पनीका मालिकलाई बस्तीका सबैले 'बड़े मियाँ' भनी बोलाउँछन्। सुन्दरलालले साता दिनपछि धनमतीलाई बड़े मियाँका घरमा लगेर हाजिर गऱ्यो।

मौलाली बजारको एउटा कुनामा बड़े मियाँको सिनेमा-घर छ। एउटा पुरानो एकतले रातो ईंटको घरको अघि ठूला-ठूला अक्षरमा लेखिएको छ—मौलाली कोहेनूर सिनेमा। भित्र पस्ने मोल चार आना, दुइ आना र एक आना।

सुन्दरले बड़े मियाँलाई सलाम गरेर भन्यो, "बड़े मियाँ, मालती देविकाको तपाईंसित सिनेमाको कुरा गर्ने इच्छा छ।"

बड़े मियाँले मालती देविकालाई सलाम गरेर दाह्री मुम्सुम्याउँदै भन्यो, "जरूर, जरूर! मालती देविका, तपाईंको तारीफ सुन्दरका मुख-बाट दिनहुँ सुनिन्छ। आज भेट हुँदा हद्दको आनन्द लाग्यो।"

बड़े मियाँको सिनेमामा धनमती अलिक दिन नाच्ने त्यसपछि फिल्म बनिने औ त्यसमा धनमतीको मुख्य पार्ट हुने बन्दोबस्त भयो।

बिदा हुँदा बड़े मियाँले धनमतीलाई भन्यो, "पक्का, पक्का, विश्वास मान्नोस्, मालती देविका; म तपाईंलाई 'नसीम' 'गौहर' का दर्जामा पुऱ्याइदिनेछु । हातीका दाँत, बड़े मियाँकी बात, बुझ्नुभो देविकाजी ?"

धनमतीले बुझी ।

बुझेर त्यही बेलुकीदेखि मौलाली कोहेनूर सिनेमामा नाच्न थाली ।

सिनेमा शुरू हुनुभन्दा आधा घण्टा-अघि धनमती सिनेमा घरका मूल-ढोकाका दाहिनेतर्फ एउटा साबुनका बाकसले बनाएका मञ्चमा उभिन्छे । अर्द्ध-नग्न शरीर रङ्ग-विरङ्गका रेशमले बेह्रिएको; हात, मुख, चिन्रा जम्मै सस्ता पाउडर र रङ्गले रङ्गिएका ।

मुरली, कलाँट र ढोल बज्छन् । गुण्डा, कुल्ली, दर्वान र काम नभएका मानिसहरू त्यहाँ थुप्रिन्छन् । धनमती मञ्चमा नाच्छे । थुप्रिएका मान्छेहरू कराउँछन्, "वाह ! वाह !—क्याबात !"

एक दिन त्यसरी नाच्दा एउटा लुङ्गी लाएका गुण्डाले पान चपाएको थूक त्योपट्टि पिच गरेर भन्यो, "नेपाली बाईजी ! ठीक—तर नाक पो कहाँ हराइछ ?"

अरू दशवटा काम नभएका मानिसहरू त्यसका कुरा सुनेर खित्का छोड़ेर हाँसे । धनमतीले सबै देखी-सुनी । मनमा भालाले छेड़ेजस्तो चोट लाग्यो । दाँत किटेर त्यसले यो अपमान सही ।

तीन महीना यसरी बिते । बड़े मियाँ र सुन्दरको दिनहुँ कल पर्थ्यो —धनमतीका लागि । एक दिन सुन्दरको लाश गल्लीका कुनामा पाइयो । छातीमा छुरा भासिएको थियो, बस्तीमा हाहाकार भयो, पुलिसको तहकीकात भयो । हत्या गर्ने को हो खोजी पाइएन ।

अगत्या, धनमतीलाई बड़े मियाँको शरण लिन एक दिन करै लाग्यो । बड़े मियाँका जनानामा धनमतीले पञ्चम स्थान पाई ।

× × × ×

बड़े मियाँका जनानामा पाँचौं बेगम भएको दिनदेख धनमतीलाई बस्नुपर्‍यो पर्दामा। बड़े मियाँका ग्लासमा रक्सी भरिदिने औ बड़े मियाँलाई पङ्खा लाएर त्यसको तबीयत खुश पार्ने भार पर्‍यो धनमतीमाथि।

धनमतीको सिनेमा-स्वप्न यसरी अन्त्य भयो।

यस्तै प्रकारले नौ महीना धनमतीले बड़े मियाँको जनाना-महलमा बिताई। एक दिन प्रसव-वेदनाले धनमती आकुल भई। एउटा रिक्शामा चढ़ाएर बड़े मियाँले धनमतीलाई बहुबजारका छेउको डफरिन अस्पतालमा पुर्‍यायो। दुइ दिनपछि धनमतीले एउटी छोरी पाई।

× × × ×

पब्लिक हल जाने बाटामा धनमती फेरि आएर बसेकी छ। छोरी भएडै वर्षदिन पुगेकी छ। आमा, छोरी औ नातिनी, तीनै जना भट्टीनेरका पसलमा बस्छन्।

धनमती अघि-जस्तै कानका इयरिङ्ग हल्लाई हल्लाई गाहकहरूसित चोखो ठट्टा गर्छे। धनमतीकी आमाका मुखमा अघि जस्तै अटूट हाँसो र सिग्रेटको धूवाँ देखिन्छ। फाल्तू कुरो एउटा देखिन्छ—काखमा नातिनी।

छोरीलाई एक दिन विख्यात एक्ट्रेस बनाउने धनमतीको विचार छ।

(खोजीबाट)

कथा ७

मिस्टर एच० बी० ब्यास्नेट

ए० एस० एस० आई० (लण्डन)

एक :

“**क**सो हो, मिस्टर आर० एन० !”

भण्डारीका पान-दोकानमा मसालादार पान किन्न लागिरहेथें। कसैले पछिबाट मेरा कुममा धाप मारेर भन्यो, “कसो हो, मिस्टर आर० एन० ! चिन्नुहुन्छ के मलाई ?”

फर्केर हेरें। स्वयं एच० बी० बस्नेत। कालो सर्जको नयाँ छाँटको सुट। रातो रेशमको कमीज, रातो नेकटाई र कोटका माथिल्ला पाकेटमा रातो तीनकुने रुमाल हरियो रङ्गको फेल्ट ह्याट। कालो सुएड लेदरको जुत्ता।

मिस्टर एच० बी० बस्नेत--पक्का साहब। मिस्टर बस्नेतले मेरा दाहिने हातका चार औंला निमोठेर तीन-चार पटक अंग्रेजी दस्तूर-मुताबिक हल्लाइदिए। म बपुरो खलीमट्टी खेलाउने बातरोगी स्कूले मास्टर--मिस्टर बस्नेतका हात-मिलाइले एक खेप ता हुरुक्कै भएँ।

“कहाँबाट यतिका दिनपछि, मि० एच० बी० ?” झम्-झम् गर्न लागेका औंलाहरू देब्रे हातले छाम्दै मैले भनें। जवाबमा मिस्टर बस्नेतले पाकेटबाट सुनौलो सिग्रेट-केस निकालेर सोधे--“सिग्रेट ?”

मैले भनें--“माफ गर्नोस्।”

सिग्रेट सल्काएर बस्नेतले भने, “त्यो लामो कथा छ—मिस्टर आर० एन० ! एक दिन विस्तार गरौंला।” औ हातघड़ी हेरेर तिनले भने, “लौ ता मिस्टर--म हिंड़े। पाँच बजे प्लीभामा चिया र नाच

छ। मेरी एउटी फ्रेण्ड छन्—मिस डेजी। कलकत्ताबाट आएकी। तिनलाई आज प्लीभामा मेरो निम्तो छ। बाई० बाई०? चि-अ-रि-यो?"

चाँदीको टुप्पो भएको छड़ी घुमाउँदै मिस्टर बस्नेत चौरस्तातिर लागे। म पक्क परेर एकछिन त्यतैपट्टि हेरिरहें।

× × × ×

सन् १९२१ साल। म दार्जीलिङ्ग हाई-स्कूलको थर्ड क्लासमा पढ्थें। हामी जम्मा चालीस छात्र थियौं, मिस्टर बस्नेत-लगायत।

मिस्टर बस्नेतका बाबु कचहरीमा चप्रासी काम गर्थे। घरको हालत राम्रो थिएन। दुःख गरेर चप्रासी बस्नेतले मिस्टर बस्नेतको स्कूल-खर्च पुऱ्याउँथे। यो कुरा हामी सबैलाई थाहा थियो। तर मिस्टर बस्नेत थिए बड़ो रवाफ देखाउने मान्छे। क्लासमा ठूला-ठूला धाक लाउँथे। "पहाड़मा बाजेको हजार मुरी धान हुने खेत छ" भनी हामी-लाई सुनाउँथे। चप्रासी काम बाबुले रहरले गरेका हुन् भनी हामीलाई विश्वास दिलाउँथे। सुनेर हामी मुखामुख गरी हाँस्थ्यौं।

तिनका पिठ्यूँपछाडि साथीहरू तिनलाई 'लब्रपाँडे बस्नेत' भन्थे।

नोवेम्बर महीनामा जाँच भयो। हाम्रा क्लासमा आठ जना साथीहरू फेल भए, बस्नेत-लगायत। एउटा साथीले टिप्पणी गरे, "ठीकै भो साथीहो! अर्को सालदेखि हजार मुरी धान हामीले बोक्नुपर्दैन?"

लबरपाँडे बस्नेतले जाँचको फल सुनेर सुखरञ्जन मास्टरलाई जम्मै दोष लाए, "होइन जी मिस्टरहो, त्यो चोर बंगालीले मलाई देख्नै सक्तैन। नभए मैले अंग्रेजीमा यस्तो जुलूमको लेख लेखेको थिएँ जी! म जस्तो मान्छे अंग्रेजीमा फेल हुनु? छ्याः!"

छुट्टी भयो। सबै बजारतिर लाग्यौं, बस्नेत - लगायत। स्यानिटेरियमका खोलानेर पुगेर एउटा बिड़ी सल्काएर बस्नेतले भने, "तर यो बस्नेत चुप लागेर बस्नेछैन नि। म इन्सपेक्टर र डाइरेक्टर साहबसम्म लेखापढ़ी गर्नेछु। अच्छा मिस्टरहो, गुड बाई।"

× × ×

सन् १९२२ मा सेकेण्ड क्लासमा हामी ३२ छात्रहरू थियौं। हिउँदको लामो छुट्टी सकिएर स्कूल खुल्यो। स्कूल खुलेको पहिला दिन बस्नेतले हाम्रा क्लासमा आएर भने, "गुड मोरनिङ्ग मिस्टरहो! हिउँदमा म गएथें कलकत्ता, सुन्नुभो। डाइरेक्टर साहबले हेडमास्टरलाई यू झाँटेर लेखेको छ—बुझ्नुभो? पर्सिदेखि म तपाईंहरूसित फेरि सँगै हुनेछु। उः—वामाचरण सर आयो है। बाई, बाई—।"

त्यसपछि बस्नेतलाई फेरि स्कूलमा कसैले देखेन। हामीले ऊ बाजेको हजार मुरी धान खेतको हेरचाहमा लाग्यो होला भन्ठान्यौं।

१९२४ सालमा मेट्रिक पास गरेर म कलकत्ता पढ्न गएँ। चार वर्षपछि बी० ए० पास गरेर चाकरी खोजें। भने-जस्तो चाकरी जुरेन र फेरि दश महीना बी० टी० पढें। अहिले स्कूल - मास्टर, ६० रुपियाँ तलब। आज फेरि लबरपाँडे बस्नेतसित भेट भयो।

तर कस्तो अचम्म? म बी० ए०, बी० टी० पास गरेको मान्छे नब्बे रुपियाँमा एउटा नगएय स्कूल-मास्टर। नब्बे रुपियाँले चलाउनुपर्छ संसार। औ बस्नेत—थर्ड क्लासमा फेल भएर अल्पिएका बस्नेतलाई कत्रो फलिफाप! नब्बे रुपियाँको ता बस्नेतका जीउसा लुगा छ।

दुइ :

तीन दिनपछि। बिहान आठ बजे म कोठामा बसेर छात्रहरूका खाता हेर्दै थिएँ। मिस्टर बस्नेत ढोकामा देखापरे। मलाई देखेर तिनले भने, "हल्लो मिस्टर आर० एन० !" हत्तपत्त उठेर मैले तिनको स्वागत गरें। बेतका मेचमा गलैंचा ओछ्याएर तिनलाई बसाएँ।

सेतो फ्लानेलको पतलून—टेनिस खेल्ने रबरको जुत्ता। कालो ब्लेजरको कोट औ हातमा टेनिस र्याकेट। सेतो रेशमको रुमालले मुख पुछ्दै मिस्टर बस्नेतले भने, "मिस्टर आर० एन० ! तपाईंले अरू काम नगरेर यो मास्टरको चुत्थो काम किन गर्नु भएको ? स्कूल मास्टर !—छ्याः—रबीश !!"

तलब थोरै भए तापनि, समाजमा इज्जत उति नभए तापनि, म पढे-लेखेको मान्छे हुँ, मेरा हातमा समाजका धेरै केटाकेटी छन् औ तिनलाई ज्ञानी र गुणी बनाउने इलम मेरा हातमा छ भन्ने मलाई घमण्ड थियो।

तर लबरपाँडे बस्नेतले स्कूल-मास्टरको काम चुत्थो हो भन्ने राय प्रकट गर्दा म ता वाल्ल परें। अकमक्क परेर एकछिन मिस्टर बस्नेतलाई हेरिरहें।

मिस्टर बस्नेतले सिग्रेटको धूवाँ नाकबाट निकाल्दै भने, "मिस्टर आर० एन०—नो ओफेन्स। तर मिस्टर आर० एन०, स्कूल मास्टर हुनुभन्दा ता पोडे हुनु बढ्ता, कसाई हुनु भलो। कसाईले ता जानवरहरूका घिच्रा काट्छन्, तर स्कूलका मास्टरहरू !—छ्याः ! मान्छेलाई रेट्छन्, बुझ्नुभो मान्छेलाई !"

फेरि सिग्रेटको धूवाँले जम्मै फोक्सो भरेर मिस्टर बस्नेतले मेरा हात समाएर भने, "तपाईंलाई संझना छैन मिस्टर, त्यो सुखरञ्जन चुत्थाले मलाई अंग्रेजीमा १० मार्क दिएको ? त्यस कसाईले इमान नछोडेको भए आज म दार्जीलिङ्गमा लीडर हुने थिएँ, बुझ्नुभो—लीडर !"

मैले छोटकरीमा भनें, "साँचो" ।

मिस्टर बस्नेतले सिग्रेट झ्यालबाट बाहिर फालेर भित्री पाकेटबाट सानू ब्याग निकाले । एउटा कार्ड झिकेर मेरा सामुन्ने राखिदिँदै तिनले भने, "म होटल एभरेष्टमा बसेको छु । पाँच बजे आज चिया खाने मेरो निम्तो ।"

मैले आतुर भएर भनें—मिस्टर एच० बी०—म कट्टर हिन्दू—कुइरेहरूले छोएको कहिल्यै खाएको छैन । खाइहालें भनें, डाँडाका तर्कनिधि बाजेले निर्णयसिन्धु हेरेर काढिदिन्छन् ।

मिस्टर बस्नेतले घरै उचालेर हाँस्तै भने, "पुराना लकीरका फकीर ! शेम, मिस्टर आर० एन०, शेम !!"

मेचबाट उठेर तिनले भने, "वेल देन, मिस्टर आर० एन०, खाए पनि नखाए पनि, पाँच बजे एकचोटि दर्शन दिनुहोला । बाई, बाई—चि—अ—रि—यो ।"

टेनिसको र्‍याकेट हातमा फनफनी घुमाउँदै, अंग्रेजी गीत सुसेल्दै मिस्टर बस्नेत होटल फर्के ।

मिस्टर बस्नेत गइसकेपछि म तिनको कार्ड हत्केलामा राखेर एक छिन घोरिएँ । सहसा कार्डमा मेरा आँखा पर्न गए । कार्डमा लेखिएको थियो, "मिस्टर ब्यास्नेट, ए० एस० एस० आई० (लण्डन) ।" ए० एस० एस० आई० (लण्डन)-को अर्थ ता बुझिनँ—तर त्यत्रो लामो उपाधि देखेर दङ्ग परें । चपरासीको छोरो, भुञ्चुक लबरपाँडे बस्नेतको यस्तो उन्नति—यत्रो रवाफ ! औ आफ्नो यस्तो अवस्था ! भाग्यलाई दोष दिंदै दालभात खाएर स्कूलतिर लागें ।

पाँच बजे बेलुका एभरेष्ट होटलमा पुगें । तीन वर्षअघि सिउन लाएको कालो सूट र कलकत्तामा पढ्दा किनेका दुइ तीनवटा पुराना टाईहरूमध्ये सबैभन्दा राम्रो घिच्रामा बाँधेर म त्यहाँ पुगें ।

बेहराले हेल्चेक्र्याइँ गरेर सोध्यो, "तपाइँ, मास्टर बाबू ?" साहस बढ़ाएर निकै कड्किएर जवाब दिएँ, "आँ" ! बेहराले भन्यो, 'साहब बैठकमा मेम साहबसित कुरा गर्नुहुँदै छ । एकछिन पर्खनुपर्छ ।"

बाहिर एउटा साँगुरो कोठामा बसेर पन्ध्र मिनिट जति बस्नेत साहबलाई पर्खनुपर्‍यो ।

मग-मग बास्ना आउने चुरोटको धूवाँ उड़ाउँदै बस्नेत एउटी निकै सुन्दरी यहूदी मेमसित कुरा गर्दै बैठकबाट निस्किए । सामनेको कोठामा मलाई देखेर तिनले भने, "हल्लो मिस्टर आर० एन० ! आउनुभयो, श्याबास, ब्राभो !"

फेरि यहूदिनीपट्टि फर्किएर, "डेजी डियर, यी मेरा मित्र मिस्टर प्रधान ।" औ मपट्टि फर्किएर, "मिस्टर आर० एन०, यहाँ हुनुहुन्छ मिस एज्रा, कलकत्ताकी नामी नर्तकी । नाचमा यिनले हजारौं इनाम पाएकी छन् ।"

म केटाकेटी नचाउने स्कूल-मास्टर । नाच, विशेष अंग्रेजी नाच नाच्नेहरू म के जानूँ ?

मिस डेजीले हात बढ़ाइन् । मेरा कान राता भए । हत्केला पसीनै-पसीना भयो । अलि निहुरेर मिस डेजीका औंलाका टुप्पाहरू मैले छोइदिएँ ।

मिस डेजी मेरो दशा देखेर हो कि कुन कारणले हो हाँसिन् ।

मिस्टर बस्नेतले यहूदिनीलाई बिदा गरेर मलाई बैठकमा लगे । ब्राण्डी र सोडा टेबलमा थिए । ग्लासमा ब्राण्डी र सोडा हालेर भने, "मिस्टर आर० एन० बेस्ट अब लक्स !"

मैले हात जोड़ेर भनें, "मिस्टर एच० बी०, मलाई माफ गर्नु पर्छ—जाँड़-रक्सी मैले जन्म छोएको छैन ।"

मिस्टर बस्नेतले मलाई हेरे—मान्छेले चिड़ियाखानमा वनमान्छे-लाई हेरेझैं । ओठ तीखा पारेर, टाउको हल्लाउँदै तिनले भने,

"चूच् चूच ! नो ? सोमरस नै नखाएको भए मान्छेको चोला वृथा--बुझ्नुभो ? वृथा !"

एक ग्लास सोमरस सनक्क पारेर तिनले भने, 'सारा दिनको थकाइ मेटाएर शरीरमा ताजा रगत पैदा गर्ने यो जस्तो औषधि अरू छैन। वेदमा पनि यसको तारीफ छ--बुझ्नुभो, वेदमा।"

म एउटा मामूली स्कूल-मास्टर। वेद वेदान्तमा के छ, म के जानूँ ? तर वेदमा रक्सी खाने ईश्वरको आदेश भए पनि मिस्टर बस्नेतले दिएको सोमरस खाने न ता मेरो मन भयो न ता साहस।

तीन :

सोमरस चढ़ाएर कौचमा लमतन्न भई चुरोट सल्काएर मिस्टर बस्नेतले भने, "मिस्टर आर० एन०, जन्मभरि हलो जोत्ने गोरु जस्तो भएर जन्म बिताउने ? रातदिन केटाहरू चराएर ? मास्टरको काम ? चुत्थो, बुझ्नुभो ? चुत्थो ! औ मास्टरको तलब--माँगेको भीख, बुझ्नुभो, माँगेको भीख !"

मैले भनें, ' मिस्टर एच० बी०, भगवान्‌ले सबैलाई धन दौलत दिंदैनन्। म जति पाउँछु, त्यतिमै सन्तोष रहन्छु।"

मिस्टर बस्नेतले मलाई हेरे--महात्माले पापीलाई हेरेजस्तो। हेरेर भने, "पूअर पूअर आर० एन० ! तपाईं स्कूलमा जस्ता लाटा सुधा हुनुहुन्थ्यो, अहिले पनि उस्तै। तर यो तपाईंहरूको धर्मको दोष, बुझ्नुभो धर्मको। यी हिन्दूहरू परलोकका निम्ति धर्म गर्दा गर्दा यस लोकमा भिखारी भइसकेका छन्। मिस्टर आर० एन०, भाग्य नै यस्तो छ भनेर हुँदैन। अंग्रेजीमा उहिले वामाचरण सरले लेख लेख्न लाउँथे, कुन विषयमा याद छ ?"

मैले टाउको हल्लाएर भनें, "अहँ" ।

मिस्टर बस्नेतले भने, "मान्छे आफ्नो भाग्यको आफै कालिगढ हो ।" यही लेख ता हाम्रो थर्ड क्लासको वार्षिक परीक्षामा लेख्नुपरेको थियो । अहा, मैले यस्तो एक्सेलेण्ट, यस्तो गजबको लेख लेखेथें, बुझ्नुभो ? तर त्यस सुखरञ्जन कसाईले कस्तो बेइमानी गऱ्यो । अंग्रेजी-को फर्स्ट पेपरमा मलाई जम्मा कति मार्क दियो, जान्नुहुन्छ ? दश !—सुन्नुभो दश ! म जस्तो मान्छेले अंग्रेजीमा दश मार्क ? छ्याः !—आज म हुने थिएँ लीडर बुझ्नुभो ? लीडर !"

फेरि सुखरञ्जन काण्ड ! मैले मिस्टर बस्नेतको 'हो' मा 'हो' मिलाएर भनें, "त्यसमा केही शंका छैन । तपाईं जरूर लीडर हुनुहुने थियो । तर अझ पनि केही बिग्रिएको छैन । दार्जीलिङ्मा लीडर पो को छन् र ?"

मिस्टर बस्नेत कौचमा फेरि लमतन्न भए औ तिनले देब्रे हात मुठी पारेर हल्लाउँदै भने, "मिस्टर आर० एन०—भो मलाई नामका लागि लीडरी चाहिंएन ! संसारमा चाहिन्छ धन—बुझ्नुभो धन । जहाँ छन्-छनी उहाँ फन्फनी । औ रुपियाँ बनाउने बुद्धि छ भने—रुपियाँ ? छ्या, बाटाका रोड़ा हुन् । तर बाटाका रोड़ा बटुल्ने ढङ्ग हुनुपर्छ त्यो ढङ्ग म तपाईंलाई सिकाइदिन्छु । वर्ष दिनमा म तपाईंलाई लखपति तुल्याइ-दिन्छु—बुझ्नुभो लखपति ! स्कूल मास्टर ? चुत्थो—हद्दको चुत्थो ! छ्याः !!"

मिस्टर बस्नेतका कुरा सुनेर मेरा रौं रौं ठाड़ा भए । म गरीब, साधारण स्कूल मास्टर—मैले गर्नु रुपियाँ बनाउने काम ? फेरि घरैमा रुपियाँ बनाउनेहरू ता दश वर्ष सोझै खोरमा थुनिन्छन् भन्ने ज्ञान म जस्तो मामूली मास्टरलाई पनि थियो । मिस्टर बस्नेतले यस्तै काममा पो मलाई सामेल हुन लाउँछन् कि भन्ने आशंकाले मेरो अन्तरात्मा काम्न थाल्यो ।

मैले केश कन्याउँदै, मुख सकेसम्म हँसिलो पारेर भनें, "मिस्टर बस्नेत, मैले बी० टी० पास गरेर छात्रहरू पढ़ाउने विद्या मात्र सिकेको छु। व्यापार धन्धाको ता 'क, ख' पनि मैले जानेको छैनँ।"

मिस्टर बस्नेतले मेरा दाहिने कुम समाएर भने, "तपाईंलाई यो मन्तर थाह भए के आज तपाईंको यस्तो अवस्था हुने थियो ? लक्ष्मी बसेकी छन् व्यापारमा—"

मैले विनम्र भएर भनें, "हामी सरस्वतीका चाकर; व्यापारमा हामीले हात लाए पनि जुर्दैन, फलिफाप हुँदैन।"

मिस्टर बस्नेतले कराएर भने, "जुराइदिन्छु, म फलिफाप गराइ-दिन्छु।"

मलाई अरू केही जवाब आएन। चुप लागेर म नङले टेबलमा रेखाहरू कोर्न लागें।

अर्को चुरोट सल्काएर मिस्टर बस्नेत कौचबाट उठे। एउटा आल्मारीबाट एक मूठा कागजपत्र निकालेर मेरा सामने टेबलमा राखेर तिनले भने, "म थर्ड क्लासमा सुखरञ्जन साहूले गर्दा फेल भएर डाइ-रेक्टर साहबसित भेट गर्न कलकत्ता गएथें, याद छ तपाईंलाई ? सेकेण्ड क्लासमा मलाई पढ्न दिनू भनी हेड मास्टरलाई डाइरेक्टर साहबले हुकूम पनि दिएथे। तर पढ्ने मलाई इच्छा भएन। म फेरि कलकत्ता लागें। व्यापारमा मैले मन लाएँ। आज मसित-दुइ पैसा छन्—जीवन मोजले बितिरहेको छ। दार्जीलिङमा मलाई तानेर ल्यायो—व्यापारैले।"

कागजका मूठाबाट एउटा चार-पेजी सूचीपत्र झ्किनेर मिस्टर बस्ने-तले भने, "मिस्टर आर० एन०, यो सूची लैजानोस्, फुर्सद भएका बेलामा ध्यानसित एक फेर पढ्नुहोला। व्यापार र धन्धा !—संसारमा आज व्यापारैका निम्ति रगतको नदी बगिरहेको छ। यूरोपका जातिहरू आज राक्षस जस्ता भएर एकाअर्कालाई गल्लीमा भतुवा कुकुर मारेझैं

मार्दै छन् । तर जहाँ तपाईंहरू लडाइँमा तोप, बम र हावा-जहाज मात्रै देख्नुहुन्छ, त्यहाँ हामी व्यापारीहरू के देख्छौं ? सुयोग—मौका, सुन्नुभो—मौका देखेर मैले कलकत्तामा एउटा यहूदी मिस्टर डेभिड एज्रासित ऐनाको कम्पनी खोलें। मूलधन हाललाई १० लाख रुपियाँ। सात लाख शेयर ता बिकिसके अब बाँकी छन् तीनै लाखका। तिनमा सोनपूरका महाराजा दार्जीलिङ आउनुभएको छ। उहाँले अढ़ाई लाख लिने। त बाँकी रह्यो ५० हजार, बुझ्नुभो पचासै हजार। एक एक शेयर सय-सय रुपियाँको। वर्ष दिनमा कम्पनीले फ्याँकेको पनि सैकड़ामा दुइ सय लाभ प्रत्येक हिस्सादारलाई दिन सक्छ—दुइ सय सैकड़ा, बुझ्नुभो दुइ सय !"

चार :

मेरा आँखाका साम्ने ऐनाको एक रास देखापर्‍यो। राता ऐना, सेता ऐना, हरिया ऐना—इन्द्रेणीका जम्मै रङ्गका ऐना। झिलिमिली, झिलिमिली ती चंकन थाले। कम्पनीका दरबार जस्ता ठूला-ठूला कारखाना र आफिस मैले देखें। त्यहाँ मिस डेजी, मिस्टर बस्नेत र तिनका साझेदार मिस्टर एज्रालाई देखें—हजार-हजार कर्मचारी र चाकरहरूले घेरिएका। प्रजाहरूका माझमा राजा रानीहरू जस्ता।

"सुन्नुभो तपाईंहरू जस्तालाई," मिस्टर बस्नेतले टेबलमा हात पछारेर ढ्वाङ्ग गर्दा पो म ता झल्याँस्स ब्यूँझें, औ "सुन्नुभो तपाईंहरू जस्तालाई" भनेका बस्नेतका चार शब्द मेरा कानमा परे।

म ता एकछिन जिल्ल परें, तर हत्तपत आफ्नो मूर्ख्याइँ लुकाउनलाई मैले जवाब दिएँ, "बुझें।"

मिस्टर बस्नेतले कोटका एक एक कलर-मनि एक एक बूढ़ी औंला हालेर, बाँकी चार-चार औंलाचाहिं सोझा पारेर मलाई हेरे—आफ्ना अघि निहुरेर मान थाप्न उभिएका मान्छेलाई राजाले हेरे-जस्तो। अनि हेरेर भने, "त बुझ्नुभो मिस्टर आर० एन०, ऐनाको यो व्यापारमा दुइ वर्षपछि एक-एक रुपियाँका हजार-हजार रुपियाँ मुनाफा हुनेछन्। यो लड़ाइँ चार, पाँच वर्षभन्दा अघि थामिएला भन्ने मेलो ता देखिंदैन। हिटलरलाई अंग्रेजहरूले मार्लान्, तर हत्तपत्त ता कुन्नि है। त्यसो भएका खण्डमा यूरोपका मान्छेलाई अहिले गोला बारूद बनाउने फुर्सदै छैन, ऐनाको ता के कुरा? यूरोपबाट जति ऐना आउँथे, अहिले जम्मै बन्द भएका छन्। अब 'ब्यास्नेट एण्ड एज्रा कम्पनी लिमिटेड'को पालो आयो, सुन्नुभो। अलिक दिनमा तपाईंहरूले देख्नुहोला—हाम्रा ऐनाका प्रचार र बिक्री। झयालका ऐना, मुख हेर्ने ऐना, दूर-वीनका ऐना, बत्तीका ऐना, जम्मै ऐना बनिनेछन् हाम्रा कारखानामा, बुझ्नुभो हाम्रा कारखानामा, तपाईंका कारखानामा, तपाईंका इष्ट भित्रका कारखानामा।"

"मेरा कारखानामा!" अकमक्क परेर मैले बस्नेतका मुखमा हेरें।

मिस्टर बस्नेतले सोधे, "किन त्यसरी वाल्ल परेर मलाई हेर्नुभो?"

मैले भनें, "म जस्तो अर्थी, अकिञ्चन स्कूल-मास्टर कम्पनीको हिस्सादार?"

मिस्टर बस्नेतले मलाई हेरे, गुरुले भुच्चुक चेलालाई हेरे-जस्तो। हेरेर तिनले दुवै कुम उचालेर भने, "मिस्टर आर० एन०, अघि मैले तपाईंसित ठट्टा गरेको भन्ठान्नुभो कि क्या हो? सोनपूरका महाराजाले अढ़ाई लाखका शेयर लिएपछि बाँकी रह्यो ५० हजार। यो पचास हजारचाहिं मैले दार्जीलिङका नेपालीहरूलाई बाँड़िदिने ठीक गरें। तर जस्ता-तस्तालाई होइन। कारण; कम्पनीको शेयर गाड़धन हो, बुझ्नुभो गाड़धन। आखिर जत्तिकै व्यापार धन्धामा लागिरहे तापनि

मैले आफ्ना जातिका दाज्यू-भाइको पनि ता उपकार गर्नुपर्छ। औ लामा-लामा लेक्चर दिएर, नामका लागि लीडर भएर, लेख लेखेर दाज्यू-भाइको उपकार हुँदैन। उपकार तब हुन्छ जब तपाईं उनलाई धन कमाउने बाटो देखाएर उँभो लाउन सक्नुहुन्छ। यसै-उसले तपाईं जस्ता लायक पढ़े-लेखेका सौ पचास जनालाई मात्रै म शेयर बेच्छु। कारण; धन तपाईंहरूका हात पर्‍यो भने बर्बाद हुँदैन।"

म स्कूल-मास्टर। उपदेश र अर्ति दिने मेरो काम मात्रै होइन, रोटी कमाउने मेलो। यस्ता उपदेश ता हामी दिनहुँ स्कूलका केटाहरू-लाई दिन्छौं। आज स्कूलको छात्र जस्तो म बस्नेतको लेक्चर सुनिरहेको छु! म कलकत्ता पास गरेको मान्छे, औ बस्नेत? लबरपाँड़े, भुच्कुक, थर्ड क्लासमा फेल भएर स्कूलबाट बेपत्ता भएको!

अति विनयी भएर मैले भनें, "मिस्टर बस्नेत, हाम्रो तलब ता तपाईंले भने-झैं माँगेको भीख! महीनामा ५ रुपियाँ बचाउनु पनि गाह्रो पर्छ। फेरि सय-सय रुपियाँका शेयर कहाँबाट किन्ने?"

बस्नेतले मेरा कोटका देब्रे कलर समाएर मलाई हेरे, भीर लागेका गोरुलाई गोठालाले हेरे-जस्तो। हेरेर भने, "साँच्चै आर० एन०! तपाईंमाथि दया पनि आउँछ, रिस पनि उठ्छ। पुराना सहपाठी भनेर धन कमाउने बाटो देखाइदिएँ—सोझो बाटो छोड़ेर तपाईं जान खोज्नुहुन्छ भङ्खालामा। मेरी स्याड! पीटी! तर के गर्नु?"

यति भनेर मिस्टर बस्नेत जुरुक्क उठे। पतलूनका दुवै पाकेटमा हात हालेर मिस्टर बस्नेत झ्यालमा उभिएर अंग्रेजी राग सुसेल्दै हिमालचुलीको शोभा हेर्नमा विभोर भए।

म पनि एकछिन चुप लागी बसें। बाहिर बिजुली बत्तीले सजिएको दार्जीलिङ शहर मायापुरी जस्तो देखिन्थ्यो। होटलका हालमा अंग्रेजी बाजा बज्न थाल्यो। म मिस्टर बस्नेतका कोठामा

सास न बास भएर बसिरहेको छु। म र कोठामा सोफा, कौच अथवा भित्तामा झुन्ड्याएका तस्वीरमा केही फरक छैन।

म जागो भएँ—बास्ना र मिस डेजीको चर्किलो बोलीले। मिस डेजीका रूप-रङ्ग, सिंगार-पेटार, भाव-भङ्गी त्यति वेला हेर्नै लायकका थिए।

मिस डेजी ढोकैबाट कराइन्, "डियर मी, मिस्टर ब्यास्नेट! आज नाचको रात—अझै लुगा फेरेका छैनौ? पक्क परेर झ्यालबाट के हेरिरहेका?"

फेरि मलाई, "अनि तपाईं नि मिस्टर प्रधान? कुनामा बसेर योग साधन गर्नुहुँदै छ कि क्या हो?"

मैले त्यति नै खेरि उठेर दुइ हात जोडी मिस डेजीलाई नमस्कार गरें। मिस्टर बस्नेतले पनि ढीलो गरेकोमा माफी मागेर भने, "डेजी डियर, यी भलादमीलाई म कम्पनीका शेयरको कुरा संझाउन लागिरहेथें।"

मिस डेजीले आँखा नचाउँदै मुख गोलो पारेर भनिन्—"मिस्टर ब्यास्नेट, म हारें। हारें, तिमीसित। जता जाऊ उतै व्यापार, उतै कम्पनी। यतिका रुपियाँ थुपारेर तिमी के गर्छौ?—ओहो, एउटा कुरा ता भन्नै बिर्सें छु। सोनपूरका महाराजाले अढाई लाखका शेयर जम्मै लिनुभयो?"

मिस्टर बस्नेतले मिस डेजीका औंला निमोठेर हल्लाइदिए—भण्डारीका पान-दोकानमा मेरा औंला हल्काइदिए-जस्तो। मिस डेजीलाई स्याबासी दिएर तिनले मलाई भने, "त मिस्टर आर० एन० पर्सि आइतवार ११ बजे यहीं मेरा बैठकमा" अनि मिस डेजीपट्टि फर्केर, "डेजी डियर, मिस्टर आर० एन० प्रधानका नाममा ५ शेयर सय-सय रुपियाँ।"

सुनेर मेरो ता होश उड्यो, तर मिस डेजी मलाई एकटक हेरिरहेकी छन्—लाजले मेरो मुख थुनियो।

मिस डेजीले हाँसेर भनिन्, "बस् ! पाँचै शेयर--हीं, हीं, हीं--"

मिस्टर बस्नेतले मलाई मूल सड्कसम्म पुऱ्याएर भने, "लौ ता मिस्टर आर० एन०, बाइ बाइ। पर्सि आइतवार--११ बजे। नि-अ-रि-यो।"

म सरासर घर फर्कें--सपनामा हिँडे-जस्तो।

पाँच :

घरकी मुखेनीले सुनको टीकमाला कमाउँछु भनी चार सय रुपियाँ साँचेकी थिइन्—डाकघरको सेभिङ व्याङ्कमा। लड़ाइँ भएदेखि सुनको भाव झन् चर्को हुन गएकोले मुखेनीले हाललाई सुन किन्ने विचार स्थगित राखेकी थिइन्।

ऐनाको शेयर किन्ने कुरा मैले झिकें शनिश्चरवारको दिन, कारण: घरकी देवीलाई त्यस दिन मैले सिनेमा लैजाने वचन दिएको थिएँ औ देवीजी प्रसन्न थिइन्। तर शेयरका कुरा सुन्नेबित्तिकै तिनले भनिन्--"चार सय ता परै जाओस् चार कौड़ी पनि बङ्कबाट म झिक्न दिन्नँ। ऐनाको कारबार, भो चाहिएन मलाई हजार-हजारका नाफा। मलाई एउटा टीकमाला भए भैगयो। अरू मास्टरका स्वास्नीहरूको भने टाउकादेखि पैतालासम्म पहेंलपूर, मैले जाबो एउटा टीकमालालाई साँचेको पैसा पनि तपाईं देखिसहनुहुन्न ?"

मुखेनीका आँखामा आसन्न झरीको सूत्रपात देखेर मैले भनें, "लौ अब भो, मैले ती रुपियाँ मास्नैपर्छ ता भनेको छैन। तिम्रो टीकमाला नै कमाउने इच्छा छ भने; म के हुँदैन भन्छु र ?"

देवी खुशी भइन्। तिनका मुखमण्डलबाट बादल हट्यो औ त्यहाँ फेरि घाम लाग्यो। मुसुक्क हाँसेर आँखाका कुनाले मलाई हेर्दै तिनले भनिन्, "रिसाउनुभयो ?"

× × × ×

आइतवारको दिन मुखेनीले के संझेर भनिन्, "आखिर तपाईंका साथीको कुरा पनि ठीकै हो। लड़ाइँ नथामिनुञ्जेल ऐनाको कारबार हिन्दुस्थानमा औधि चल्नुपर्ने। फेरि त्यतिञ्जेल भाव पनि किन घट्ला त ?"

मैले छोट्करीमा भनें, "ठीक भन्यौ।"

मुखेनीले भनिन्, "त किन्नोस्-न ता ऐनाको शेयर।"

एघार बजे म मिस्टर बस्नेतका होटलमा पुगें। तीन जना कैंया, एउटा बङ्गाली, मिस्टर बस्नेत और मिस डेजी बैठकमा थिए। मलाई पनि बेहराले त्यहीं लग्यो।

मलाई देखेर मिस डेजी जुरुक्क उठिन् औ तिनले मिस्टर बस्नेतलाई भनिन्, "मिस्टर ब्यास्नेट ! तिमी यी भलादमीहरूसित कुरा पक्का गर। म तिम्रा मित्रको हेरचाहा गर्छुं।"

यति भनेर मेरा देब्रे पाखुरा समाएर मिस डेजीले भनिन्, "आउनोस् मिस्टर प्रधान !"

म मिस डेजीसित अर्को कोठामा गएँ—बलि दिन लगेको बोको भैं।

सय-सय रुपियाँका चार शेयर किन्ने मैले वचन दिएँ। त्यस दिन आइतवार हुनाले डाकघर बन्द थियो। भोलिपल्ट चार बजे डाकघरबाट रुपियाँ झिकेर होटलमा पुगें। मिस्टर बस्नेत सोनपूरका महाराजालाई भेटन गएका रहेछन्। मिस डेजीले मेरो ठूलो खातिर गरिन्। मिस्टर

बस्नेत आफैं उपस्थित हुन नसकेकामा दुःख प्रकट गर्दै भनिन्, "उदेकका मानिस छन् तपाईंका मित्र। रातदिन व्यापार र कारबार-बाहेक तिनलाई अरू केही कुराको थाहा-शुद्धि छैन। नेपालीहरू म ता खुकुरी चलाउन मात्रै जान्दछन् भनिठान्थें। तर तपाईंका बन्धु मिस्टर ब्यास्नेट !—व्यापार धन्धामा यहूदी र कैयौंको पनि नाक काटछन्।"

यसरी एक घण्टासम्म मसित गरेका डेजीका सुरिला गलाबाट निरर्थका कुरा सुनिरहें—लट्ठिएको साँपले दुना गर्ने मान्छेका बाजा सुने-जस्तो।

बस्नेत फर्केनन्। मिस डेजीले मलाई चिया खान अनेकचोटि अनुरोध गरिन्। कुनै सुरतले तिनको अनुरोध टारें औ ६ बजे बेलुकी चार सय रुपियाँ मिस डेजीलाई टक्र्याएर मैले बिदा मागें।

मिस डेजीले पहिले ता रुपियाँ लिन मानिनन्। "म व्यापार, कारबार केही बुझ्दिनँ, मिस्टर प्रधान। रसीद-फसीद पनि लेख्न मलाई आउँदैन। फेरि रुपियाँ मैले कहाँ राख्ने ?"

म कहिले मिस डेजीका कब्जाबाट छुटेर भागौं भन्ने विचारमा थिएँ। मैले झट्टै जवाब दिएँ, "होइन, रसीदको केही दर्कार छैन—यी रुपियाँ तपाईंले मिस्टर बस्नेतलाई दिनुहोला। साढ़े ६ बजे स्कूलमा एउटा सभा छ, मलाई माफ गर्नु होला।"

मिस डेजीले मलाई मूल ढोकासम्म पुऱ्याइन्।

× × × ×

दुइ दिनपछि मिस्टर बस्नेत मेरा फेरि आए। आज तिमी घर कलकत्ता जाने। "उहाँ पुग्नेबित्तिकै शेयरका कागजपत्रहरू हेड अफिसबाट पठाइदिनु। मिस्टर आर० एन०, दार्जीलिङ आएर

तपाईं जस्ता एउटा पुराना सहपाठी र शिक्षित सज्जनलाई मैले किञ्चित् मदत गर्न सकें—यही ठूलो सन्तोष छ ।"

मैले मिस्टर बस्नेतलाई अनेकानेक धन्यवाद चढ़ाएँ। छिटै एक-चोटि भेट्ने प्रतिश्रुति दिएर बस्नेतले प्रेमसित मसँग विदा लिए।

मुखेनीले भनिन्—"साथी भन्नु यस्तालाई ।"

× × × ×

दुइ महीना भइसक्यो, मिस्टर बस्नेतको नाउँगोतै छैन—कागज-पत्रका नाममा एउटा पोस्टकार्ड धरि आएन। मुखेनीको मुखमण्डल आजकाल घेरजसो अँध्यारो देखिन्छ। म शेयरका कागजको दिनहुँ बाटो हेर्छु—पिउनले कहिले चिट्ठी-पत्र लिएर आउला भनी व्यग्र रहन्छु। समाचार-पत्रका पंक्ति-पंक्तिमा 'मेसर्स ब्यास्नेट एण्ड एज्रा कम्पनी लिमिटेड'का विषयमा खोजी गर्छु।

एक दिन 'अमृतबजार पत्रिका' मा पढ़ें, मिस्टर एच० बी० ब्यास्नेट र मिस डेजी एज्रालाई रुपियाँ ठगेका अभियोगमा पुलिसले गिरफ्तार गरेको खबर! मुखेनी ता यो सम्वाद सुनेर तीन दिन ओछ्यान परिन्!!

मैले देखें एक रास रङ्ग-विरङ्गका ऐना—चकनाचूर भएर भूइँमा थुप्रिएका!

छ :

दार्जीलिङको अदालतमा मुद्दा चल्यो। म-बाहेक अरू तीन जना कैयाँ र एक जना बंगालीले सरकारपट्टि साक्षी दिए।

कलकत्तामा ब्यास्नेट एण्ड एज्रा कम्पनी कहिल्यै थिएन औ छैन भन्ने कुरा पनि साबुत भयो। मिस डेजी र मिस्टर बस्नेतले कैयाँहरूबाट

तीन हजार श्रौ बंगालीबाट एक हजार रुपियाँ ऐनाका कारखानाका छलले ठगेछन् ।

अदालतले फौजदारी श्राइनको ४२० धाराबमोजिम मिस्टर बस्नेतलाई दोषी ठहऱ्याएर १८ महीनाको कैद श्रौ हजार रुपियाँ जरीमाना दियो । मिस डेजीका विरुद्ध पूरा प्रमाण पुगेन भनेर श्रदालतले तिनलाई रिहाई दियो ।

म तिनताक शहरका झ्यालखानमा थुनिएका कैदीहरू हेर्ने एक जना सदस्य थिएँ । मिस्टर बस्नेतसित मेरो भेट भयो यसपालि झ्यालखानमा । मिस्टर बस्नेतको त्यो दुर्दशा देखेर मैले मनमनै इष्टदेवतालाई दण्डवत् गर्दै भनें, "चुत्थो भए पनि, गरीब भए पनि स्कूलमास्टर भएर ६० रुपियाँले संसार चलाउनुपरोस् । तर मिस्टर बस्नेतका जस्ता बुद्धि र मति मदेखि टाढै रहून् । भो; मलाई त्यस्तो सुखैश्वर्य चाहिएन ।"

मिस्टर बस्नेतले मलाई हेरे—मुलुक जित्ने राजाले हार्ने राजालाई हेरे-जस्तो । तिनका श्रघि उभिएर मलाई त्यति वेला म पो कैदी श्रौ ती-चाहिं कैदी हेर्ने सदस्य जस्तो लाग्न थाल्यो ।

मिस्टर बस्नेतले भने, "मिस्टर श्रार० एन०, हिन्दुस्थान व्यापार-धन्धामा, कल-कारखानामा किन पछौटे छ ? कारण; तपाईं जस्ता, ती चुत्था कैयाँ र बंगाली जस्ता शून्य मगज भएका, धैर्य राख्न नसक्ने मानिसहरू हिन्दुस्थानमा श्रचकाली बढ्ता छन् । तपाईंहरूले श्रलिक दिन पर्खिदिनुभएको भए, तपाईंहरूका मगजमा गोबर मात्रै नभएको भए, पाँच छः महीनामा म हिन्दुस्थानमा यस्तो ऐनाको कारबार जमाइदिने थिएँ, जसलाई देखेर जापान र श्रमेरिकाका जिब्राबाट राल चुहुने थियो—बुझ्नुभो; जापान र श्रमेरिकाका जिब्राबाट ।"

दोस्रा दर्जाका कैदी हुनाले मिस्टर बस्नेतलाई साधारण कैदीलाई जस्तो रोकटोक थिएन, फोहोर काम गर्नुपर्दैनथ्यो । श्राफिसमा बहीपत्र लेख्ने काम मात्र तिनले गर्नुपर्थ्यो । झ्यालखानका श्राफिसमा तिनको र मेरो भेट भयो श्रौ माथिका कुरा भए ।

मिस्टर बस्नेतका कुरा सुनेर एकछिन ता तिनका विरुद्धमा साक्षी दिएर मैले यो दोष गरेंछु भने-जस्तो मलाई लाग्यो, तर एकैछिन । म लाटो स्कूल-मास्टर भए पनि लटमुखा ता होइन । लबरपाँडे बस्नेतले मलाई एकचोटि ता ठग्यो, तर फेरि म त्यसका प्रपञ्चमा पर्दिनँ भन्ने मैले संकल्प गरें ।

मैले कुरा अर्कैपट्टि लगेर भनें, "मिस्टर एच० बी०, फेरि भेटौंला है त—अहिले जेलर साहबसित झ्यालखानका विषयमा एक दुइवटा सरसल्लाह गर्नु छ ।"

मिस्टर बस्नेतले ओठ होब्च्याएर भने, "तिमी चुत्थो स्कूल-मास्टरको काम ता गर्छौ गर्छौ; फेरि त्यसमाथि चोर डाकूहरूका गोठाला ! शेम ! पीटी !! तर मिस्टर आर० एन०, यो बस्नेत यसै चुप लागी बस्ला भनी नसंझनुहोला नि—सुन्नुभो ? त्यो बेइमान बंगाली हाकिम—बड़ो ऐन बुझ्ने । मेरा वकीलले जो ऐनका विषयमा बहस गरे, त्यो त्यसका मगजमा पस्तै पसेन । प्रथम कुरो ता त्यसले मेरा वकीलले बोलेको अंग्रेजी नै बुझ्न सकेन । अठार महीनाको कैद ! छ्या ! यो मुद्दाको अपील हुन्छ जज साहबका अदालतमा—औ त्यहाँ पनि न्यायसंगत विचार भएन भने कलकत्ताको हाइकोर्टदेखि प्रिभी कौन्सिल बुझ्नुभो, बेलायतको प्रिभी कौन्सिल । अपील जितेर म फेरि त्यो ऐनाको कारबार कस्तो रकमले शुरू गर्नेछु, त्यो हेर्नु होला ।"

अर्को साता म फेरि झ्यालखानका कैदीहरू हेर्न गएँ । लबरपाँडे बस्नेत त्यहाँ थिएनन् । तिनी अहिले राजशाही झ्यालखानाका थुनुवा छन् भन्ने कुरा मलाई जेलरबाट थाहा भयो ।

(खोजीबाट)

कथा
८

विश्वस्त जीवन

एक

अस्ताउन लागेको रविरश्मिले समुद्रको पानी र बगरका बालुवालाई गुलाफी र छिरबिरे फूलका रास जस्तो बनाइदिएका थिए।

बालुवामा पल्टेर समुद्रको तरङ्ग किनारसित टक्कर लाउँदै फेरि समुद्रमा फर्केको म एकटक लाएर हेरिरहेको थिएँ।

एउटी युवती मदेखि अलि पर बालुवामा बसेर के पढ्न लागिरहिथी। चार पाँच वर्षको बालकले दगुर्दै आएर उसलाई अँगालो हालेर भन्यो "आमा! मेरो बालुवाको घर--मन पऱ्यो?"

अँगालो हाल्दा आमाको साड़ी लत्र्यो। युवतीको देब्रे पाखुरा कुहिनोदेखि काटिएको रहेछ।

सुदूर पुरीमा नेपाली बोली सुन्दा हद्को विस्मय र आनन्द लाग्यो। साथै युवतीको डुँड़े अवस्था देखेर टीठ लाग्यो।

रातो मखमलको केपले देब्रे कुम छोपेर छोरोलाई दाहिने हातले डोऱ्याउँदै युवती अगि बढ़ी। दश बाह्र हात पर पुगेर बालकले भन्यो, "हेर, मैले बनाएको घर; टोरिया मोरिया जस्तो।"

उच्च स्वरले हाँसेर आमाले भनी, "धत् उल्लू, भिक्टोरिया मेमोरियल भन्-न।"

आमा-छोरा बालुवामा बसेर गृह-निर्माणमा विभोर भए। म होटल फर्कें।

गत महायुद्ध भरखरै शेष भएको थियो। म सैनिक जीवनसित बिदा लिएर महीना दिन पूरीमा विश्राम लिन आएको थिएँ।

राती बी० एन० आर० होटलको खाने कोठाको एक कुनामा म खान बसेको थिएँ। बी० एन० आर० होटलको खाने कोठा हेर्न लायकको छ। विशाल कोठामा पस्नासाथ सुरुचिपूर्ण सजावटको परिचय पाइन्छ। फेरि त्यहाँ हुन्छ समावेश देश-देशान्तरका नर-नारीहरूको।

कालो साड़ी लाएकी, कालो मखमलको केपले देब्रे कुम ढाकेकी, लिपस्टिक र पाउडरले मोहड़ा मनोरम पारेकी त्यो नेपाली युवती एउटा सिखसित हातेमालो गरेर कोठामा प्रवेश गरी। मेरो टेबलभन्दा पाँच छ टेबल पर ती दुइ बसेर बात गर्न थाले।

तिनका कुराकानी ता सुन्न सकिनँ, तर एउटा कुरा स्पष्ट देखिन्थ्यो। युवतीलाई त्यो सिखले बारम्बार कुन्नि के अनुरोध गर्थ्यो औ युवती टाउको हल्लाई हल्लाई अस्वीकार गर्थी। एक छिनमा सिखले प्रसङ्ग बदल्यो। सिख कुन्नि के भन्थ्यो, युवती हाँसिदिन्थी।

भोलि बिहान म आफ्नो नियमित स्थानमा पौड़ी खेल्ने वस्त्र लाएर बालुवामा पल्टिरहेको थिएँ। त्यो नेपाली युवती, उसको छोरो र सिख पनि नजीकैमा आएर बसे। म तिनलाई हेर्दै थिएँ, हठात् युवती र मेरा आँखा जुधे। अलि अप्रतिभ झैं भएर उसले निकैबेर मलाई हेरि नै रही। त्यसपछि बिस्तारै नजर घुमाएर समुद्रपट्टि दृष्टि फर्काई।

सिख र त्यो बालक अंग्रेजीमा कुरा गर्न लागे। अलि अलि अंग्रेजी बोल्न आउँथ्यो त्यो बालकलाई।

"कलकत्ता कैले फर्कने?" सिखले सोध्यो।

"कहिले पनि फर्कन्नँ।"

"किन!"

"कलकत्तामा बालुवामा खेल्न पाइन्न ।"

म पौड़ी खेल्न भर्खर सिक्न लागेको थिएँ । नुलियासित* म पानीमा पसें ।

प्रायः साता दिन बित्यो । युवतीलाई कहिले एकलै समुद्रमा बसेर गम्भीर सोचमा परेको देख्थें । कहिले छोरोसित क्रीड़ा-कौतुकमा निमग्न भएको भेट्टाउँथें । कहिले सिखसित हातेमालो गरेर समुद्रकिनारमा डुलेको देख्थें ।

एक दिन जगन्नाथको मन्दिरमा देखें । आत्मविस्मृत भएर घुँड़ा टेकेर देवताको आराधना गर्दै थिईं । म अज्ञानवादी । ईश्वरको अस्तित्व न ता मैले देखेको छु, न देख्ने वा जान्ने केही सम्भावना छ । मन्दिरमा म गएको थिएँ रमिता हेर्न ।

मन्दिरबाट निक्लेर म मन्दिरको देब्रेपट्टिको मूल-सड़कमा त्यसै टहलिरहेको थिएँ । भीड़मा एउटी स्त्रीसित ठक्कर लाग्यो । मैले तुरन्तै अंग्रेजीमा भनें, "माफ गर्नोस् ।"

स्वास्नीमानिसले मपट्टि पुलुक्क हेरेर हिन्दीमा भनी, "यो ता मेरो दोष ।" फेरि मुसुक्क हाँसेर सोधी, "तपाईं पनि ता बी० एन० आर० होटलमा बस्नुहुन्छ, होइन त ?"

मैले नेपालीमा सोधें, "तपाईं नेपाली हुनुहुन्न ?"

युवती केही उत्तर नदिईं 'नमस्कार' भनेर एउटा पसलभित्र पसी ।

होटलमा फर्केर बाहिर हरियो घाँसको चौरमा विश्राम गरिरहेथें । युवतीसित देखेको बालक रोएको सुनेर म कुर्सी छोड़ेर मैदानको अपर भागमा गएँ । बगैंचालाई सिञ्चन गर्ने दमकलसित खेल्छु भनेर बालक हठ गर्दो रहेछ । "दिन्नँ दमकल, लुगा भिज्छ, मेम साहब रिसाउँछिन्" माली भन्दो रहेछ ।

मलाई देखेर बालकले अंग्रेजीमा भन्यो, "दुष्ट माली ।"

*नुलिया—पूरीको समुद्रमा पौड़ी खेल्न सिकाउने जात विशेष

मैले नेपालीमा उत्तर दिएँ, "छिः, पानी, हिलो, माटो पनि खेल्नुहुन्छ ? फुटबल पो खेल्नु ता।"

बालकले एकचोटि वाल्ल परेर मलाई हेर्‍यो, त्यसपछि चिर्च्याई चिर्च्याई रुन लाग्यो।

मैले काखमा उठाएर फुटबल किनिदिन्छु भन्ने सान्त्वना दिंदै बालकलाई म बसेको ठाउँमा लगें।

अल्लि बेरमै बालक मसित भयाम्मियो। हामी दुई बसेर कुराकानी गर्दै थियौं, हठात् बालककी आमाले हपारिन् "टिटो!"

आमापट्टि टाउको फर्काएर बालकले भन्यो, "यहाँ आऊन आमा!"

आमाले भनिन्, "छिटो आइज, चिया खाने टायम भयो।"

बालकले ढिपी गरेर भन्यो, "आउँदिनँ, तिमी यहाँ आऊन।"

युवती हामी बसेको स्थानमा आई।

"तपाईंसित टिटोको परिचय भयो ? बड़ो दुष्ट छ यो केटो।"

मैले भनें, "किन हुन्थ्यो दुष्ट, बड़ो असल बालक छ। जाऊ टिटो, आमासित।"

टिटोले भन्यो, "मेरो फुटबल ?"

मैले भनें, "फुटबल साँच्चै ल्याइदिन्छु।"

आमाले भनी, "शैतान! जसलाई भेट्यो फुटबलकै कुरा गर्छस्, होइन ? पर्खेस् तँलाई!"

दुइ :

चाँदनी रातको समुद्र औ समुद्रतट। बालुवाकण परिणत भएका छन् शत सहस्र चाँदीका मिहीन दानामा, समुद्रको पानी पगालेको चाँदी-को राशिमा समुद्रको छालले किनारसित ठक्कर खाँदा प्रति-मुहूर्त्त आवाज आउँछ—डुडुम, डुडुम।

होटलबाट बाहिर निक्लेर म समुद्रतटतिर लागें। एकाकी—उद्भ्रान्त बटुवा। समुद्रले निरन्तर डाकिरहेको जस्तो लाग्यो—"आइज, मेरो अतल वक्षमा आइज। यहाँ छ शान्ति, यहाँ छ तृप्ति। यो वक्ष जस्तो विशाल छ, उस्तै छ उदार।"

म निरुद्देश्य टहलिन थालें बगरमा। नग्न गोडा बालुवामा भासिन्छन्। समुद्रबाट सतत बहिरहने चिसो हावाले मेरो मनप्राणमा एउटा नयाँ सिहरन, एउटा अज्ञात अनुभूति जागरण गरिदिन्छ। यत्रतत्र दुइ चारवटा नरनारी बालुवामा पल्टेर प्रकृतिको त्यो नयनाभिराम छटा उपभोग गरिरहेका छन्।

सहसा कसैको सुरिलो कण्ठबाट निक्लेको मधुर गीतले मेरो ध्यान आकर्षित गऱ्यो। म त्यतैपट्टि अग्रसर भएँ।

त्यो नेपाली युवती बालुवामा पल्टेर गाउँदै थिई। त्यसको सङ्गी सिख र अरू एक जना मानिस मग्न भएर सुनिरहेका थिए। धेरै बेरसम्म सास रोकेर मौन, विमुग्ध म त्यसको गीत सुनिरहें।

भोलिपल्ट राती खाना खाने टाइममा त्यो सिख त्यहाँ देखिएन। देखियो हिजो रातीको अर्कै मानिस।

युवती त्यसरी नै सुसज्जित भएर खाने कोठामा आएकी थिई। ऊ-सित आउने मानिसले अंग्रेजी ढाँचाको—खाना खाँदा—लाउने वस्त्र लाएको थियो। ती दुइ बातचीत गर्न लागिरहेथे। कुराकानी सुन्न सक्तिनथें; तर फेरि स्पष्ट बुझें एउटा कुरा। त्यो मानिस अनुनय गर्थ्यो, हात जोड्थ्यो। युवती बारम्बार टाउको हल्लाउँथी—असम्मतिसूचक। त्यसले एक दुइचोटि युवतीको गाला सुम्सुम्याउने चेष्टा गऱ्यो। युवतीले विरक्त भएर हात पर सारिदिई।

बिहान युवती समुद्रतटमा केटीलाई मनोविनोद गराइरहेकी थिई। लाली, लिपस्टिक, पाउडर उसको मोहडामा छैन। सीधासादा वस्त्र।

मातृत्वको जीवन्त मूर्त्ति । संसारका जम्मै समस्यादेखि अति टाढ़ा भएको देखिन्छ उसको मन र प्राण । आमाको मनमा निरन्तर उम्रिरहने जम्मै माया छाती नै रित्तो पारेर शिशुमाथि खन्याएको देखिन्छ ।

मलाई देख्नासाथ टिटो करायो, "खोइ मेरो फुटबल, हँ ?"

युवतीले मलाई नमस्कार गरेर भनी, "नसुन्नोस् यस केटोको कुरा । जसलाई भेट्यो उसैलाई विरक्त पार्छ ।"

मैले भनें, "बालकलाई वचन दिएको छु । फुटबल दिनैपर्छ ।"

युवतीले मलाई बस्ने अनुरोध गरी । हामी तीन जना त्यहाँ बसेर धेरै बेरसम्म कुराकानी गर्‍यौं । टिटो घरि-घरि बालुवाको घर बनाउँछ । मन परेन भनेर भत्काउँछ । पुनः निर्माण गर्छ । मेरो सहायता माँग्छ— आमाको काखभरि बालुवा हालिदिन्छ ।

तीन दिनपछि । साँझमा म बगरमा पल्टेर मेरो सैनिक जीवनको गत परिच्छेद पल्टाएर सोचविचार गर्दै थिएँ । हठात् मेरो ध्यान आकर्षित गर्‍यो, कसैले छेवैमा सुँक्क-सुँक्क गरेर रोएको आवाजले । फर्केर हेरें ।

बालुवामा पल्टेर आकाशपट्टि फर्केर युवती रुँदै थिई । त्यसका आँखाबाट निस्रोत भएका अश्रुजलले दुवै गाला भिजाइदिएका थिए ।

म बिस्तारै उठेर युवतीको छेउमा गएर उभिएँ । युवतीले म त्यहाँ उभिएको शायद थाहा नै पाइन होली । कारण; ऊ पूर्ववत् आकाशतिर हेरेर रोइ नै रही ।

मैले बिस्तारै सोधें, "के भयो, तपाईलाई ? किन रुनुहुन्छ ?"

ठूला-ठूला अश्रुपूर्ण आँखा बिस्तारै पल्टाएर युवतीले मपट्टि एकचोटि म्लान दृष्टिले हेरी । हेरेर केही नभनी अर्कोपट्टि दृष्टि फर्काई ।

के भन्ने हो, कसो गर्ने हो, केही उपाय सोच्न नसकेर म थचक्क त्यहीं बसिरहें । पश्चिम आकाशको भानुलाई अँध्यारोले बिस्तार बिस्तार निल्यो । समुद्रतटमा मानिसहरूको घुँइचो हराइसकेको थियो ।

म मूक समवेदना लिएर युवतीको छेउमा बसेको छु। कुन अज्ञात, मर्मभेदी अतीतको पीडाले युवतीलाई असह्य यन्त्रणा दिइरहेछ–कसले जानोस् ?

एकछिन यसरी मौन रहेर मैले फेरि सोधेँ, "भन्नोस्-न मलाई। किन रुनुहुँदै छ तपाईं ?"

युवती उठेर बसी। साड़ीको फेरले आँसु पुछेर त्यसले एकचोटि दीर्घ निःश्वास तानेर प्रश्न गरी, "तपाईं यहाँ अझै कति दिन बस्नुहुन्छ ?"

मैले उत्तर दिएँ, "अब साता दिन बाँकी छ।"
"त्यसपछि कहाँ ?"
"त्यसपछि कहाँ, केही ठीक गरेको छैन।"
"तपाईं के गर्नुहुन्छ ?"

"म पल्टनमा मेजर थिएँ। लड़ाइँ शेष भयो; सैनिक जीवनसित मैले सधैंभरिका निमित्त बिदा लिएँ। भविष्यमा के गर्ने हो, ठीक छैन।"

यस्तै वेलामा टिटो त्यहाँ आइपुग्यो।

मैले कुरालाई अर्कैपट्टि लैजानलाई सोधेँ "टिटो कस्तो नाम ? किन टिटो भनी डाकेको ?"

मुसुक्क हाँसेर युवतीले उत्तर दिई, "सानूमा टिटोलाई 'छ' उच्चारण गर्न आउँदैनथ्यो। छिटो भनेको टिटो भन्थ्यो। जेसुकै कुरा गर्दा गर्दा पनि, 'टिटो आमा, टिटो' भन्थ्यो र उसको नाम भयो 'टिटो'।"

टिटोलाई फुटबल किनिदिन म उसलाई लिएर शहरतिर लागें। युवती समुद्रतटमा हामीलाई पर्खिरही।

टिटोलाई लिएर म लगत्तै युवती भए-ठाउँमा फर्कें। होटलमा टिटोलाई पुऱ्याएर हामी दुइ फेरि समुद्रतटमा फर्क्यौं।

तीन :

"कति उज्ज्वल छ तपाईंका आँखाको दृष्टि । तर त्यसको अन्तरालमा म देख्छु पानीको निद्रित समुद्र ।"

"नहेर्नोस् मेरा आँखालाई ।"

"किन ?"

"त्यहाँ मेरो विध्वस्त जीवनको कथा निहित छ ।"

"यस्तो रूप, भरखरको यौवन । रहरलाग्दो छोरो । फेरि कसरी भन्नुहुन्छ विध्वस्त जीवन ?"

"म डुँडी, म विधवा । तूफानको पन्छी, ओइलाएको फूल ।"

"संसारमा आज लाखौंका संख्यामा मानिसहरू पीड़ित छन्, क्षुधित छन् । ती हेरी तपाईंको जीवन ता सुखी भन्नुपर्छ ।"

"यो रत्नेशले, जसको बगरमा हामी बसिरहेका छौं, हृदयमा के के लुकाइराखेको छ—कसले भन्न सक्छ ? मेरो हृदयमा के छ, कसरी यो विदीर्ण भएको छ—कसले जान्दछ ?"

हामी दुवै एकछिन मौन रहेर शून्यदृष्टिले बढ्न लागेको अन्धकारलाई हेरिरह्यौं ।

नीरव अन्धकारलाई भङ्ग गर्दै युवतीले हठात् प्रश्न गरी, "सैनिकहरू के जम्मै क्रूर हुन्छन् ?"

"किन हुन्थे क्रूर ? लड़ाइँमा एउटै नीति मात्र चल्छ । मार कि मर । त्यसले मलाई मार्नु अघि मैले त्यसलाई मार्नुपर्छ ।"

"तर विवेक ?"

मैले हाँसेर उत्तर दिएँ, "विवेक, विवेचना हुन्छ जब मानिस रहन्छन् सभ्य समाजमा । लड़ाइँको मैदानमा......"

कुरा काटेर युवतीले भनी "क्रूरता सैनिकहरूको नसा-नसामा भरिएको हुन्छ ।"

"भूल धारणा ।" मैले प्रतिवाद गरें ।

"त्यस्तै क्रूरताले मेरो जीवन विध्वस्त पारिदियो।" युवतीले कम्पित करुण स्वरमा आर्त्तनाद गरी।

"कुनै निर्मम सैनिकले तपाईंका स्वामीलाई मारिदियो ?"

"मेरा स्वामीले मलाई अर्द्धमृत पारिदिनुभयो, निर्दोष एउटा युवकको प्राण लिनुभयो औ आत्मघात गरेर टिटो र मलाई बाटाका भिखारी बनाइदिनुभयो।"

"ईर्ष्या ?", मैले इतस्ततः गर्दै प्रश्न गरें।

"ईश्वर जानून्", युवतीले दीर्घ निःश्वास तानेर उत्तर दिई।

"भनोस्-न के भयो ?"

"ईश्वर तपाईं मान्नुहुन्छ ?" प्रसङ्ग बदलेर युवतीले सोधी।

मैले उत्तर दिएँ, "म न ता आस्तिक, न नास्तिक। ईश्वर मैले देखेको छैन, ईश्वरको अस्तित्व छ भन्न पनि सक्तिनँ, छैन भन्ने प्रमाण पनि मसित छैन।"

"विधिको विधान, हुने हुनामी, नियति भन्ने कुराहरूमा केही सत्य छ ?"

"रत्तिभर छैन।"

"म ईश्वर मान्छु। तर ईश्वरमाथि मेरो विश्वास झण्डै चूर्ण-विचूर्ण भएको छ। नियतिलाई कसैले टार्न सक्तैन रहेछ।"

धीर संयत स्वरमा युवतीले मलाई आत्मकथा सुनाई।

× × × ×

टिटो भरखर दुइ वर्ष पुगेको थियो। शुक्रवार—टिटोको जन्मोत्सव।

वर्ष दिनअघि टिटोको जन्मोत्सव ठूलो समारोहसित मनाएर स्वामी पल्टनमा जानुभएको थियो।

आज फेरि स्वामी आइपुग्नुहुन्छ भन्ने पत्र पाएकी थिएँ। स्वामीको गृहागमन—टिटोको जन्मोत्सव। म जस्ती भाग्यवती नारी अरू को हुन्थी ?

दुइ दिनअघिदेखि सानू कटेरो धोई, पखाली परिष्कार परिच्छन्न पारेर राखेकी थिएँ। फूलका मालाले टिटो र स्वामीका चित्र अलंकृत पारेर पलङ्को छेउमा एउटा टेबलमा राखेको थिएँ।

स्वामीको घरमा लाउने कमीज, पतलुन र स्वेटर पस्याएर पलङमा राखेकी थिएँ और टिटोलाई नयाँ वस्त्र लाइदिएकी थिएँ।

टिटो त्यो मेरो क्षुद्र तर नयनाभिराम आयोजन देखेर कहिले छक्क परेर हेर्थ्यो, कहिले मतर्फ हेरेर मुसुक्क हाँस्दै भन्थ्यो, "टिटो आमा, टिटो।"

म टिटोलाई काखमा लिएर भन्थें, "हुन्छ बाबू ! बा टिटो (छिटो) आउनुहुन्छ।"

उद्विग्न भएर, हृदयबाट उम्लेर पोखिन खोज्ने मायालाई कुनै प्रकार त्यहीं रोकिराख्दै, म स्वामीका प्रतीक्षामा थिएँ।

ढोका ढक्‌ढकाएको आवाज सुनेर टिटोलाई काखमा लिएर म बाहिर दगुरें।

एउटा सिपाही। एकपट्टिको गोडा थिएन। मलेरियाले थर्‌थर् काम्दै ढोकाका अघि थचक्क बस्यो।

अठार वर्षदेखि बदता त्यसको उमेर नहुँदो हो। लड़ाइँले त्यसको बल, त्यसको शौर्य्य, त्यसको यौवन सबै रित्तो पारेर चुसिदिएको—त्यसको दुर्बल शरीर प्रत्यक्ष प्रमाण थियो।

"मेरी एउटी बूढ़ी बज्यै मात्रै छन्। बर्माबाट फर्केको। तिनलाई भेट्न जाँदै थिएँ। कामज्वरोले थलो पार्‍यो।"

टिटोलाई भित्र राखेर मैले त्यो सिपाहीलाई भित्र लगें। आगोले पोलेको जस्तो तात थियो त्यसको शरीर। मैले सिपाहीलाई भूइँमा

ओछ्यान लाइदिएँ। तौलिया पानीमा भिजाएर म त्यसको निधार पुछि-दिँदै थिएँ। टिटो पलङमा बसेर कौतूहलसित ठूला-ठूला आँखा पारेर त्यो दृश्य हेर्दै थियो।

सहसा ढोकामा एउटा व्यक्तिको छाया देखियो। म जुरुक्क उठेर ढोकातिर लागें।

मेरा स्वामी! टिटोका पिता!! वर्ष-दिनपछि लडाइँबाट फर्कनु-भएका!

अधीर, उन्माद भएर म तिनलाई अँगालो हाल्न दगुरें।

"वेश्या, बत्तीसा, तेरो यो कुकर्म स्वयं देखें आँखाले। फेरि गर्न चाहन्छेस् मसित छलना?"—दुइ पाइला पछि सरेर स्वामीले गर्जन गर्नुभयो।

मैले भनें, "भूल बुझ्नुहुँदै छ तपाईंले। सुन्नोस्-न मेरा कुरा।"

सुन्नुभएन स्वामीले मेरा कुरा! म भएँ प्रथम गोलीको शिकार। तिनको पिस्तोलबाट निक्लेको भीषण आवाज र टिटो चिच्याएर रोएको—यति मात्र छ मलाई संझना।

साता दिनपछि अस्पतालमा मेरो होश फर्क्यो। डाक्टरहरूले गोली लागेको देब्रे पाखुरा कुहिनादेखि काटिदिएछन्। डुँडे पाखुराका छेउमा टिटो पल्टेर बारम्बार मलाई डाक्दो रहेछ, "टिटो आमा, टिटो।"

—:*:—

कथा ९	हत्याकारिणी (?)

एक :

अलीपुर जेललाई घेरेको पर्खालको मूल फाटकका अगि दुइ व्यक्ति उत्सुक दृष्टिले कसैको आगमनको प्रतीक्षा गरिरहेका छन्।

दाज्यू र बहिनी दुवैको मुख म्लान छ। आँखामा आशंका छ—उद्वेग छ।

"अभ्र कति पर्खनुपर्छ ?" हातको घड़ी हेरेर बहिनीले सोधी।

दाज्यूले केही उत्तर दिएन। बहिनीको कुममा बिस्तार बिस्तार थाप मार्न लाग्यो।

मूल ढोका उघ्र्यो।

एउटी स्त्री द्रुतगतिले अघि-पछि केही नहेरी बाहिर निस्की।

"भाउज्यू !!" मीनाले दगुरेर उसलाई अँगालो हाली।

"मीना ! स्वामी !!"—अविरल अश्रुधारा पुछ्दै त्यो स्त्री पछि सरी।

पछि सरेर भनी, "जानोस् तपाईंहरू मलाई छोड़ेर।"

यतिञ्जेल त्यो पुरुष काष्ठवत् उभिएर त्यो दृश्य हेरिरहेको थियो।

स्वास्नीको हात समाएर त्यसले भन्यो, "मनु ! पहिले घर हिंड। पछि अरू कुरा गरौंला।"

स्वामीको मूठीबाट हात तानेर दुइ हात जोड़ी स्त्रीले अनुनय गरी, "माफ गर्नोस् मलाई। मेरो कलुषित छाया। तपाईंको पवित्र चरणमा पनि पर्न नपाओस्।"

"जाऊ मीना ! तिमी पवित्र फूल। दाज्यूको हेरचाह गर। म पापिनी, विश्वासघातिनी, हत्याकारिणी !"

स्वामीले त्यसको मुखमा हत्केलाले बुजो लाइदिए। ठूलो प्रेमसित स्वास्नीको बाहु समाएर पर्खिरहेको ट्याक्सीमा उसलाई चढ़ाए।

× × × ×

मानकुमारी, के विश्वासघातिनी औ हत्याकारिणी ?

लड़ाइँले धेरै नेपाली परिवारको जीवन उलटपुलट गराइदियो। मानकुमारीको विश्वासघात, मानकुमारीको क्षणिक दुर्बलता औ मानकुमारीले गरेको हत्या--यी सबै हुन् लड़ाइँले उत्पन्न गराएका वातावरणका फलस्वरूप।

× × × ×

मानकुमारीलाई मैले सर्वप्रथम देखेथें जब ऊ दश वर्षकी बालिका थिई। उसको पाठशालामा त्यस दिन पारितोषिक वितरण थियो। मानकुमारी मञ्चमा नाचेको दृश्य अझै मेरो मनमा स्पष्ट छ। वर्षामा मयूर नाचेजस्तो, छाँगोको पानी बहेजस्तो, फूल मन्द हावामा हल्लिए-जस्तो।

त्यस दिनदेखि जब, जहाँ कुनै जल्सामा नाचगानको आयोजन हुन्थ्यो मानकुमारीको नाच हुन्थ्यो मुख्य आकर्षण। म बेला-बेलामा त्यस्तो आयोजनमा सामेल हुन्थें। मानकुमारीको अन्तर्जात नृत्यकलासित म विमुग्ध हुन्थें।

प्रायः छः वर्षपछि मानकुमारी एक दिन मेरो दफ्तरमा आई। कलेज-को खर्च पुगेन र सरकारी छात्रवृत्तिको दरखास्त ल्याइछ। मैले सिफारिशपत्र लेखिदिएँ।

त्यसपछि मानकुमारीसित झण्डै तीन वर्षपछि साक्षात् भयो, अलीपूर जेलमा।

म कलकत्ता गएथें हाई-कोर्टमा एउटा मुद्दाको अपील लिएर। त्यहाँ जनैक सहपाठी मित्रसित जंकाभेट भयो। आनन्दले अधीर भएर तिनले भने, "कस्तो अहोभाग्य! तिमी जस्तै मानिसको म खोजीमा थिएँ। ठूलो आग्रहसित तिनले मलाई तानेर 'बार लाइब्रेरी'-मा लगे।"

"भाइ, एउटा अनौठो खूनको मुद्दामा खूनीको पक्षमा खड़ा हुनपरेको छ।"

"यो ता हाम्रो दैनिक कार्य हो। यसमा आश्चर्य मान्नुपर्ने के छ र?"

"होइन भाइ, यो मुद्दा जस्तो रोचक छ, उस्तै करुण पनि छ। हत्याकारिणी छ पढ़ेलेखेकी नेपाली स्त्री। स्वामी जवान फौजी अफसर। नाम मानकुमारी।"

मेरो संझनाको पर्दामा मानकुमारी शब्दले मृदु ठक्कर लायो। तर त्यति बेला मानकुमारीको स्मृति त्यहाँ विलुप्त प्रायः भइसकेको थियो।

"जाऊँ न भाइ, एकछिन अलीपूर जेलमा। मलाई तिम्रो मदत चाहियो।"

अलीपूर अदालतको मुद्दाको उल्झनदेखि बाँच्न अनेक चेष्टा गरें, तर मित्रले मानेनन्।

"मुद्दा सुनिने तारीक अब साता दिनपछि छ। तर कसरी त्यो स्त्रीलाई बचाउने हो, बचाउमा के बहस गर्ने हो—केही ठीक मैले गर्न सकेको छैन।" मेरा मित्रले सुस्केरा हालेर भने।

"कारण?"

"खून गरें भन्ने कुरा स्वीकार गर्छे। तर खून किन गरी, भन्न मान्दिन। उसको स्वामीले कति अनुनय गऱ्यो, नन्दले रोएर हात जोड़ी, मैले कति संझाएँ बुझाएँ, तर ऊ अटल छे। हत्या किन गरी—यस विषयमा ऊ एक शब्द पनि मुखबाट निकाल्दिन।"

चुरोटको धूवाँलाई एकछिन ध्यानपूर्वक निरीक्षण गरेर तिनले भने, "तिम्रो स्वजाति। शायद; तिम्रो कुरा सुनिदेलान्। त्यसले मेरो यो अनुरोध। किन उसले हत्या गरी? यो रहस्य बुझ्न पाए मलाई खूनको प्रत्युत्तरमा बहस गर्न सम्भव होला, यो कुरा तपाईंलाई मैले संझाउनुपर्दैन।"

अगत्या म पुगें अलीपूर जेलमा मेरा मित्रसित।

खूनको मुद्दाको अभियुक्तालाई जेलका अधिकारीवर्गले हाम्रा अघि हाजिर गरे।

"तपाईं—तपाईं यहाँ?" स्तम्भित भएर अभियुक्ताले मलाई प्रश्न गरी।

"मानकुमारी, यो के देख्तै छु म? तिमी जेलमा! तिमी खूनको मुद्दामा संलग्न!"

"मिस्टर बोस, किन ल्याउनुभयो यी सज्जनलाई यहाँ? मेरो दुर्दशा म संसारदेखि लुकाइराख्ने लाख प्रयत्न गर्छु। तपाईं मेरा वकील भएर, मेरा सल्लाहकार; त्यो दुर्दशालाई नचाहिएको प्रकाश दिने रातदिन कोशिश गर्नुहुन्छ।"

"तपाईं किन व्यर्थमा हठ गर्नुहुन्छ! तपाईंका स्वामी कसरी जीवन यापन गर्दैछन्। कस्तो मानसिक पीडा र चिन्ताले तिनलाई निरन्तर सताइरहेको छ। सबै तपाईं जान्नुहुन्छ, बुझ्नुहुन्छ। तैपनि तपाईं आफ्नो जिद्दी छाड्नुहुन्न। अनाहकमा आफूलाई आघात पुऱ्याउनुहुन्छ। स्वामीप्रति अत्याचार गर्नुहुन्छ। कसूर मानिस मात्रले गर्छन्। तर न्यायले सोध्छ, जान्ने चेष्टा गर्छ—किन कसूर हुन्छ, किन कसूर भयो?"

"मैले शुरूमै भनें, बारम्बार भनेकी छु, फेरि भन्न चाहन्छु—किन हत्या गरें, म मरे पनि भन्दिनँ।"

मुसुक्क हाँसेर एकछिनपछि त्यसले भनी, "आखिर हत्याको अभियोग स्वीकार गरेर मर्नलाई त म तयार नै छु।"

दुइ :

मैले मानकुमारीलाई सोधें, "किन तिमी आफ्ना वकीललाई सबै खोलेर बताउँदिनौ ?"

मानकुमारीले कुरा अर्कोपट्टि लगी। "मेरो दुर्भाग्यको सीमा छैन। नभए तपाईं जस्ता सज्जनले किन व्यर्थमा जडित हुनुपर्थ्यो यस्तो लज्जाजनक विषयमा।"

प्रायः आधा घण्टा तर्कवितर्क जारी रह्यो। अन्त्यमा हार मानेर मानकुमारीले मलाई हत्या-सम्बन्धी घटना संयोग विस्तारपूर्वक बताई।

× × ×

स्वामी लड़ाइँको मैदानमा—अफ्रिकाको मरुभूमिमा। सुदूर ट्युनिसिया देशमा। म अलीपूरमा दुइटा कोठा भाड़ामा लिएर बस्थें।

सानैदेखि नाच मलाई औधी मन पर्थ्यो। मेरा नसा-नसामा नृत्यको तालले उत्ताल तरङ्ग पैदा गर्थ्यो। नाच्न थाल्दा म संसारदेखि अति टाढ़ा, अर्कै लोकमा पुग्थें।

गरीब परिवारमा जन्मेकी। घरको काम-धन्धा जम्मै आफ्नै हातले गर्नुपर्थ्यो। सानैमा आमालाई हराएकी, बालाई पकाई, खुवाई अफिस पठाएर म पढ्न जान्थें। आइ० ए० क्लाससम्म कष्टले पढें। त्यसभन्दा अगि पढ्न सकिनँ।

तर म जीवनका जम्मै दुःख र कष्ट बिर्सन्थें, जब म मञ्चमा उभिएर नाच्न थाल्थें।

अलीपूरको एउटा महल्लामा, जहाँ म बस्थें, जहाँ अहिले मेरा स्वामी मीनासित बस्नुहुँदै छ, सरस्वती पूजाको उपलक्ष्यमा नाचगानको आयोजन भयो।

स्कूल कलेजका कति छात्र-छात्राहरूसित मेरो परिचय थियो। तिनका अनुरोधले विवश भएर म त्यस आयोजनमा नाच्न सहमत भएँ।

स्वामीको बिछोड़ वेदना, एकाकी जीवनको दिकलाग्दो एकनासपन र दैनिक जीवनका सारा समस्या, मञ्चमा उत्रनेबित्तिकै मैले क्षणभरमा बिर्से । के नाचें, कसरी नाचें जान्दिनँ । तर सबैले मेरो तारीफ गरे, मलाई बधाई दिए ।

भोलिपल्ट म कोठामा बसेर एउटा पत्रिकाको पन्ना उल्टाउँदै थिएँ । कसैले ढोका ढकढकाएको आवाज सुनें । उठेर ढोका उघारें ।

त्यो प्रथम साक्षात् । अझै आँखाका अघि झल्झली छ ।

निष्ठुर निर्दयी थिए त्यसका ठूला ठूला आँखा । कपालको बाक्लो केशराशि असंयत । लामो फरफर गर्ने नाक ।

त्यसले नमस्कार गऱ्यो । मैले ढोका आधा बन्द गरेर त्यसलाई सोधें, "तपाईं कसलाई खोज्नुहुँदै छ ? शायद; भूलले यहाँ आउनुभयो होला ।"

त्यो मानिसले हाँसेर उत्तर दियो, "किन ढोका बन्द गर्नुहुन्छ ? म कोही चोर गुण्डा ता होइनँ ?"

मैले भनें, "म स्वास्नीमानिस, एकाकिनी । स्वामी परदेशमा हुनुहुन्छ । परपुरुषलाई म कोठामा पस्न दिन सक्तिनँ ।"

त्यसले भन्यो, "पर किन हुन्थें ? तपाईं दार्जीलिङ्गकी नेपाली स्त्री—म नेपालको नेपाली ।"

मैले भनें, "जानोस् तपाईं—तपाईंसित मेरो परिचय छैन ।" मैले बलपूर्वक ढोका थुनिदिएँ ।

दुइ दिनपछि म एस्प्लानेडमा ट्रामबाट ओर्लेकी थिएँ । हठात् त्यो मानिस मेरा अघि उपस्थित भयो । नमस्कार गरेर त्यसले सोध्यो, "तपाईं श्रीमती मानकुमारी हुनुहुन्न ?"

केही उत्तर नदिई म 'न्यू मार्केट' तिर लागें ।

मार्केटमा चाहिने चीजहरू किनेर बाहिर निस्केथें फेरि त्यो मानिससित भेट भयो ।

"आउनोस् न मेरो मोटरमा — म पुऱ्याइदिन्छु ।"

"असभ्य पाखे ! जानोस् तपाईं, तपाईंको मोटरसित……"

"मेरो कसूर, माफ गर्नोस्। तर मैले तपाईंको अपमान गरेको होइन। म कलकत्तामा कला सिक्दै छु। अस्ति तपाईंको नृत्यकला देखेर म चमत्कृत भएँ। तपाईंसित होइन, तपाईंको कलासित म आकृष्ट छु।"

यसरी त्यसको र मेरो बीचमा प्रलयंकारी परिचयको सूत्रपात भयो।

म एकाकिनी—जीवनसित दिक्दारी लाग्थ्यो। स्वामीको सम्झनाले निरन्तर व्याकुल पार्थ्यो। आफ्नो भन्नु नन्द मीनाबाहेक कोही थिएन। ऊ पनि देहरादुनमा।

त्यो मानिस सधैं आउँथ्यो। कलाको, साहित्यको, सामाजिक संस्कारको, सिनेमा थिएटर इत्यादिको चर्चा गर्थ्यो। हामी तर्क-वितर्क गर्थ्यौं।

समय कसरी बित्यो, थाहै पाइनँ। हाम्रो सम्बन्ध कति गाढ़ा, कति घनिष्ठ भैसकेछ, चालै पाइनँ।

एक दिन सिनेमा हेरेर हामी धकुरिया झीलमा गयौं। अलि-अलि अँध्यारो थियो त्यां राती। त्यस दिन मेरो हृदयमा हाहाकार थियो— आतंकले म उन्माद थिएँ। स्वामीलाई सख्त चोट लागेको छ, उहाँ अस्पतालमा हुनुहुन्छ भन्ने खबर पाएकी थिएँ।

सिनेमा लगेर मेरो मन बहलाउन त्यस मानिसले चेष्टा गऱ्यो। धकुरिया झीलको एकान्त कुनामा मलाई प्रबोध दिन लाग्यो।

सहसा पानी पर्न थाल्यो। निमेषमा आँधीबेहरीले भीषण रूप धारण गऱ्यो। नजीकैमा वज्रपात भयो। मेरा आँखा झिमिक्क भए।

जान्दिनँ कसरी भए। मैले आफूलाई त्यसको छातीमा लपेटिएकी पाएँ।

त्यसपछि मेरो पछितोका दिन शुरू भए। शतबार आफूलाई धिक्कार्न लागें। त्यस मानिसदेखि सधैं भागी लुकी लुकी रहन थालें। तर त्यसले मेरो पीछा छोड़ेन।

असह्य घृणाले मेरो हृदय पूर्ण भयो—आफूप्रति औ त्यस मानिस-प्रति।

मेरो क्षणिक दौर्बल्यले गर्दा त्यसले आफ्नो वासना सिद्धि गऱ्यो—

साँचो हो। तर एकै दिन। त्यसपछि मैले त्यसलाई मेरो छेउमा बस्न पनि दिइनँ। त्यसले भने मेरो पीछा गर्न छाडेन। अतएव एक दिन म देहरादुन लागें—सुटुक्क, कसैले चालै नपाई।

तीन महीनापछि स्वामी आरोग्य भएर देहरादुन आइपुग्नुभयो। स्वामी, मीना र म फेरि अलीपूर फ़र्क्यौं।

स्वामीलाई मेरो पापको कुरा, मेरो विश्वासघात, मेरो क्षणिक मोह र भ्रष्टाचारको कुरा भनेर माफी माँग्ने कति चेष्टा गरें, तर सकिनँ।

कति सुखी हुनुहुन्थ्यो स्वामी हाम्रो पुनर्मिलनमा। मेरा काखमा टाउको राखेर भन्नुहुन्थ्यो, "मनु, अफ्रिकाको बालुवामा पल्टँदा म तिमीलाई नै संझन्थें—लड़ाइँको तोप, बन्दूक र बमको तुमुल संघर्षमा पनि म तिम्रै मोहडा देख्थें।"

कसरी, कुन मुटुले स्वामीको त्यो सुखस्वप्न भंग गर्ने? लाखौं प्रयत्न गरें, सकिनँ।

एक दिन स्वामी बाहिर जानुभएको थियो। मीना सिनेमा हेर्न सँगिनीहरूसित गएकी थिई। म घरमा एक्लै थिएँ। ढोका उघारेर त्यो मानिस सरासर पस्यो।

केही इतस्ततः नगरी त्यसले भन्यो, "मानकुमारी! पतिव्रताको स्वाँग तिमीले रचेको सुहाएन। मदेखि धेरै दिन भागी भागी हिड्यौ। तर कहाँ भागौली? कहाँ जान सक्छयौ? छोड्दिनँ म तिमीलाई—पृथ्वीको एक भागदेखि अर्को भागसम्म म तिम्रो पछि लाग्नेछु।"

कति बिन्तीभाव गरें—गोड़ा समाएर अनुरोध गरें। "छोड्नोस् मलाई, बिर्सनोस्। किन मेरो जीवन नष्ट पारिदिनुहुन्छ? किन मेरा स्वामीको सुखमा काँढ़ा बन्नुहुन्छ?"

सुनेन त्यस मानिसले—मानेन मेरा कुरा।

अघि बढ़ेर त्यसले मेरो वक्षःस्थल समाएर म्वाइँ खान खोज्यो। नजीकैमा कटार थियो। मैले त्यो कटार त्यसको छातीमा रोपिदिएँ!

—: ❀ :—